# आवधिक विकास योजना
## (२०७९/८०-२०८४/८५)



# कर्जन्हा नगरपालिका

सिराहा जिल्ला

मधेस प्रदेश, नेपाल

२०८०

# कर्जन्हा नगरपालिकाको आवधिक विकास योजना

(२०७९/८०-२०८४/८५)

## कर्जन्हा नगरपालिका

सिराहा जिल्ला

मधेस प्रदेश

नेपाल, २०८०

# विषय सूचि


| शीर्षक | पृष्ठ |
|---|---|
| १. परिचय | १ |
| १.१ भूमिका | १ |
| १.२ आवधिक योजनाको औचित्य | ३ |
| १.३ कार्यक्षेत्र तथा सीमा | ४ |
| १.४ कार्य विधि | ५ |
| २. कर्जन्हा नगरपालिकाको परिचय | १३ |
| २.१ भौगोलिक अवस्थिति | १३ |
| २.२ कर्जन्हा नगरपालिकाको जनसंख्या | १४ |
| २.३ आर्थिक तथा सामाजिक क्षेत्र | १९ |
| २.४ सामाजिक क्षेत्र | २१ |
| २.४.१ शिक्षा | २१ |
| २.५ पर्यटन तथा उद्योग | २२ |
| ३. समष्टिगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति | २३ |
| ३.१ पृष्ठभूमि | २३ |
| ३.२ सोच, उद्देश्य तथा रणनीति | ३२ |
| ३.२.१ दीर्घकालीन सोच | २३ |
| ३.२.२ नगर विकासको लक्ष्य | २४ |
| ३.२.३ नगर विकासको उद्देश्य | २४ |
| ३.२.४ नगर विकासको रणनीति | २४ |
| ३.२.५ नगरपालिका समृद्धिका मूख्य संवाहक | २५ |
| ३.२.६ सवल पक्ष, सुधारका क्षेत्र, अवसर र चुनौती | २६ |
| ४. समष्टिगत अर्थतन्त्र | ३२ |
| ४.१ पृष्ठभूमि | ३२ |
| ४.२. सार्वजनिक वित्त | ३२ |
| ४.२.१. सार्वजनिक खर्च | ३३ |
| ४.२.२. राजश्व | ३४ |
| ४.२.३ अन्तर सरकारी वित्त | ३४ |

| शीर्षक | पृष्ठ |
|---|---|
| ४.२.४ बैदेशिक सहायता परिचालन | ३५ |
| ४.२.५ सार्वजनिक ऋण | ३५ |
| ४.२.६ जनसहभागिता परिचालन | ३५ |
| ४.३ सार्वजनिक, निजी र सहकारी साझेदारी | ३६ |
| ४.४ वैदेशिक लगानी | ३६ |
| ४.५ आन्तरिक श्रोत (राजश्व) अभिबृद्धिका कार्यकमहरु | ३६ |
| ४.६ सार्वजनिक खर्चमा वित्तिय अनुशासनका कार्यकमहरु | ३७ |
| **५. आर्थिक क्षेत्र** | **३८** |
| ५.१ कृषि तथा पशुपन्छी | ४० |
| ५.१.१ पृष्ठभूमि | ४० |
| ५.१.२ समस्या तथा चुनौती | ४० |
| ५.१.३ लक्ष्य | ४० |
| ५.१.४ कृषि तथा पशुपन्छी सम्वन्ध नीति तथा कार्यक्रमः | ४१ |
| ५.१.५ रणनीति | ४३ |
| ५.१.६ परिमाणात्मक स्थिति | ४३ |
| ५.१.७ अपेक्षित उपलब्धि | ४४ |
| ५.२ सिँचाइ | ४५ |
| ५.२.१ पृष्ठभूमि | ४५ |
| ५.२.२ समस्या तथा चुनौती | ४६ |
| ५.२.३ लक्ष्य | ४६ |
| ५.२.४ रणनीति | ४७ |
| ५.२.५ परिणात्मक स्थिति | ४७ |
| ५.२.६. अपेक्षित उपलब्धि | ४७ |
| ५.३ भूमि व्यवस्था | ४८ |
| ५.३.१ पृष्ठभूमि | ४८ |
| ५.३.२ समस्या र चुनौती | ४८ |
| ५.३.३ लक्ष्य | ४८ |
| ५.३.४ रणनीति | ४९ |

| शीर्षक | पृष्ठ |
|---|---|
| ५.३.५ अपेक्षित उपलब्धि | ४९ |
| ५.४ सहकारी तथा गरिबी निवारण | ४९ |
| ५.४.१ पृष्ठभूमि | ४९ |
| ५.४.२ समस्या र चुनौती | ५० |
| ५.४.३ लक्ष्य | ५० |
| ५.४.४ सहकारी नीति | ५० |
| ५.४.५ रणनीति तथा कार्यनीति | ५१ |
| ५.४.६ परिणात्मक स्थिति | ५१ |
| ५.४.७ अपेक्षित उपलब्धि | ५१ |
| ५.५ उद्योग, वाणिज्य तथा आपूर्ति | ५२ |
| ५.५.१ पृष्ठभूमि | ५२ |
| ५.५.२ समस्या र चुनौती | ५३ |
| ५.५.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य | ५३ |
| ५.५.४ उद्योग, बाणिज्य तथा रोजगार सम्बन्धी नीति : | ४५ |
| ५.५.५ रणनीति | ५५ |
| ५.५.६ परिणात्मक स्थिति | ५५ |
| ५.५.७ अपेक्षित उपलब्धि | ५५ |
| ५.६ संस्कृति तथा पर्यटन | ५६ |
| ५.६.१ पृष्ठभूमि | ५६ |
| ५.६.२ समस्या र चुनौती | ५६ |
| ५.६.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य | ५६ |
| ५.६.४ पर्यटन तथा संस्कृति सम्बन्धी नीति | ५७ |
| ५.६.५ रणनीति | ५८ |
| ५.६.६ परिणात्मक स्थिति | ५८ |
| ५.६.७ अपेक्षित उपलब्धि | ५८ |
| ५.७ श्रम, रोजगारी तथा गरिबी | ५९ |
| ५.७.१ पृष्ठभूमि | ५९ |
| ५.७.२ समस्या र चुनौती | ६० |

| शीर्षक | पृष्ठ |
|---|---|
| ५.७.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य | ६० |
| ५.७.४ रोजगार सम्बन्धी नीति | ६० |
| ५.७.५ रणनीति | ६१ |
| ५.७.६ परिणात्मक स्थिति | ६१ |
| ५.७.७ अपेक्षित उपलब्धि | ६१ |
| ५.८. जोखिम पक्ष तथा अनुमान | ६२ |
| **६. सामाजिक क्षेत्र** | **६३** |
| ६.१ स्वास्थ्य तथा पोषण | ६४ |
| ६.१.१ पृष्ठभूमि | ६४ |
| ६.१.२ समस्या र चुनौती | ६४ |
| ६.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य | ६५ |
| ६.१.४. स्वास्थ्य सम्वन्धी नीति | ६५ |
| ६.१.५ रणनीति | ६६ |
| ६.१.६ परिणात्मक स्थिति | ६६ |
| ६.१.७ अपेक्षित उपलब्धि | ६७ |
| ६.२ शिक्षा, विज्ञान तथा प्रविधि | ६८ |
| ६.२.१ पृष्ठभूमि | ६८ |
| ६.२.२ समस्या र चुनौती | ६९ |
| ६.२.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य | ६९ |
| ६.२.४ शिक्षा सम्बन्धी नीति | ७० |
| ६.२.५ रणनीति | ७२ |
| ६.२.६ परिणात्मक स्थिति | ७२ |
| ६.२.७ अपेक्षित उपलब्धि | ७३ |
| ६.३ युवा, खेलकुद तथा नवप्रवर्तन | ७३ |
| ६.३.१ पृष्ठभूमि | ७३ |
| ६.३.२ समस्या र चुनौती | ७४ |
| ६.३.३ लक्ष्य | ७४ |
| ६.३.४ युवा, खेलकुद तथा मनोरञ्जन सम्वन्धी नीति | ७४ |

| शीर्षक | पृष्ठ |
|---|---|
| ६.३.५ रणनीति | ७५ |
| ६.३.६ परिणात्मक स्थिति | ७५ |
| ६.३.७ अपेक्षित उपलब्धि | ७५ |
| ६.४ महिला, बालबालिका तथा समाज कल्याण | ७५ |
| ६.४.१ पृष्ठभूमि | ७५ |
| ६.४.२ समस्या र चुनौती | ७६ |
| ६.४.३ लक्ष्य | ७६ |
| ६.४.४ रणनीति | ७६ |
| ६.४.५ परिणात्मक स्थिति | ७६ |
| ६.४.६ अपेक्षित उपलब्धि | ७६ |
| ६.५ खानेपानी तथा सरसफाई | ७७ |
| ६.५.१ पृष्ठभूमि | ७७ |
| ६.५.२ समस्या र चुनौती | ७८ |
| ६.५.३ लक्ष्य | ७८ |
| ६.५.४ रणनीति | ७८ |
| ६.५.५ परिणात्मक स्थिति | ७८ |
| ६.५.६ अपेक्षित उपलब्धि | ७८ |
| ७. पूर्वाधार क्षेत्र | ७९ |
| ७.१ भवन, आवास, बस्ती तथा शहरी विकास | ७९ |
| ७.१.१ पृष्ठभूमि | ७९ |
| ७.१.२ समस्या र चुनौती | ८१ |
| ७.१.३ लक्ष्य | ८१ |
| ७.१.४ भवन तथा सहरी विकास | ८१ |
| ७.१.५ रणनीति | ८३ |
| ७.१.६ परिणात्मक स्थिति | ८३ |
| ७.१.७ अपेक्षित उपलब्धि | ८३ |
| ७.२ सडक तथा यातायात व्यवस्था | ८३ |

| शीर्षक | पृष्ठ |
|---|---|
| ७.२.१ पृष्ठभूमि | ८३ |
| ७.२.२ समस्या र चुनौती | ८४ |
| ७.२.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य | ८४ |
| ७.२.४ स्थानीय सडक | ८४ |
| ७.२.५ रणनीति | ८५ |
| ७.२.६ परिणात्मक स्थिति | ८५ |
| ७.२.७ अपेक्षित उपलब्धि | ८५ |
| ७.३ जलस्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा | ८६ |
| ७.३.१ पृष्ठभूमि | ८६ |
| ७.२.२ समस्या र चुनौती | ८७ |
| ७.३.३ लक्ष्य | ८७ |
| ७.३.४ रणनीति | ८७ |
| ७.३.५ परिणात्मक स्थिति | ८७ |
| ७.३.६ अपेक्षित उपलब्धि | ८७ |
| ७.४ सूचना तथा सञ्चार | ८७ |
| ७.४.१ पृष्ठभूमि | ८७ |
| ७.४.२ समस्या र चुनौती | ८८ |
| ७.४.३ लक्ष्य | ८८ |
| ७.४.४ रणनीति | ८८ |
| ७.४.५ परिणात्मक स्थिति | ८८ |
| ७.४.६ अपेक्षित उपलब्धि | ८८ |
| ७.५ जोखिम पक्ष तथा अनुमान | ८९ |
| **८. वन, वातावरण, विपद्व्यवस्थापन तथा अन्तर सम्बन्धित क्षेत्र** | ९० |
| ८.१ वन तथा जैविक विविधता | ९१ |
| ८.१.१ पृष्ठभूमि | ९१ |
| ८.१.२ समस्या र चुनौती | ९२ |
| ८.१.३ लक्ष्य | ९२ |
| ८.१.४ रणनीति | ९२ |

| शीर्षक | पृष्ठ |
|---|---|
| ८.१.५ परिणात्मक स्थिति | ९२ |
| ८.१.६ अपेक्षित उपलब्धि | ९२ |
| ८.२ पोखरी, तालतलैया जलाधार तथा भूसंरक्षण | ९२ |
| ८.२.१ पृष्ठभूमि | ९२ |
| ८.२.२ समस्या र चुनौती | ९३ |
| ८.२.३ लक्ष्य | ९३ |
| ८.२.४ पोखरी ताल, तलैया तथा जलाधार संरक्षण | ९३ |
| ८.२.५ रणनीति | ९३ |
| ८.२.६ परिणात्मक स्थिति | ९३ |
| ८.२.७ अपेक्षित उपलब्धि | ९४ |
| ८.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन | ९४ |
| ८.३.१ पृष्ठभूमि | ९४ |
| ८.३.२ समस्या र चुनौती | ९४ |
| ८.३.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य | ९४ |
| ८.३.४ वातावरण सम्बन्धी नीति | ९५ |
| ८.३.५ रणनीति | ९६ |
| ८.३.६ परिणात्मक स्थिति | ९६ |
| ८.३.७ अपेक्षित उपलब्धि | ९६ |
| ८.४ विपद् व्यवस्थापन तथा जलवायु उत्थानशीलता | ७९ |
| ८.४.१ पृष्ठभूमि | ७९ |
| ८.४.२ समस्या र चुनौती | ७९ |
| ८.४.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य | ७९ |
| ६.४.४ विपद् व्यवस्थापन सम्बन्धी नीति | ९८ |
| ८.४.५ रणनीति | ९९ |
| ८.४.६ परिणात्मक स्थिति | ९९ |
| ८.४.७ अपेक्षित उपलब्धि | ९९ |
| ८.५ जोखिम पक्ष तथा अनुमान | १०० |
| **९. संस्थागत विकास तथा सुशासन** | **१०१** |

| शीर्षक | पृष्ठ |
|---|---|
| ९.१ कानून, न्याय तथा सुशासन | १०२ |
| ९.१.१ पृष्ठभूमि | १०२ |
| ९.१.२ समस्या र चुनौती | १०२ |
| ९.१.३ लक्ष्य | १०२ |
| ९.१.४ संस्थागत विकास, सेवा प्रवाह र सुशासन सम्बन्धी नीति | १०२ |
| ९.१.५ रणनीति | १०४ |
| ९.१.६ परिणात्मक स्थिति | १०५ |
| ९.१.७ अपेक्षित उपलब्धि | १०५ |
| ९.२ संगठनात्मक विकास तथा मानव संशाधन | १०५ |
| ९.२.१ पृष्ठभूमि | १०५ |
| ९.२.२ समस्या र चुनौती | १०५ |
| ९.२.३ लक्ष्य | १०६ |
| ९.२.४ रणनीति | १०६ |
| ९.२.५ परिणात्मक स्थिति | १०६ |
| ९.२.६ अपेक्षित उपलब्धि | १०६ |
| ९.३ स्रोत परिचालन | १०६ |
| ९.३.१ पृष्ठभूमि | १०६ |
| ९.३.२ समस्या र चुनौती | १०६ |
| ९.३.३ लक्ष्य | १०७ |
| ९.३.४ रणनीति | १०७ |
| ९.३.५ परिणात्मक स्थिति | १०७ |
| ९.३.६ अपेक्षित उपलब्धि | १०७ |
| ९.४ तथ्यांक प्रणाली र योजना व्यवस्थापन | १०७ |
| ९.४.१ पृष्ठभूमि | १०७ |
| ९.४.२ समस्या र चुनौती | १०८ |
| ९.४.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य | १०८ |
| ९.४.४ रणनीति | १०८ |

| शीर्षक | पृष्ठ |
|---|---|
| ९.४.५ परिमाणात्मक स्थिति | १०९ |
| ९.४.६ अपेक्षित उपलब्धि | १०९ |
| **१०. योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन** | **११०** |
| १०.१ आर्थिक विकास | ११० |
| १०.२ सामाजिक क्षेत्र | १११ |
| १०.३ भौतिक पूर्वाधार | ११२ |
| १०.४ वन वातावरण तथा विपद् व्यवस्थापन | ११२ |
| १०.५ संस्थागत विकास तथा सुशासन | ११३ |

परिच्छेद एक

# परिचय

## १.१ भूमिका

नेपालमा योजनाबद्ध विकासको थालनी वि.सं.२०१३ सालमा प्रथम पञ्चबर्षीय योजनाबाट भएको थियो। स्थानीय स्तरमा हालसम्मका विकास प्रयासहरूमा कुनै निर्दिष्ट मार्गदर्शन विना योजना तर्जुमा तथा कार्यान्वयन गर्ने परिपाटी रही आएको देखिन्छ। यसबाट के कति ठोस उपलब्धि हासिल भयो भन्ने कुराको बस्तुगत मूल्याङ्कन गर्न कठिनाइ हुनाका साथै स्रोत उपयोगको बास्तविक स्थिति स्पष्ट हुन सकेको थिएन। केन्द्र एवं राष्ट्रिय स्तरबाट भएका प्रयासहरूबाट मात्र स्थानीय विकासको प्रयास पर्याप्त हुँदो रहेनछ भन्ने यथार्थ पनि हाम्रो साम् क्रमशः स्पष्ट हुँदै आएको छ।

विगतमा नगरपालिकाहरूको आवधिक योजनाको तर्जुमा कार्य मुख्यतया शहरी विकास तथा भवन निर्माण विभागको पहलमा भई रहेकोमा हाल आएर संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पनि यो योजना तर्जुमामा सहयोग उपलव्ध गराएको छ। आवधिक योजना तर्जुमा गर्ने क्रममा विभिन्न नमुनाहरूका विकास भएका छन् भने पछिल्लो समयमा तर्जुमा भएका आवधिक योजना सहभागितामूलक योजना तर्जुमाको मूलमन्त्रलाई स्वीकार्दै नगरपालिकाहरूकै नेतृत्वमा तयार भएका छन्। जस अनुसार योजना तर्जुमाका सवै तहमा स्थानीय सरोकारवालाहरूको वृहद् सहभागिता गराउँदै नगरपालिका आफैले छनौट गरेका परामर्शदाता विज्ञहरूको प्राविधिक सहजीकरणमा योजना तर्जुमा गरिएका छन् र कर्जन्हा नगरपालिकाको आवधिक योजना यसै विधि अनुरुप तयार भएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ अनुसार प्रत्येक स्थानीय निकायले आफ्नो क्षेत्रको दिगो विकासका लागि २०/२५ वर्षको दीर्घकालीन सोच राखी कम्तीमा ५/७ वर्षको अल्पकालीन आवधिक योजना तयार पार्नुपर्दछ। राष्ट्रिय योजना

आयोगले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन (२०७८) ले निर्दिष्ट गरेको प्रक्रिया अनुसार नगरपालिकामा हुन सक्ने आर्थिक विकास, शहरीकरण प्रक्रिया लगायतका विभिन्न क्षेत्रगत पक्षहरूको व्यवस्थित विकास गर्न नगरमा उपलब्ध सिमित आर्थिक, सामाजिक तथा मानवीय स्रोत तथा साधनहरूको प्रभावकारी ढंगले उपयोग गर्दै राष्ट्रिय शहरी नीति २०६४ को सक्षम स्थानीय निकाय तथा विकसित संस्थागत तथा कानुनी प्रकृयाद्वारा प्रभावकारी शहरी व्यवस्थापनलाई प्रवर्द्धन गर्ने उद्देश्य परिपूर्ति गर्न नगरको सम्पूर्ण पक्षलाई समेट्ने गरी दीर्घकालीन योजना तर्जुमा गर्नुपर्ने आवश्यकता देखिन्छ ।

नगरको आवश्यकता, अवसर र सम्भावना तथा समष्टिगत आर्थिक, सामाजिक, भौतिक, वातावरण, जोखिम, वित्तीय तथा संस्थागत विश्लेषणका आधारमा तयार पारिएको यस आवधिक योजनाले स्थानीय विकासमा निर्दिष्ट दिशा प्रदान गर्ने विश्वास लिइएको छ। साथै राष्ट्रिय स्तरको पञ्चवर्षीय वा त्रिवर्षीय योजना तर्जुमाका लागि समेत यस दस्तावेजले स्थानीय यथार्थता, दृष्टिकोण र आवश्यकता औंल्याई स्थानीय स्तरको योजना तर्जुमामा मद्दत पुऱ्याउने अपेक्षा गरिएको छ। आवधिक नगर विकास योजना तर्जुमा गर्ने सिलसिलामा उपलब्ध तथ्याङ्कहरूको विश्लेषण तथा सम्पूर्ण सरोकारवाला संस्थाका प्रतिनिधिहरू सम्मिलित भई विभिन्न चरणमा गरिएको सहभागितामूलक कार्यशालाको प्रतिफलहरूका आधारमा यो दस्तावेज तयार गरिएको हो। यसरी तयार गरिएको यस आवधिक नगर विकास योजनाले कर्जन्हा नगरपालिकाको विकासलाई स्थानीय स्तरमा संस्थागत गरी दिगो विकासका अवधारणालाई सहभागितात्मक प्रक्रियासँग आवद्ध गराउन ठूलो मद्दत पुग्ने आशा गरिएको छ । यसले नगरको भौगोलिक विविधता, समग्र विशेषता, सहभागितामूलक तथा समावेशी पक्षहरूलाई समेटेको हुँदा बार्षिक कार्यक्रमहरू यसै अनुसार तर्जुमा गर्न ठोस रुपमा टेवा पुऱ्याउने विश्वास पनि गर्न सकिन्छ।

यसरी कर्जन्हा नगरपालिकाको नेतृत्वमा बैज्ञानिक र सहभागितामूलक पद्धति अवलम्बन गरी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (तत्कालीन स्थानीय विकास मन्त्रालय) को सहयोग र सशक्तीकरण र दिगो विकास मञ्चको प्राविधिक सहजिकरणमा तर्जुमा गरिएको यो पहिलो आवधिक नगर विकास योजनाको दस्तावेज हो ।

## १.२ आवधिक योजनाको औचित्य

नेपालमा शहरी विकासलाई व्यवस्थित एवं निर्देशित गर्न थुप्रै प्रयासहरू भएका छन् । स्ट्रकचर प्लान, भौतिक विकास, पूर्वाधार विकास तथा रणनीतिक योजना यसका उदाहरण हुन भने पछिल्ला दिनहरूमा सहभागितामूलक योजना पद्धितिलाई अगिंकार गर्दै एकीकृत कार्यमूलक योजना तयार भएका छन् । विषेश गरी पछिल्लो समयमा तर्जुमा भएका सहभागितामूलक एकीकृत कार्यमूलक योजना केही हदसम्म कार्यान्वयनमा आए तापनि यसरी तयार भएका अधिकांश योजनाहरू नगण्य मात्रामा मात्र कार्यान्वयनमा आएका छन् । प्रभावकारी योजना तर्जुमा पद्धति, वढ्दो शहरीकरण, विकास निर्माणमा नगरवासीहरूको अत्याधिक मागरचाहना तथा त्यस्ता माग पूर्ति गर्न आर्थिक श्रोतको अत्याधिक अभावका कारण अधिकांश योजनाहरू कार्यान्वयन नभएको अवस्थामा रहेका छन् ।

विगतका धेरैजसो योजनाहरू तथ्याङ्कमा आधारित भएर तर्जुमा भएका छन् । त्यस्ता योजनामा स्थानीय स्तरमा वसोवास गर्ने सवै वर्ग, जाति, समुदाय तथा वस्तीका प्रमुख समस्याहरू प्रतिविम्व नहुँदा र योजना अनुसारका आर्थिक श्रोतको व्यवस्था पनि गर्न नसक्दा यस्ता योजनाहरू कार्यान्वयनमा आउन सकेनन् । पछिल्ला समयमा तर्जुमा भएका सहभागितामूलक एकीकृत कार्यमूलक योजना पनि शिक्षा, स्वास्थ्य, लक्षित समुदाय जस्ता सामाजिक पक्ष, नगरका आर्थिक पक्षहरू, वातावरणीय तथा जोखिम पक्ष, नगरपालिका कार्यालयको वित्तीय पक्ष तथा संस्थागत पक्षहरूलाई समेटेको देखिंदैन र यी योजना प्रमुख रुपमा भौतिक तथा पूर्वाधार विकासमा वढी केन्द्रित भएका छन् । यसरी नै यो योजना नगरको समग्र विकासतर्फ उन्मुख नभई नगरपालिका कार्यालयको वित्तीय श्रोतको आधारमा नगरवासीहरूका तत्कालका सानातिना भौतिक पूर्वाधारका समस्याहरू सम्वोधन गर्ने उद्देश्य अनुरुप तर्जुमा भएको छ ।

यसै सन्दर्भमा स्थानीय स्वायत शासन ऐन, २०५५ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रत्येक नगरपालिकाले नगरका दीर्घकालीन सोच सहितको अन्य क्षेत्रगत पक्षहरूलाई समेटी सम्वन्धित सरोकारवालाहरूको प्रत्यक्ष तथा अर्थपूर्ण संलग्नतामा सहभागितामूलक योजना पद्धति अवलम्वन गरी आवधिक योजना तर्जुमा गर्नुपर्ने र त्यसैका आधारमा वार्षिक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने कानुनी एवं वाध्यात्मक व्यवस्था गरेको छ । यसका अतिरिक्त न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको प्रावधान अनुसार नगरपालिकाहरूको लागि आवधिक योजना न्यूनतम शर्तको रुपमा राखिएको हुँदा

पनि सबै नगरपालिकाहरूका लागि यो योजना तर्जुमा गर्न उतिकै अनिवार्य तथा महत्वपूर्ण हुन गएको छ ।

## १.३ कार्यक्षेत्र तथा सीमा

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६(१) अनुसार नगरपालिकाहरूले अनिवार्य रुपमा गर्नुपर्ने निम्न लिखित कार्यक्षेत्रहरूलाई प्राथमिकताका साथ राख्दै यस आवधिक योजनाको उल्लेखित उद्देश्य प्राप्ती गर्न आवश्यक अन्य थप कार्यक्षेत्रहरू निर्धारण गरिएका छन् ।

१. आर्थिक विकास सम्वन्धी,
२. शिक्षा तथा खेलकुद विकास सम्वन्धी,
३. स्वास्थ्य सेवा सम्वन्धी,
४. उद्योग तथा पर्यटन सम्वन्धी,
५. श्रम तथा रोजगार
६. महिला, बालबालिका तथा समाज कल्याण
७. भौतिक पूर्वाधार निर्माण तथा यातायात सम्वन्धी,
८. भवन, आवास, बस्ती तथा शहरी विकास
९. सडक तथा यातायात व्यवस्था
१०. जलस्रोत, विद्युत तथा वैकल्पिक ऊजा
११. वन, वातावरण, विपद्व्यवस्थापन तथा अन्तर सम्बन्धित क्षेत्र
१२. वन तथा जैविक विविधता
१३. पोखरी, तालतलैया जलाधार तथा भूसंरक्षण
१४. वातावरण तथा फोहोरमैला व्यवस्थापन
१५. संस्थागत विकास तथा सुशासन
१६. संगठनात्मक विकास तथा मानव संशाधन
१७. तथ्यांक प्रणाली र योजना व्यवस्थापन
१८. योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन

यस आवधिक योजनाको उल्लेखित उद्देश्य प्राप्ति गर्नको लागि माथि उल्लेखित कार्य क्षेत्रहरूका अलावा आवधिक योजना तर्जुमा निर्देशिका अनुसार तोकिएका भौतिक, सामाजिक, वातावरण, जोखिम, आर्थिक, वित्तीय, संस्थागत जस्ता सात बिषयगत क्षेत्रगत योजनाहरु सहित समावेश गरी यो आवधिक योजना तर्जुमा गरिएको हुँदा यस वाहेकका अन्य शीर्षकहरू यस आवधिक योजनामा न्यून रुपमा मात्रै समाहित गरिएका छन् ।

यस आवधिक योजनामा भएका विषयहरू मध्ये कानुनी रूपमा नगरपालिकाको कार्यक्षेत्रमा पर्ने विषयहरू नगरपालिकाको पूर्ण नियन्त्रण र निर्देशनमा सञ्चालन हुन सक्छन् भने कतिपय विषयहरूमा नगरपालिकाले पथ प्रदर्शन, सहजिकरण तथा पहल मात्र गर्न सक्दछ । त्यसैले नगरपालिकाको पूर्ण नियन्त्रणमा रहेका क्षेत्रहरूको विस्तृत योजना तयार गरी वार्षिक कार्यक्रमहरू मार्फत कार्यान्वयनमा जानुपर्ने हुन्छ । नगरपालिकाको विकास कार्यक्रममा संलग्न सरकारी तथा गैरसरकारी संस्था, सामुदायिक संघ संस्था र निजी क्षेत्रका साथै केन्द्र, जिल्ला तथा वैदेशिक स्रोतबाट सञ्चालन हुने कार्यक्रमहरूका लागि नगरपालिकाको आवधिक योजनाले नीतिगत आधार र प्राथमिकता तोकी नगरपालिकाले निर्देशित गर्दै सोको यथासक्य कार्यान्वयनको लागि सम्वन्धित निकायहरूमा पहल गर्न पर्ने हुन्छ ।

यसैगरी यो आवधिक योजना तर्जुमा गर्दा राष्ट्रिय योजना तथा क्षेत्रगत विकासका लागि राष्ट्रिय रूपमा तयार गरिएका दीर्घकालीन योजना तथा राष्ट्रिय नीतिहरूसँग तादात्म्यता कायम राख्न प्रयास गरिएको छ । तर सीमित श्रोत तथा साधनको सिमामा रही यो योजना तर्जुमा गर्नुपर्ने हुँदा यस अध्ययनका विश्लेषणहरू अधिकतम द्वितीय तहको तथ्याङ्कमा आधारित रहेका छन् र धेरैजसो परिस्थितिमा यी तथ्याङ्क तथा सूचनाहरू निरन्तर रुपमा अद्यावधिक नहुने हुँदा पुराना तथा प्रक्षेपित तथ्याङ्कको विश्लेषणमा आधारित रहेर योजना तर्जुमा गरिएको छ ।

## १.४ कार्य विधि

तथ्याङ्क तथा सूचनाको आधार तथा योजना तर्जुमाको सवै पक्षमा सवै सरोकार दल, वर्ग, समुदायका प्रतिनिधिहरूको सक्रिय र अर्थपूर्ण सहभागिता तथा संलग्नतामा सहभागितामूलक विधि अवलम्वन गरी यस नगरको प्रथम आवधिक योजना तर्जुमा गरिएको छ ।

योजना तर्जुमामा निर्देशन, सुझाव तथा नेतृत्वदायी भूमिका निर्वाह गर्न निर्देशक समिति, विषयगत योजनाहरू तर्जुमाका लागि राजनीतिक दलको नेतृत्वमा विषयगत उप(समिति, नगरपालिकाका कर्मचारीहरूको संलग्नतामा कार्यदलको गठन भई समितिका पदाधिकारी तथा सम्वन्धित अन्य सरोकारवाला विज्ञहरूको सक्रिय सहभागिता तथा नगरपालिकाको व्यवस्थापनमा यस नगरको अग्रणी क्षेत्र सहितको दीर्घकालीन सोच तथा नगर तहका क्षेत्रगत विकासका कार्यक्रम तथा योजनाहरू तर्जुमा गरिएको छ ।

नगरको विद्यमान अवस्था पहिचान गर्न प्रथम तथा द्वितीय दुवै तहका तथ्याङ्क तथा सूचना सङ्कलन प्रकृया अपनाइएका छन् । सम्वन्धित स्थान विशेषमा गई अन्तर्वार्ता, प्रश्नावली मार्फत प्रथम तहका तथ्याङ्क विशेष गरी भौतिक पूर्वाधारहरूको स्थिति, शिक्षण तथा स्वास्थ्य संस्था, उद्योग कलकारखाना, व्यापार व्यवसाय, वातावरण, नगरपालिका कार्यालयको वित्तीय तथा संस्थागत पक्ष आदिका सूचना सङ्कलन गरिएका छन् ।

यसका अलावा वडागत तहका समस्याहरू सम्वोधन गर्न वडा तहमा वडा भेला र लक्षित वर्ग तथा समुदायका समस्या सम्वोधन गर्न त्यस्ता वर्ग, समुदायसँग भिन्दै अन्तरक्रिया गरी तत् सम्वन्धी समस्या आवश्यकता पहिचान तथा प्राथमिकता निर्धारण गराई सहभागितामूलक योजनाहरू तर्जुमा विधि अपनाईएको छ । यसका अतिरिक्त निर्देशक समिति तथा विषयगत उप-समितिलाई प्राविधिक सहयोग गर्न नगरपालिकाको शाखा प्रमुखहरू तथा परामर्शदाताको संलग्नतामा एक योजना टोलिको गठन समेत गरी स्थानीय तहमै सहभागितामूलक संस्थागत संरचनाको विकास गरिएको छ । यस योजना तर्जुमामा परामर्शदाताद्वारा स्थानीय तहमा स्थापित संस्थागत संरचनाकै निर्देशन, राय तथा सुझावमा विषयगत तथ्याङ्क तथा सूचना संकलन, नगरको नक्सांकन, विश्लेषण, वडा तथा नगर स्तरीय भेला, अग्रणी क्षेत्र, दीर्घकालीन सोच निर्धारण तथा विषयगत समस्या तथा योजना पहिचान जस्ता कार्यको लागि नगर स्तरीय कार्यशालामा सहजीकरण गर्ने कार्यको साथै विषयगत विज्ञहरूको राय दिई आवधिक योजनाको दस्तावेज लेखन गर्ने जस्ता विशेष गरी प्राविधिक सहजिकरण कार्यविधि अपनाईएको छ । आवधिक योजना तर्जुमाको उद्देश्य र कार्यक्षेत्रको अध्ययन पश्चात सो कार्यलाई निर्दिष्ट समयमा सम्पन्न गर्नको निमित्त निम्न लिखित कार्यबिधि अपनाइएको छ ।

## १. पूर्व तयारी

### अभिमुखीकरण

नगरको प्रथम आवधिक योजना तर्जुमा गर्ने क्रममा २०८० वैशाखमा कर्जन्हा नगरपालिका कार्यालयका सम्वन्धित कर्मचारीहरूलाई कर्जन्हा नगरपालिकाको आवधिक योजना तर्जुमा बारे छलफल साथै उहाँहरुको राय संकलन गरिएको थियो ।

### कार्यदलको गठन

कर्जन्हा नगरपालिकाको आवधिक योजना तर्जुमा गर्ने सिलसिलामा नगर प्रमुखको संयोजकत्वमा नगरपालिकाका शाखा प्रमुखहरू तथा परामर्शदाताको प्रतिनिधित्व रहेको “कार्यदल” गठन गरिएको छ ।

## २. तथ्यांक सङ्कलन तथा विश्लेषण

यो योजना नगरको समृद्ध विकासको लागि एक रणनीतिक योजना भएको र तयार गर्नुपर्ने अधिकांश क्षेत्रगत योजनाहरूको लागि नगरवासीहरूको सामाजिक तथा आर्थिक पक्षसँग सम्वन्धित व्यक्तिगत सूचनाहरू खासै आवश्यक नहुँदा योजना तर्जुमा गर्न घर घुरी सर्भेक्षण गरिएको छैन । यस योजना तर्जुमाको लागि आवश्यक सवै तथ्याङ्क तथा सूचना प्रारम्भिक र द्वितीय श्रोतबाट सङ्कलन गरिएका तथ्याङ्कहरूलाई विश्लेषण गर्ने कार्य गरिएको छ । कर्जन्हा नगरपालिकाको नगर वस्तुगत विवरण २०७५ लाई पनि एक प्रमूख आधारकोरुपमा लिइएको छ ।

तथ्याङ्क सङ्कलन गर्ने क्रममा नगरको भौतिक विकास पक्षसँग सम्वन्धी आवश्यक सूचना तथा तथ्याङ्कहरू नगरपालिका लगायत यससँग सम्वन्धित निकायहरूसँग सम्वन्धित तथ्याङ्क लिइएको थियो ।

त्यसैगरी नक्साको लागि भू-उपग्रहबाट खिचिएका तस्वीर, तथा एकीकृत कार्यमूलक योजना अन्तर्गत तयार भएका नक्साहरूको आधारमा विभिन्न विषयगत श्रोत (सडक, यातायत, ढल, खानेपानी, विद्युत, सञ्चार, वातावरण सम्वेदनशील, पर्यटन, वर्तमान भू-उपयोग, नगर विकासका दिशा आदि) नक्साहरू

तयार गरी उक्त नक्साहरू स्थलगत सर्भेक्षण मार्फत परिमार्जन गर्दै अन्तिम श्रोत नक्साहरू तयार गरिएको छ । उक्त श्रोत नक्साका सूचना तथा तथ्याङ्कहरू नगरपालिका कार्यालयको योजना शाखा, सम्वन्धित सरकारी विषयगत निकायहरूसँग प्रत्यक्ष सम्पर्क गरी प्रारम्भिक श्रोतवाटै भौतिक विकास सम्वन्धी नक्साकङ्न गर्ने कार्य गरिएको छ ।

आवधिक योजनामा भौतिक विकास तथा भौतिक पूर्वाधार सम्वन्धित योजना मात्र नभई अन्य विषयगत योजनाहरू समेत तर्जुमा गर्नु पर्ने भएकोले भौतिक योजना वाहेकका सामाजिक, आर्थिक, वातावरणीय, संस्थागत, वित्तीय जस्ता पक्षहरूसँग सम्वन्धी सूचना तथा तथ्याङ्कहरू त्यससँग सम्वन्धित निकायहरूमा गई सङ्कलन गरिएको छ ।

योजना तर्जुमा कार्यको लागि यथेष्ट वजेटको प्रावधान नहुनु, धरधुरी सर्वेक्षणको तथ्याङ्क केन्द्रीय तथ्याङ्क विभाग तथा पछिल्ला प्रतिवेदन कर्जन्हा नगर वस्तुगत विवरण २०७५, नगरवासिहरूको सामाजिक तथा आर्थिक पक्षको सम्वन्धित तथ्याङ्क तथा सूचना यथेष्ट रुपमा उपलव्ध भएको हुँदा त्यही सूचनाहरू सम्वन्धित सरोकारवालाहरूसँग छलफल गर्दै आवश्यकता अनुसारका क्षेत्रमा परिमार्जन गरिएको छ । विषेश गरी घरधुरी सर्भेक्षणवाहेक शिक्षण संस्था, स्वास्थ संस्था, महिला, दलित, लगायत यससँग सम्वन्धित अन्य सूचनाहरू नगरपालिकाको सामुदायिक शाखा, सम्वन्धित संघसंस्था तथा सरोकारवालाहरूसँगको छलफलबाट समेत सङ्कलन गरिएको छ । यसरी जनसंख्या शैक्षिक, स्वास्थ, आर्थिक, रोजगारी, लक्षित समुदायसँग सम्वन्धित तथ्याङ्क तथा सूचनाहरू यसमा सङ्कलन गरी विश्लेषण गर्ने कार्य गरिएको छ ।

यसैगरी वातावरण तथा जोखिम (विपद) पक्ष, फोहर, जल, वायु, ध्वनि प्रदूषणका कारक पक्षहरू, जोखिमयुक्त क्षेत्रहरू वातावरण सम्वेदनशील क्षेत्रहरु, र यससँग सम्वन्धित अन्य सूचनाहरू स्थलगत सर्भेक्षण, नगरपालिकाको योजना शाखा तथा सामुदायिक विकास शाखा, विभिन्न सरोकार संघसंस्था तथा सरोकार व्यक्तिहरूको सहयोगमा समेत प्राप्त गरिएको छ । उद्योग, कलकारखाना, व्यापार व्यवसाय, रोजगारी, वित्तीय संघसंस्था जस्ता आर्थिक पक्षसँग सम्वन्धित सूचनाहरू पनि उद्योग वाणिज्य संघ जस्ता संघसंस्थाहरूसँग प्रत्यक्ष सम्पर्क गरी तथा केही सूचनाहरू सो सम्वन्धी विभिन्न अध्ययन प्रतिवेदनहरू मार्फत सङ्कलन गरिएको छ ।

वित्तीय पक्षसँग सम्वन्धित सूचनाहरू नगरपालिका कार्यालयको आर्थिक प्रशासन शाखा तथा वित्तिय आयोगको प्रतिवेदन मार्फत प्राप्त गरिएको छ । जसमा नगरपालिकाको आन्तरिक आय (सम्पति कर, वहाल कर, व्यवसाय कर लगायतका अन्य करहरू, विभिन्न खालका सेवा शुल्क, सिफारिस दस्तुर, सम्पति वहाल आदि) तथा स्थानीय विकास मन्त्रालयवाट प्राप्त भई रहेका स्थानीय विकास शुल्क तथा केन्द्रीय निकायहरूबाट प्राप्त भई रहेको विभिन्न अनुदान तथा नगरपालिकामा हुने गरेको चालुखर्च प्रशासनिक खर्च, सञ्चालन खर्च अन्य), पुंजिगत तथा विकास खर्च सम्वन्धित तथ्याङ्क तथा सूचना सङ्कलनहरू छन् ।

यस योजनाको उपलव्धिको रुपमा रहेका संस्थागत विकास योजना तर्जुमा गर्नको लागि आवश्यक सूचनाहरू जसमा नगरपालिका कार्यालयको प्रशासनिक संरचना, शाखा उपशाखा, कर्मचारीहरू तथा नगरपालिकामा उपलव्ध विभिन्न खाले उपकरणहरू आदिको सूचनाहरू सङ्कलन गर्ने कार्य गरिएको छ । यसैगरी नगरपालिका क्षेत्रमा कार्यरत विभिन्न साझेदार संस्थाहरू जस्तैः सरकारी, अर्धसरकारी निकायहरू तथा विभिन्न संघसंस्थाहरू, टोल विकास संस्था आदिका विवरणहरू समेत संकलन गरिएको छ ।

यसरी सङ्कलन गरिएका तथ्याङ्क, सूचना तथा श्रोत नक्साहरूको अध्ययन तथा विश्लेषण गर्दे नगरको समग्र एवं दिगो विकासको लागि नगरमा उपलव्ध क्षेत्रगत विषयहरू जस्तैः भौतिक विकास तथा पूर्वाधार विकास, आर्थिक, सामाजिक, समावेशीकरण, गरिवी, वातावरण तथा जोखिम, वित्तीय तथा सस्थागत विकास पक्षसँग सम्वन्धित अवसर, सम्भावना, समस्या र चुनौतिहरू पहिचान गर्ने कार्य भएको छ र यसै अध्ययन तथा विश्लेषण यस आवधिक योजना तर्जुमा गर्ने एक तथ्याङ्कीय आधार वनेको छ ।

माथि उल्लेख भए वमोजिम सहभागितामूलक योजना तर्जुमा पद्धतिमा रही आवधिक योजना तर्जुमा गर्नुपर्ने हुँदा तथ्याङ्कको आधारमा विश्लेषण गरिएका समस्याहरूले नगरवासीहरूको वास्तविक समस्या तथा तत्कालका आवश्कयताहरू प्रतिविम्वीत नहुन पनि सक्दछन् । यसै परिप्रेक्षलाई आधार मानी नगर तथा नगरवासीहरूको वास्तविक समस्या, आवश्यकता तथा स्थान विशेषमा उपलव्ध अवसर

तथा सम्भावनाहरू पहिचान गर्न वडाहरूमा कार्यदलको सक्रियतामा वडा भेलाहरू सञ्चालन गरिएका छन् । यसका अतिरिक्त विशेष गरी लक्षित समूहका सरोकार संघसंस्थाहरूसँग प्रत्यक्ष अन्तरक्रिया गरी त्यस्ता समुदाय तथा वर्गका समस्या तथा आवश्कता पहिचान गर्ने कार्यहरू समेत गरिएको छ । यसरी सङ्कलन गरिएका तथ्याङ्कहरूको सक्षिप्त विवारण तल प्रस्तुत गरिएको छ ।

**वडा भेला**

वडास्तरीय भेलामा विशेष गरी वडागत समस्याको जस्तै सडक, ढल, खानेपानी, स्कुल भवन, स्वास्थ क्लिनिक, वडा कार्यालय, सामुदायिक शौचालय, फोहर व्यवस्थापन, रोजगारी जस्ता पक्षहरू छलफल गरियो । त्यसैगरी वडागत समस्याहरूको पहिचान गरी  प्राथमिकता समेत  निर्धारण गरिएका छन् । साथै वडागत रुपमा आएका समस्याहरूको परामर्श विज्ञ टोलीका सदस्यहरूले स्थलगत भ्रमणको समेत गरी वडागत योजनाहरू तर्जुमा गरिएका छन् ।

**लक्षित वर्ग भेला**

नगरमा रहेको महिला, दलित/ जनजाति वर्ग, पछडा वर्ग, समलिंगीहरूको समस्या सङ्कलन गर्न ती समूहहरूको छुटै भेला गरी समस्या सङ्कलन गरिएको थियो । विशेष गरी यी वर्गहरू नगरमा नगरभेलाको कममा ज्यादै न्यून उपस्थितिको कारणले गर्दा यी वर्गहरूको यर्थाथ समस्याहरू थाहा पाउन गाह्रे हुने भएको ले यी वर्गको छुटै भेला आयोजना गरिएको थियो ।

**३. दीर्घकालीन सोच, अग्रणी क्षेत्र, विषयगत योजना तर्जुमा कार्यशाला गोष्ठी**

दीर्घकालीन सोच, अग्रणी क्षेत्र, क्षेत्रगत विकास रणनीति तथा सूचक निर्धारणको आधारमा आवधिक योजना तर्जुमा गरिने हुँदा योजना तर्जुमाको चरणमा यसको भूमिका अति नै महत्वपूर्ण हुन्छ । तथ्याङ्क तथा समावेशी सहभागितामूलक छलफलको माध्यमबाट यस नगरको अग्रणी क्षेत्र सहितको दीर्घकालीन सोच निर्धारण गर्न निर्देशक समितिको नेतृत्वमा नगरपालिकाले मिति २०८० बैशाख र जेठमा गरी दुई दिने कार्यशालाको आयोजना गरिएको थियो ।

उक्त कार्यशालामा निर्देशक समिति, विषयगत उप(समिति, सवै राजनीतिक दल, विभिन्न वर्ग तथा समुदायका प्रतिनिधिहरू, समाजसेवी, विज्ञ तथा नगर विकाससँग सरोकार राख्ने व्यक्तिहरू बीच वृहद्

छलफल गरी सर्वसम्मत अग्रणी क्षेत्र सहितको दीर्घकालीन सोच निर्धारण गरिएको छ र निर्धारण प्रक्रियाको विवेचना तल गरिएको छ ।

**पहिलो दिन**

मिति २०८० बैशाख १९ गते कर्जन्हा नगरपालिकामा नगरप्रमूख श्री भोलाप्रसाद पोखरेल लगायत वडा अध्यक्षहरु, नगरपालिकाका कर्मचारीहरु लगायत र विभिन्न विषय विज्ञहरुसमेतको उपस्थितिमा कार्याशाला गोष्ठी सम्पन्न भएको थियो । कार्यशालामा उपस्थित सरोकारवालाहरूलाई नगरको सामाजिक, आर्थिक, भौतिक पूर्वाधार, शहरीकरण, वातावरण, जोखिम, वित्तीय तथा संस्थागत क्षेत्रहरूसँग सम्वन्धित पक्षहरूको जानकारी दिने उद्देश्य वमोजिम यस योजना तर्जुमाको दौरानमा सङ्कलन गरिएका क्षेत्रगत तथ्याङ्क तथा सूचनाहरूको प्रस्तुति परामर्शदाताद्वारा गरिएको थियो । प्रस्तुतिकै सन्दर्भमा  नगर विकासको लागि नगर तथा यसका आसपास ग्रामीण क्षेत्रहरूमा उपलव्ध अवसर तथा सम्भावनाहरू, यसका समस्या तथा चुनौतिका साथै विभिन्न विषयका श्रोत नक्साहरूको समेत प्रस्तुति गरिएको थियो । यसैगरी लक्षित समुदाय तथा वडागत भेलामा पहिचान भएका सवै खाले समस्या तथा आवश्यकताहरू सहभागीहरूलाइ जानकारी गराउन सो विषयको पनि प्रस्तुति गरिएको थियो ।

यसरी परामर्शदाता मार्फत नगरका विभिन्न पक्षहरू, नगर विकासका अवसर तथा सम्भावनाहरूको वस्तुगत जानकारी गराइए पश्चात प्रथम नगर भेलामा पहिचान भएका यस नगरको आर्थिक विकासका सम्भावित अग्रणी क्षेत्रहरू कृषि तथा कषि उद्योग, धार्मिक पर्यटन केन्द्र के कति कारणले अग्रणी क्षेत्र हुन सक्छन् भनी विज्ञहरूद्धारा कार्यपत्रहरूको प्रस्तुति गरिनुका साथै वृहद छलफल गरिएका थियो ।

**दोश्रो दिन**

मिति २०८० असार २ गते कर्जन्हा नगरपालिकामा नगरप्रमूख श्री भोलाप्रसाद पोखरेल लगायत वडा अध्यक्षहरु, नगरपालिकाका कर्मचारीहरु लगायत र विभिन्न विषय विज्ञहरुसमेतको उपस्थितिमा कार्याशाला गोष्ठी सम्पन्न भएको थियो । यस गोष्ठीमा सम्भावित अग्रणी क्षेत्रहरू कृषि तथा कृषि उद्योग र धार्मिक पर्यटनको सन्दर्भमा आवश्यक तथ्याङ्क, सूचना तथा विज्ञहरूका तर्कहरू समेत प्राप्त भए पश्चात उक्त सम्भावित अग्रणी क्षेत्रहरूबारे सहभागीहरूको विचार प्राप्त गर्न सवै सहभागीहरूलाई

सम्भावित तीन क्षेत्रहरूः कृषि तथा कृषि उद्योग र धार्मिक पर्यटन समूह विभाजन गरी समूह कार्य गराईको थियो । उपलब्ध सूचना तथा विज्ञहरूद्वारा प्रस्तुति माथि समूहगत छलफल गर्दै सम्भावित अग्रणी क्षेत्रलाई अझ परिस्कृत गर्दै सहभागीहरू माझ आ(आफनो समूहको प्रस्तुति गरिएको थियो । यसरी भएका प्रस्तुति उपर सवै सहभागीहरू बीच छलफल, वहस तथा आ(आफना विचार व्यक्त गर्दै नगरको आर्थिक विकासको सन्दर्भमा साझा अग्रणी क्षेत्रहरूमा सर्वसम्मत निर्णय भएको थियो । यसका अलावा समूहले नगरको अग्रणी क्षेत्रको प्राप्त गर्ने क्रममा हुन सक्ने समस्या तथा मुद्दा सम्वन्धी गहन छलफल गरी यसको समाधानका लागि सम्भावित योजनाहरू पहिचान गर्ने कार्य गरेका थिए ।


यसैगरी योजना तर्जुमाको लागि गठन भएका विषयतग समितिको नेतृत्वमा आफ्नो विषयसँग सम्वन्धित निकाय, स्थानीय विज्ञहरू र कार्यशालामा उपस्थिति सहभागिहरूलाई सात वटा सूहमा विभाजन गरी आफनो विषयसँग सम्वन्धित विषयगत समस्याहरू तथा मुद्दा सम्वन्धी गहन छलफल गरी यसको समाधानका लागि सम्भावित योजनाहरू पहिचान गर्दै सवै सहभागी उपस्थितिमा छलफल गर्दै अन्तिम योजना पहिचान गर्ने कार्य गरेका थिए ।

परिच्छेद दुई

# कर्जन्हा नगरपालिकाको परिचय

## २.१ भौगोलिक अवस्थिति

कर्जन्हा नगरपालिका मधेस प्रदेश, सिराहा जिल्लामा अवस्थित छ । कर्जन्हा नगरपालिका प्रदेश नं. २ अन्तरगत सिराहा जिल्लामा अवस्थित बहुल विशेषता बोकेको नगरपालिका हो । साविकका कर्जन्हा, बडहरामाल, कल्याणपुर कालाबञ्जर र गौताडी गाविस हरू मिलेर बनेको यो नगरपालिका ७६.८४ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ ।




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग

Projection System: MUTM, Spheroid - Everest 1830
MoFALD, 2074

कर्जन्हा नगरपालिका २६ डिग्री ४८ मिनेट ४१ सेकेण्ड उत्तर देखि २६ डिग्री ५६ मिनेट ६ सेकेण्ड उत्तरी अक्षांश र ८६ डिग्री ८ मिनेट ० सेकेण्ड पूर्व देखि ८६ डिग्री १४ मिनेट ५७ सेकेण्ड पुर्वी देशान्तरमा फैलिएको छ। नगरको तापक्रम अधिकतम ३८ डिग्री सेल्सियस पुग्छ भने न्यूनतम तापक्रम १० डिग्रीसम्म हुन्छ । यस नगरपालिकाको कार्यालय सिराहा जिल्लाको जिल्ला सदरमुकाम लाहान देखि करीब ३४ किमीको दुरीमा अवस्थित छ । सिराहा जिल्लाको पश्चिम सिमान्तक यस नगरपालिकाको पूर्वमा मिर्चैया नगरपालिका, दक्षिणमा कल्याणपुर नगरपालिका र उत्तरमा उदयपुर जिल्लासँग सिमाना जोडिएको छ। पश्चिममा कमला नदीले धनुषा जिल्ला सँगको सीमाना छुट्याएको छ। यस नगरपालिकाको कूल क्षेत्रफल ७६.८३ वर्ग किमी रहेको छ। यसले जिल्लाको कूल क्षेत्रफल (११४०.५७ वर्ग कि.मी.) को ६.७४ प्रतिशत भूभाग ओगटेको छ । वडा अनुसार गाउपालिकाको क्षेत्रफल निम्न अनुसार रहेको छ।

## २.२ कर्जन्हा नगरपालिकाको जनसंख्या

जनगणना २०७८ को अनुसार नगरपालिको कुल जनसंख्या ३८ हजार ५५७ रहेको छ जसमा पुरुष जनसंख्या १८ हजार ६४९ छ भने महिला जनसंख्या १९ हजार ९०८ रहेको छ । लैंगिक अनुपात ९३.६८ हुन आउँछ। कर्जन्हा नगरपालिकामा ८२८९ घरधुरी रहेका छन् भने जनघनत्व ५०२ रहेको छ । पालिकाको औषत परिवार संख्या ४.६५ रहेको छ । उमेर समूह अनुसारको जनसंख्या तालिका २.१ मा प्रस्तुत गरिएको छ। तथ्यांक अनुसार १४ वर्ष मुनीका जनसंख्या झण्डै ३४ प्रतिशत रहेको छ भने १५ वर्षदेखि ५९ वर्षसम्मको जनसंख्या ५७ प्रतिशत रहेको देखिन्छ। यस हिसावले पालिकाले जनसांख्यिक लाभ लिनसक्ने सम्भावना उच्च छ।

### तालिका २.१: कर्जन्हा नगरपालिकाको उमेर समूह अनुसारको जनसंख्या

| उमेर समुह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ९५+ | १४ | १३ | २७ | ०.०७ |
| ९०-९४ | १७ | १४ | ३१ | ०.०८ |
| ८५-८९ | ३३ | २७ | ६० | ०.१६ |
| ८०-८४ | ५८ | ६४ | १२२ | ०.३२ |
| ७५-७९ | १८४ | १७८ | ३६२ | ०.९४ |
| ७०-७४ | ४३४ | ३९५ | ८२९ | २.१५ |
| ६५-६९ | ५४२ | ५१४ | १०५६ | २.७४ |

| उमेर समुह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ६०-६४ | ५६८ | ६१८ | ११८६ | ३.०८ |
| ५५-५९ | ६९९ | ६११ | १३१० | ३.४० |
| ५०-५४ | ८०२ | ८५८ | १६६० | ४.३१ |
| ४५-४९ | ७७९ | ८९६ | १६७५ | ४.३४ |
| ४०-४४ | ८७० | १०५३ | १९२३ | ४.९९ |
| ३५-३९ | १०६८ | १४४० | २५०८ | ६.५० |
| ३०-३४ | १००४ | १४४४ | २४४८ | ६.३५ |
| २५-२९ | ११९९ | १७७९ | २९७८ | ७.७२ |
| २०-२४ | १५३९ | २११९ | ३६५८ | ९.४९ |
| १५-१९ | १८६२ | १८०६ | ३६६८ | ९.५१ |
| १०--१४ | २१२४ | १९३२ | ४०५६ | १०.५२ |
| ०५--०९ | २४७१ | २१९२ | ४६६३ | १२.०९ |
| ००--०४ | २३८२ | १९५५ | ४३३७ | ११.२५ |
| **जम्मा** | **१८६४९** | **१९९०८** | **३८५५७** | **१००.००** |

*स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय*

वार्डका आधारमा हेर्दा वार्ड दुईमा सबैभन्दा बढी अर्थात ५ हजार ४५ जनसंख्या रहेको छ भने सबैभन्दा कम जनसंख्या वार्ड ९ मा २ हजार ५७७ मात्र रहेको छ। वार्डअनुसार महिला पुरुष जनसंख्या तालिका २.२ मा प्रस्तुत गरिएको छ।

**तालिका २.२: कर्जन्हा नगरपालिकाका वडा अनुसार जनसंख्या**

| वार्ड | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | १२५८ | १४५१ | २७०९ |
| २ | २४८३ | २५६२ | ५०४५ |
| ३ | २१३४ | २२९४ | ४४२८ |
| ४ | १३९८ | १४८३ | २८८१ |
| ५ | १२६१ | १३४२ | २६०३ |
| ६ | २१३३ | २१९० | ४३२३ |
| ७ | २०१७ | २१३६ | ४१५३ |
| ८ | १४१९ | १६५१ | ३०७० |
| ९ | १२३३ | १३४४ | २५७७ |
| १० | १७८६ | १८८६ | ३६७२ |
| ११ | १५२७ | १५६९ | ३०९६ |
| **जम्मा** | **१८६४९** | **१९९०८** | **३८५५७** |

*स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय २०८०*

पालिकामा विभिन्न जातजातिको बसोबास रहेको छ । जातीय तथा भाषिक विविधता रहेको यस नगरपालिकामा मुख्यता दलित (सबैभन्दा धेरै), क्षेत्रीय, ब्राह्मण, यादव, गुप्ता, दास, मुसहर, मुसलमान, राई, मगर र अन्य जातजातिहरुको बसोवास रहेको छ भने मैथिली, नेपाली, उर्दू, हिन्दी आदि भाषा बोलिन्छन्

**तालिका २.३: कर्जन्हा नगरपालिकाको विभिन्न जातजाति अनुसारको जनसंख्या**

| जातजाति | जम्मा जनसंख्या | पुरुष | महिला |
|---|---|---|---|
| सबै जातजाति | ३८५५७ | १८६४९ | १९९०८ |
| क्षेत्री | १६४३ | ७८१ | ८६२ |
| पहाडे ब्राम्हण | ९७२ | ४९८ | ४७४ |
| मगर | ३६५ | १६० | २०५ |
| थारु | ४५ | २० | २५ |
| तामाङ | ८६३ | ४१० | ४५३ |
| नेवार | २९३ | १३१ | १६२ |
| विश्वकर्मा | ४९१ | २३२ | २५९ |
| मुशलमान | १६३१ | ७६६ | ८६५ |
| यादव | ३९५२ | १९६७ | १९८५ |
| राई | ३९५ | १८९ | २०६ |
| गरुङ | ५५ | २८ | २७ |
| परियार | २४६ | ११४ | १३२ |
| ठकुरी | ६२ | ३४ | २८ |
| मिजार | १९ | १० | ९ |
| तेली | १८१२ | ८९९ | ९१३ |
| चमार, हरिजन, राम | १५३६ | ७२३ | ८१३ |
| कोइरी, कुशवाह | २२०१ | १०६६ | ११३५ |
| मुसहर | ३५३४ | १७२९ | १८०५ |
| कुर्मी | २७६ | १३६ | १४० |
| सन्यासी, दशनामी | ७५ | ४१ | ३४ |
| धानुक | ६३३ | ३०५ | ३२८ |
| दुसध, पाशवान, पाशी | ३६७४ | १७३० | १९४४ |
| मल्लाह | १७६३ | ८५१ | ९१२ |
| केवत | ६४७ | ३०२ | ३४५ |
| कथाबनियन | ३० | १५ | १५ |
| तराई ब्राम्हण | ११२ | ५४ | ५८ |
| कलवार | ११४ | ६० | ५४ |
| कुमाल | १८ | ८ | १० |
| घर्ती, भुजेल | ५८ | २७ | ३१ |

| जातजाति | जम्मा जनसंख्या | पुरुष | महिला |
|---|---|---|---|
| हजाम, ठाकुर | ४७१ | २२७ | २४४ |
| धोवी | १३ | ५ | ८ |
| तत्मा, तत्वा | १५४६ | ७६५ | ७८१ |
| लोहार | १६० | ८१ | ७९ |
| खत्वे | १५ | ५ | १० |
| सुन्डी | २१३५ | १०६४ | १०७१ |
| दनुवार | २४४६ | १११६ | १३३० |
| हलुवाइ | २३२१ | ११५३ | ११६८ |
| माझी | २८ | १३ | १५ |
| बराई | २३८ | १०९ | १२९ |
| बिन | १८० | ८५ | ९५ |
| नुनिया | १३ | ७ | ६ |
| सुनार | १३१ | ५९ | ७२ |
| कुम्हर | २६ | १५ | ११ |
| सुनुवार | ४४ | १७ | २७ |
| बन्तार, सरदार | ३४ | १३ | २१ |
| कायस्थ | ५८ | २८ | ३० |
| राजपुत | ३९ | २३ | १६ |
| लोध | ५० | २६ | २४ |
| बधाइ, बाधी | १९७ | १०० | ९७ |
| गडेरी भेडियार | ३३० | १६८ | १६२ |
| माली | ४२ | २१ | २१ |
| डोम | ९५ | ४५ | ५० |
| अमात | १५९ | ६९ | ९० |
| नटुवा | १५२ | ७५ | ७७ |
| हायु | १६ | ८ | ८ |
| कलर | १६ | ९ | ७ |
| रौनियार | ४२ | २५ | १७ |
| अन्य | १३ | ६ | ७ |
| अन्य देशका | ३२ | २६ | ६ |

*स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय २०८०*

पालिकामा हिन्दुहरुको बाहुल्यता रहेको छ भने वौद्ध, इश्लाम, किरात र क्रिश्चियन धर्म मान्ने जनसंख्या पनि रहेको छ ।

तालिका २.४: धर्म अनुसार जनसंख्या

| | सबै जनसंख्या | धर्म | | | | |
|---|---|---|---|---|---|---|
| | | हिन्दु | वौद्ध | इश्लाम | किरात | क्रिश्चियन |
| जम्मा जनसंख्या | ३८५५७ | ३५६९२ | ८३० | १६५४ | २११ | १७० |
| पुरुष | १८६४९ | १७३०१ | ३८६ | ७८० | १०६ | ७६ |
| महिला | १९९०८ | १८३९१ | ४४४ | ८७४ | १०५ | ९४ |

*स्रोत: राष्ट्रिय तथ्यांक कार्यालय २०८०*

पालिकामा सबैभन्दा बढी जनसंख्याको मातृभाषा मैथली रहेको छ भने त्यसपछि नेपाली माृभाषीहरु उच्च रहेका छन् । तालिका २.५ मा मातृभाषी अनुसारको जनसंख्या प्रस्तुत गरिएको छ ।

तालिका २.५ मातृभाषा अनुसार जनसंख्या

| | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| सबै | ३८५५७ | १८६४९ | १९९०८ |
| नेपाली | ४३८१ | २११२ | २२६९ |
| मैथली | ३०५४८ | १४८१२ | १५७३६ |
| भोजपुरी | १३ | ७ | ६ |
| थारु | ११ | ५ | ६ |
| तामाङ | ६८० | ३२३ | ३५७ |
| नेवारी | ६७ | ३३ | ३४ |
| मगर | १४७ | ६० | ८७ |
| डोटेली | १३ | ७ | ६ |
| उर्दु | ६० | ३२ | २८ |
| गुरुङ | १८ | ७ | ११ |
| राई | १०३ | ५५ | ४८ |
| वान्तवा | ११ | ५ | ६ |
| हिन्दी | ६० | ३३ | २७ |
| चाम्लिङ | ६२ | ३३ | २९ |
| दनुवार | ७५७ | ३५८ | ३९९ |
| सुनुवार | २३ | ७ | १६ |
| मगही | १५१० | ७१८ | ७९२ |
| बहिङ बयुङ | १२ | ४ | ८ |
| जेरो, जेरुङ | ३१ | १४ | १७ |
| तिलुङ | १० | ५ | ५ |

| | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| मुशलमान | १४ | ५ | ९ |
| अन्य | २६ | १४ | १२ |

*स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय २०८०*

## २.३ आर्थिक तथा सामाजिक क्षेत्र

कुल जनसंख्या ३८ हजार ५ सय ५७ भएको कर्जन्हा नगरपालिकामा ८ हजार २ सय ८९ घरधुरी रहेका छन् । यी मध्ये आफ्नै घर भएका परिवार संख्या ८ हजार १ सय १६ रहेको छ भने ९८.५ प्रतिशत घरधुरीमा विद्युतको पहुँच पुगेको छ । पालिकाको साक्षरता दर ६१.८ प्रतिशत रहेको छ जसमा पुरुष साक्षरता ७०.४ प्रतिशत र महिला साक्षरता ५४.० प्रतिशत रहेको छ। पालिकाको कुल गार्हस्थ्य उत्पादन चार अर्ब ४५ लाख रुपैयाँ बराबरको रहेको छ भने प्रतिव्यक्ति आय सात सय ९९ अमेरिकी डलर रहेको छ। पालिकाको बहुआयामिक गरीबी दर ४७.९ प्रतिशत रहेको छ। पालिकाको मानव विकास सूचांक ०.५१ र लैंगिक विकास सूचांक ०.७८६ रहेको छ।

**तालिका २.६: कर्जन्हा नगरपालिकाको आर्थिक सामाजिक अवस्था**

| विवरण | परिमाण |
|---|---|
| नगरपालिकाको क्षेत्रफल (वर्ग कि.मि.) | ७६.८४ |
| जनसंख्या | ३८५५७ |
| घरधुरी | ८२८९ |
| औसत परिवार संख्या | ४.६५ |
| जनघनत्व | ५०२ |
| आफनै घर भएका घरधुरी (परिवार) | ८१६६ |
| कुल गार्हस्थ्य उत्पादन (रु. दश लाख) | ४००४.५ |
| प्रतिव्यक्ति आय (अमेरिकी डलर) | ७९९ |
| आर्थिकरुपले सक्रिय जनसंख्या (१० वर्षभन्दा माथिका) प्रतिशत | ५९.२ |
| साक्षरता दर | ६१.८ |
| साक्षरता दर (पुरुष) | ७०.४ |
| साक्षरता दर (महिला) | ५४.० |
| बहुआयामिक गरिबीदर (प्रतिशत) | ४७.९ |
| मानव विकास सूचांक | ०.५१ |
| मानव विकास सूचांक (पुरुष) | ०.५५८ |
| मानव विकास सूचांक (महिला) | ०.४३९ |
| लैंगिक विकास सूचांक | ०.७८६ |
| लैंगिक असमानता सूचांक | ०.५०३ |

| विवरण | परिमाण |
|---|---|
| विद्युतको पहुँच भएका घरधुरी (प्रतिशत) | ९८.५ |
| आफ्नो स्वामित्वमा घरजग्गा भएका महिला (प्रतिशत) | ९.१ |
| आफ्नो स्वामित्वमा घरमात्र भएका महिला (प्रतिशत) | १.४ |
| आफ्नो स्वामित्वमा जग्गा मात्र भएका महिला (प्रतिशत) | ९.८ |

औद्योगिक वर्गीकरण अनुसार पालिकाको कुल गार्हस्थ्य उत्पादनमा कृषि, वन तथा मत्स्यपालन क्षेत्रको योगदान ३७.२ प्रतिशत रहेको छ भने त्यसपछि थोक तथा खुद्रा व्यापार। मोटर तथा मोटर साइकल मर्मत क्षेत्रको १३.१ प्रतिशत र शिक्षा क्षेत्रको १० प्रतिशत योगदान रहेको छ। अन्य क्षेत्रको योगदान दश प्रतिशतभन्दा कम रहेको देखिन्छ। तालिका २.७ मा औद्योगिक वर्गीकरण अनुसार

**तालिका २.७: औद्योगिक वर्गीकरण अनुसार पालिकाको कुल मुल्य अभिवृद्धि (रु. दश लाखमा)**

| औद्योगिक वर्गीकरण | २०७८/७९ | प्रतिशत |
|---|---|---|
| कृषि, वन तथा मत्स्यपालन | १४९०.२ | ३७.२ |
| खानी तथा उत्खनन् | १२.० | ०.३ |
| उद्योग | २३६.४ | ५.९ |
| विद्युत ग्याँस, वाष्प तथा एअर कन्डिसन | २४.० | ०.६ |
| पानी, ढल तथा फोहर व्यवस्थापन | ३२.० | ०.८ |
| निर्माण | १८५.१ | ४.६ |
| थोक तथा खुद्रा व्यापार, मोटर तथा मोटरसाइकल मर्मत | ५२४.८ | १३.१ |
| यातायात तथा भण्डारण | २०८.३ | ५.२ |
| होटल तथा रेष्टुरेण्ट | ३६.१ | ०.९ |
| सूचना तथा सञ्चार | ७६.१ | १.९ |
| वित्तीय तथा बीमा कृयाकलाप | १४४.२ | ३.६ |
| रियल स्टेट | ७२.१ | १.८ |
| प्रोफेसनल, वैज्ञानिक तथा प्राविधिक कृयिाकलाप | १६.२ | ०.४ |
| प्रशासनिक तथा अन्य | २०.० | ०.५ |
| सार्वजनिक प्रशासन र रक्षा | ३३२.५ | ८.३ |
| शिक्षा | ४०२.१ | १०.० |
| स्वास्थ्य तथा सामाजिक कार्य | ७६.१ | १.९ |
| कला, मनोरञ्जन तथा अन्य | ११६.२ | २.९ |
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मुल्यमा) | ४००४.५ | १००.० |

श्रमशक्ति र रोजगारीको अवस्था हेर्दा नगरको आधा प्रतिशत भन्दा बढी जनसंख्या आर्थिक रुपले सक्रीय छन् र विभिन्न पेशामा सलगंन रहेका छन्। नगरको पेशागत विवरण हेर्दा भने ३५.५ प्रतिशत जनसंख्या ज्याला मजदुरी गरी आर्थिक उपर्जन गर्ने गरेको २५.७ प्रतिशत जनसंख्या कृषि पेशामा सङ्लग्न रहेको छन् भने जागिर गर्ने २२ प्रतिशत र व्यापारमा १६ प्रतिशत व्यापार व्यवसायमा सङ्लग्न रहेको देखिन्छन्।

## २.४ सामाजिक क्षेत्र

### २.४.१ शिक्षा

यस नगरपालिकामा कुल ३१ विद्यालयहरू छन् ,जसमा सामुदायिक १८, निजी १३ विद्यालय रहेका छन्। त्यस्तै आधारभूत (१-५) विद्यालय १२, आधारभूत (१-८) विद्यालय ११ गरी जम्मा आधारभूत विद्यालय २३ र माध्यमिक तह (१-१०) को विद्यालय ६ तथा माध्यमिक तह (१-१२) विद्यालय २ गरी ८ माध्यामिक विद्यालय रहेका छन्। प्राय सबै वडाहरूमा प्राथमिक शिक्षाको सुविधा पुगेतापनि उच्च शिक्षा तथा प्राविधिक शिक्षको लागि शिक्षण संस्थाको कमी रहेको छ ।

**तालिका २.८: नगरपालिकामा रहेका विद्यालय**

| | जम्मा विद्यालय | आधारभूत तह (१-५) | आधारभूत तह (१-८) | कुल आधारभूत | माध्यमिक तह (१-१०) | माध्यमिक तह (१-१२) | कुल माध्यमिक |
|---|---|---|---|---|---|---|---|
| सामुदायिक | १८ | ११ | ५ | १६ | ० | २ | २ |
| निजी | १३ | १ | ६ | ७ | ६ | ० | ६ |
| जम्मा | ३१ | १२ | ११ | २३ | ६ | २ | ८ |

**तालिका २.९: कर्जन्हा नगरपालिकाका विभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या**

| | सामुदायिक | | | निजी | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| जम्मा विद्याथी | २०८ | २११ | ४१९ | ६८५ | ९७८ | १६६३ | ८९३ | ११८९ | २०८२ |
| दलित विद्यार्थी | १०९ | १०४ | २१३ | ११९ | १४८ | २६७ | २२८ | २५२ | ४८० |
| जनजाती | ३७ | ३२ | ६९ | ७१ | १२० | १९१ | १०८ | १५२ | २६० |
| मधेसी | १४८ | १३२ | २८० | ४०४ | ५७४ | ९७८ | ५५२ | ७०६ | १२५८ |

स्वास्थ्य सेवाको लागि यस नगरपालिकामा ४ स्वास्थ्य चौकी र एक अस्पताल मात्र रहेको छ । वडा ४, ६ र ८ मा एक एक स्वास्थ्य चौकी रहेका छन् भने वडा ११ मा फुलकुमारी मेमोरियल अस्पताल र एक स्वास्थ्य चौकी रहेका छन् ।

## २.५ पर्यटन तथा उद्योग

प्राकृतिक सौन्दर्यले भरिपूर्ण यस पालिकामा विभिन्न धार्मिक, साँस्कृतिक र मनोरञ्जनात्मक पर्यटकीय स्थलहरु रहेको छ । वडा नं. २ मा अवस्थित बाबा तालको रमणीय हेर्न, पिकनिक, वनभोज खान तथा ढुङ्गा चढ्न तथा नजिकमा रहेको महादेवको मन्दिरमा दर्शन गर्न वर्षेनी हजारौं पर्यटकको आवगमन हुन्छ। नन्दबाबा, मरेवा घाट, शिव मन्दिर आदि जस्ता धार्मिक स्थलमा बढ्दो जनविश्वासका कारण हजारौं दर्शनालम्बीहरुको आवगमन हुन्छ । कार्तिक पूर्णिमाको दिन स्वदेश तथा छिमेकी मुलुक भारतबाट समेत लाखौं भक्तजनहरु उत्तरबाहिनी नदीमा स्नान गरी पुण्य कमाउन वर्षेनी आउने गर्दछन् भने उक्त दिन धामी झाक्रीले भूत खेल्ने हुँदा सो मेललाई भुतमेलाका रुपमा समेत चित्रण गरिएको पाईन्छ । नगरपालिकाको औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य श्रोतहरुमा व्यापार, व्यवसाय, लघु उद्योग, जागिर साथै आन्तरिक र वैदेशिक रोजगार हुन् । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेको यहाँका बासिन्दा क्रमशः आधुनिक जीवनशैलीमा समेत अभ्यस्त हुँदैछन् ।

परिच्छेद तीन

# समष्टिगत दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति

## ३.१ पृष्ठभूमि

संघीय सरकार र मधेस प्रदेश सरकारले अवलम्बन गरेको समष्टिगत आर्थिक नीति र दीर्घकालीन सोचसँग तादात्म्यता हुने गरी योजना तर्जुमा गरिएको छ। नगरपालिकाले संघीय र सरकार र प्रदेश सरकारसँगको आपसी समन्वय र सहकार्य गरी पालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य प्राप्त गर्ने गरी रणनीति लिएको छ। नगरपालिकाको समृद्धि र समुन्नतिका लागि सार्वजनिक क्षेत्रका अतिरिक्त सहकारी क्षेत्र र निजी क्षेत्रसँग समेत सहकार्य गरी सँगसँगै जानुपर्ने अवस्था रहेको छ।

## ३.२ सोच, उद्देश्य तथा रणनीति

नेपाल सरकारको “समृद्ध नेपाल सुखी नेपाली” तथा प्रादेशिक सरकारको लक्ष्य तथा कर्जन्हा नगरपालिकाको श्रोत र साधनलाई दृष्टिगत गर्दै नगर विकासको सोच, लक्ष्य उद्देश्य तथा रणनीति देहाय बमोजिम रहेको छ :

### ३.२.१ दीर्घकालीन सोच

नगरपालिकाको दीर्घकालीन सोचः

**“समावेशी, स्वच्छ, हरियाली र समृद्ध कर्जन्हा नगरपालिकाको आधार**
**कृषि, शिक्षा, पर्यटन र पूर्वाधार”**

### ३.२.२ नगर विकासको लक्ष्य

कृषि, शिक्षा, पर्यटन, रोजगार, उद्योग पूर्वाधारको समेत विकास गरी दिगो रोजगारी तथा स्वस्थ र समृद्ध सहरको रुपमा नगरलाई अगाडि बढाउँदै नगरवासीको जीवनस्तर उच्च बनाउने ।

### ३.२.३ नगर विकासको उद्देश्य

- कृषि क्षेत्र र पर्यटन क्षेत्रको विकास गर्दै व्यवसायीकरण गर्ने,
- नगरपालिका क्षेत्रमा आधारभूत शहरी पूर्वाधारहरु विकास गरी समुन्नत नगरको रुपमा विकास गर्ने,
- नगर क्षेत्रमा रहेको आन्तरिक साधन श्रोत, अवसर र क्षमताको उच्चतम् उपयोग गरी आर्थिक वृद्धि तथा आर्थिक विकास गर्ने,
- नगरपालिकामा गुणस्तरीय र सुलभ शिक्षाको सुनिश्चितता गर्ने,
- नगरवासीहरुलाई आधारभूत स्वास्थ्यको सुनिश्चितता प्रदान गर्ने,
- नगरपालिकाको सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय बनाई नगरमा सुशासन प्रबर्द्धन गर्ने ।
- नगरपालिकामा सडक, नहर लगायतका पूर्वाधार निर्माण गर्ने ।
- नगरपालिकामा औद्योगिक ग्राम स्थापना गरी उद्योग निर्माणको आधार तयार गर्ने ।
- नगरपालिकामा चक्रपथ सडक निर्माण गरी आवागमन सहज बनाउने ।
- युवाहरुलाई दुर्व्यसनबाट टाढा राखी नगर विकासको मूल प्रवाहमा युवालाई परिचालन गर्ने ।

### ३.२.४ नगर विकासको रणनीति

नगरपालिकाको समष्टिगत लक्ष्य, उद्देश्य तथा परिमाणत्मक लक्ष्यलाई तोकिएको समयावधिमा पूर्णता दिन नगर विकास योजनाले देहायका समष्टिगत रणनीतिहरु अवलम्बन गरेको छ ।

- विकास प्रकृयामा अन्तर सरकार, निजी क्षेत्र, सहकारी, गैसस तथा समुदायसँगको साझेदारी र सहकार्य मजवुत तुल्याउने,
- नगरपालिकालाई कृषि/पर्या-पर्यटनको केन्द्रको रुपमा विकास गर्ने,

- कृषिमा व्यावसायिक तथा यान्त्रीकरणको माध्यमबाट प्रतिष्पर्धात्मक र उच्च प्रतिफलयुक्त तुल्याउने ।
- प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्धन र दिगो तथा उच्चतम व्यवस्थापनको नीतिगत व्यवस्थाबाट समुदायको आर्थिक विकास गर्ने,
- पूर्वाधार विकासको गुणस्तरीयता तथा दिगोपना कायम गर्न नीतिगत व्यवस्था र त्यसको कार्यान्वयन गर्ने,
- गुणस्तरीय तथा व्यावसायिक शिक्षा तथा आधारभूत स्वास्थ्य सुविधामा नगरपालिकाका सबै नागरिकको पहुँच विस्तार गर्ने,
- निजी तथा कृषि वन विकास गरी वन पैदावार सम्बन्धि माग लाई सम्बोधन गर्दै नगरपालिकामा हरियाली प्रवर्द्धन गर्ने,
- जलवायु परिवर्तनको असर न्यूनीकरण र दैवीप्रकोप व्यवस्थापनका लागि वडा स्तरमा नै सामुदायिक दैवीप्रकोप व्यवस्थापन समितिहरु गठन गर्ने,
- नागरिकहरुलाई प्रत्यक्ष करको भार नपर्ने गरी आन्तरिक राजस्वको दायरा विस्तार गर्ने,
- नगरपालिकाको संस्थागत संरचनाको वर्तमान अवस्थालाई अत्याधुनिक, स्मार्ट, उच्च मनोवल युक्त, सकारात्मक र परिणाममुखी बनाउन नीतिगत व्यवस्था गर्ने ।

### ३.२.५ नगरपालिका समृद्धिका मूख्य संवाहक

१. **कृषिः** कर्जन्हा नगरपालिका समृद्धिको प्रमूख आधार कृषि नै हो । कृषि विकासका लागि उन्नत बीउविजन, मल, जनताको घरघरमा पुऱ्याउन सक्ने वातावरण मिलाएर पालिकाभित्र बत्ति पनि बाँझो जमिन नराख्ने नीति लिने हो भने समृद्ध कर्जन्हा बन्न समय लाग्दैन ।

२. **शिक्षाः** आधुनिक विकासको लागि शिक्षा अपरिहार्य हुन्छ । उच्च उत्पादन र उत्पादकत्व प्राप्त गर्न चहिने प्राविधिक सीप र ज्ञान भएको मानव संसाधन विकास मार्फत समृद्ध नगरको आधार तय गर्न सकिन्छ ।

३. **स्वस्थ्यः** सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा बिना समृद्ध नगरको परिकल्पना गर्न सकिन्न । नगरभित्रको कोही पनि नागरिक स्वास्थ्य सेवाबाट वञ्चित हुन नपर्ने आधारतय गरिनेछ ।

४. **उद्योग तथा रोजगारीः** नगरमा औद्योगिकरण हुन सकेको छैन । त्यसैले रोजगारी पनि सिर्जना हुन सकेको छैन । युवा जनशक्ति रोजगारीको खोजीमा विदेशिन वाध्य छन् । उद्योग क्षेत्रको विकासले रोजगारी सिर्जना र आर्थिक विकासमा टेवा पुऱ्याउँछ ।

५ **र्यटनः** नगरमा प्रसस्त धार्मिक तथा सांस्कृतिक पर्यटकीय क्षेत्रहरु रहेका छन् । यिनको विकास र प्रचारप्रसार हुन सके पर्यटन क्षेत्र दिगो आर्थिक स्रोत बन्न सक्छ ।

### ३.२.६ सवल पक्ष, सुधारका क्षेत्र, अवसर र चुनौती

आवधिक योजना निर्माणमा पालिकाका सवल पक्ष, सुधारका क्षेत्र, अवसर र चुनौतिको पहिचान अत्यन्त जरुरी हुन्छ । कर्जन्हा नगरपालिकासँग धेरै सवल पक्षहरू रहेका छन् । स्थानीय जनता र सम्बन्धित सरोकारवालाहरूले पहिचान गरे अनुसार यस क्षेत्रसँग सम्बन्धित केही प्रमुख क्षेत्रगत सवल पक्ष, सुधारका क्षेत्र, अवसर र चुनौतीहरूलाई संक्षिप्त रूपमा तलको तालिकामा वर्णन गरिएको छ ।

| कृषि तथा पशुपन्छी | |
|---|---|
| **सवल पक्ष** | **सुधारका क्षेत्र/कमजोरी पक्ष** |
| ▪ बगर खेती, आंप खेती र पशुधन उत्पादन सहित सबै मौसमी खेतीको लागि अनुकूल वातावरण<br>▪ समूह खेतीको संभावना | ▪ फार्म-गेट मूल्य<br>▪ कृषिमा अनुदान<br>▪ बाली बिमा<br>▪ अर्गानिक कृषि उत्पादन<br>▪ अर्गानिक मल उत्पादन<br>▪ प्राविधिक सेवा<br>▪ माटो परिक्षण<br>▪ सहुलियत कर्जा<br>▪ बजार प्रवर्द्धन व्यवस्था |
| ▪ पशुपालन-उन्नत जातका बाखा, गाई, भैंसीपालन, कुखुरा पालनका लागि अनुकूल वातावरण | ▪ किसान प्रोत्साहन कार्यक्रम<br>▪ पशु बिमा<br>▪ दुग्ध संकलन/बजार<br>▪ स्वस्थ मासु बिकी वितरण |
| ▪ वर्षभरी ताजा तरकारी र मौसमी तर्वुजा, च्याउ जस्ता अन्य नगदे बाली उत्पादनका लागि उपयुक्त वातावरण | ▪ सिंचाई प्रणालीमा सुधार, डिप बोरिङ व्यवस्था<br>▪ कृषि मूल्य श्रृंखलामा सुधार |

| | |
|---|---|
| | ▪ फसल पछिको ह्यान्डलिङ जस्तै फसल काट्ने, सफाई, ग्रेडिङ, प्याकेजिङ्ग, भण्डारण र मार्केटिङ<br>▪ बजार अवसरहरू विस्तार<br>▪ किसान लक्षित कार्यक्रम सञ्चालन<br>▪ कृषि उत्पादनको बजारीकरण<br>▪ शीत भण्डारण केन्द्र निर्माण |
| ▪ भारतका सहर र जनकपुर, हेटौडा, बिर्तामोड, दमक, धरान, विराटनगर, पोखरा, काठमाडौंजस्ता नेपालका प्रमुख सहरहरूसँग सडक सम्पर्क र बजार सञ्जालका कारण यहाँ उत्पादित कृषि उपजको बजार प्रवर्द्धनको ठूलो सम्भावना छ। | ▪ स्थानीय, क्षेत्रीय, राष्ट्रिय र भारतसम्म औपचारिक रूपमा बजार प्रणाली र नेटवर्कलाई सुदृढ गर्न मध्यम र दीर्घकालीन रणनीति चाहिन्छ। |
| ▪ केही पकेट क्षेत्रहरूमा आँप, खर्वुजा र घुसुवा वालीको उत्पादन प्रवर्द्धन गर्न सकिन्छ। | ▪ व्यावसायिक उत्पादनको लागि किसान तहमा प्रवर्द्धन गरिनुपर्छ। |
| ▪ वेदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई कृषि पेशामा आर्कषित गर्न सकिन्छ। | ▪ तालिम तथा अनुदान व्यवस्था<br>▪ सहुलियत कर्जा |
| **अवसर** | **चुनौतीहरु** |
| ▪ कृषि क्षेत्रमा कृषकको आकर्षण र संभावना बढेको छ।<br>▪ एक वडा एक उत्पादन | ▪ बाह्रै मास सिंचाईको अभाव<br>▪ बैदेशिक रोजगारमा जाने प्रवृत्ति तिब्र<br>▪ कृषकहरूले आफ्नो रुचिलाई मोड्न सक्छन्<br>▪ कृषि र पशुपालन प्रविधिमा ज्ञान र सीपको न्यून स्तर<br>▪ भारी अनुदान प्राप्त भारतीय कृषि उत्पादनहरु संग अनुचित प्रतिस्पर्धा।<br>▪ बाढी र सुख्खा प्रकोपबाट र उत्पादन, फसलपछिको ह्यान्डलिङ, यातायात र बजार कार्यमा बाधा पुर्‍याउन सक्छ<br>▪ कृषकहरूमा व्यापार योजना कौशल र कृषि ज्ञानको अभाव |
| कृषि उपज प्रयोग गर्न उपभोक्ताको चासो बढेको छ | ▪ उत्पादक स्तरमा गुणस्तर नियन्त्रण |
| **पर्यटन तथा संस्कृति** | |
| **सवल पक्ष** | **सुधारका क्षेत्र/कमजोरी पक्ष** |
| ▪ प्राकृतिक सुन्दरताले भरिपूर्ण- भित्री मधेस, मधेस र चुरे पहाडको दृश्य, ताल, नदी, विविध मानिस रहनसहन र संस्कृति, धर्म, आदि। नगरभित्र उत्तरबाहिनी, कमला व्यारेज, | ▪ प्राकृतिक स्रोत र पर्यटकीय गन्तव्यको दिगो व्यवस्थापन<br>▪ पर्यटन गुरु योजना<br>▪ प्रचार प्रसार |

| | |
|---|---|
| नन्दबाबा मन्दिर, मरेवा घाट, बाबा ताल जस्ता धार्मिक र मनोरंजन पर्यटन स्थल रहेका । | |
| ▪ पर्यटकमैत्री भौतिक पूर्वाधारहरू जस्तै सडक, होटल र यातायात सुविधा । | ▪ प्राकृतिक सम्पदाको संरक्षण ।<br>▪ पर्यटकलाई आकर्षित गर्ने प्रकृति मैत्री भौतिक पूर्वाधारको प्रवर्द्धन गर्नुपर्छ ।<br>▪ पर्यटन प्रवर्द्धन कार्यक्रम |
| **अवसर** | **चुनौतीहरु** |
| ▪ पर्यटन क्षेत्रमा लगानी गर्न निजी क्षेत्रको चासो बढेको छ | ▪ लगानी सुरक्षा प्रत्याभूति |
| ▪ धेरै पर्यटकीय गन्तव्यहरू रहेका | ▪ अझ खोजी र प्रवर्द्धन गर्न आवश्यक |
| ▪ आन्तरिक तथा बाह्य पर्यटकको चाप बढ्ने संभावना | ▪ |
| ▪ होटल म्यानेजमेन्ट स्कूल र कलेजहरू सञ्चालन गर्नको लागि बढ्दो दायरा | ▪ होटल व्यवस्थापन र आतिथ्य शिक्षामा लगानी गर्न विद्यार्थी र अभिभावकमा सचेतना |
| **उद्योग तथा व्यवसाय** | |
| **सवल पक्ष** | **सुधारका क्षेत्र/कमजोरी पक्ष** |
| ▪ बाह्रै महिना चल्ने सडक, यातायात, विद्युत, खानेपानी जस्ता आधारभूत पूर्वाधारहरूको उपलब्धता<br>▪ भारतीय सहरहरु, नेपालका काठमाडौ लगायतका धेरै सहरहरु र अन्य विदेशी देशहरु संग बजार सञ्जाल स्थापित<br>▪ स्थानीय रूपमा उपलब्ध कच्चा पदार्थ र स्थानीय रूपमा उपलब्ध नभएका कच्चा पदार्थ आयात गर्न भारतीय बजारमा सहज पहुँच<br>▪ स्थानीय श्रमक्तिको उपलब्धता<br>▪ केही ठूला उद्योगहरु (सिमेन्ट, ईटा, आदि) संचालनमा रहेको | ▪ भूउपयोग योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्छ<br>▪ नगरपालिकामा औद्योगिक र व्यापार क्षेत्र घोषणा सहित बजार स्थानहरू व्यवस्थित गर्ने<br>▪ सडक, पुल, रिटेन्सन पर्खाल, ढल निकास, खानेपानी सञ्जाल, बिजुली, स्वास्थ्य सुविधा, विद्यालय र क्याम्पस लगायतका पूर्वाधारहरुको नियमित मर्मत सम्भार<br>▪ विभिन्न क्षेत्रमा काम गर्न सक्षम बनाउन प्रशिक्षित युवाहरूको संख्या बढाउनु |
| **अवसर** | **चुनौतीहरु** |
| ▪ ठूला उद्योग क्षेत्र लगाएत जुस, माछा मासु, चामल, मैदा, पिठो, तेल मिल, जनावरको दाना, उत्पादन जस्ता उद्योगहरूलाई व्यवसाय र उद्योग क्षेत्रमा रहेका अवसरको रूपमा हेर्न सकिन्छ ।<br>▪ अर्गानिक खेती अर्को अवसरकोरुपमा लिन सकिन्छ । | ▪ अवसरको खोजीमा विदेशमा युवाहरुको पलायन<br>▪ भारतसँग बढी निर्भरता<br>▪ लगानी सुरक्षा<br>▪ प्राकृतिक प्रकोप |

| बैंक तथा वित्तिय संस्था | |
|---|---|
| **सवल पक्ष** | **सुधारका क्षेत्र/कमजोरी पक्ष** |
| ▪ बढ्दो जनसंख्या<br>▪ वित्तिय सचेतना<br>▪ विविध व्यवसाय र आय<br>▪ विभिन्न लगानीका क्षेत्रहरू | ▪ बैंकिङ क्षेत्र र वित्तीय संस्थाहरूले समग्र व्यापार वातावरण सुधार गर्न व्यवसाय योजना र कार्यान्वयनको लागि स्थानीय क्षमता निर्माणमा लगानी गर्नुपर्छ ।<br>▪ बैंकिङ क्षेत्र र वित्तीय संस्थाहरूले स्थानीय विकासको एक भागको रूपमा सामाजिक उत्तरदायित्व कोषको लगानी गर्न आफ्नो प्रतिबद्धता व्यक्त गर्नुपर्छ । |
| **अवसर** | **चुनौतीहरु** |
| ▪ स्थापित बजार प्रणाली र नेटवर्क<br>▪ व्यापार व्यवीयकालागि बढ्दो ऋण सुविधाको माग<br>▪ सकारात्मक स्थानीय लगानी वातावरण | ▪ अर्थव्यवस्थामा मन्दीका कारण असुली समस्या<br>▪ प्राकृतिक प्रकोपले बजार प्रवाहमा बाधा पुऱ्याउन सक्ने |

| सहकारी | |
|---|---|
| **सवल पक्ष** | **सुधारका क्षेत्र/कमजोरी पक्ष** |
| ▪ समूह र सहकारीमा सामेल हुन सामुदाय र मानिसहरूको बढ्दो चासो<br>▪ समुदाय संचालित वित्तीय संस्था | ▪ सहकारी सदस्यहरु बीच व्यापार साक्षरता एबं शिप विकास<br>▪ व्यापार विश्लेषण, योजना, नेतृत्व र व्यवस्थापन कौशल विकास |
| **अवसर** | **चुनौतीहरु** |
| ▪ सहकारीमा सामेल हुन सक्ने थप सदस्यहरू बढ्ने सम्भावना<br>▪ ससानो लगानी हुने वातावरण<br>▪ व्यापार व्यवसायका बिभिन्न अवसरहरू उपलब्ध | ▪ सक्रिय जनसंख्याको बाह्य-माइग्रेसन<br>▪ ऋणको भुक्तानी समस्या<br>▪ सहकारी सञ्चालन गर्न ज्ञान र सीपको |

| शिक्षा | |
|---|---|
| **सवल पक्ष** | **सुधारका क्षेत्र/कमजोरी पक्ष** |
| ▪ स्थानीय जनताले जीवनस्तर सुधार्न शिक्षाको महत्व बुझ्दै गएका<br>▪ कम विद्यालय छाड्ने दर र बालिका विद्यालय भर्नाको संख्या बढ्नु<br>▪ भौतिक पूर्वाधारमा क्रमिक सुधार | ▪ शिक्षाको गुणस्तर<br>▪ शिक्षकहरूको सम्बन्धित विषय र कक्षा व्यवस्थापनमा सीप<br>▪ विद्यालय कक्षाहरूको अनुगमन |
| **अवसर** | **चुनौतीहरु** |
| ▪ गुणस्तरीय शिक्षा प्रदान गर्न बढ्दो लगानी<br>▪ विद्यार्थीहरूलाई छिमेकी नगरपालिकाबाट आकर्षित गर्न सकिने<br>▪ शिक्षाको पहुँचमा माग रहेको | ▪ राम्रो काम र अवसरहरूको खोजीमा युवाहरूको उच्च स्थानान्तरण ।<br>▪ बाढी जस्तो प्राकृतिक प्रकोप झेल्नुपर्ने । |

| स्वास्थ्य | |
|---|---|
| **सवल पक्ष** | **सुधारका क्षेत्र/कमजोरी पक्ष** |
| ▪ आधारभूत भौतिक पूर्वाधार र सुविधाहरू | ▪ जनस्वास्थ्य सचेतना<br>▪ स्वास्थ्य पूर्वाधार र स्वास्थ्य पेशेवरहरूको उपलब्धता<br>▪ सबै क्षेत्रहरूमा सुधारिएको स्वास्थ्य सुविधाहरू |
| **अवसर** | **चुनौतीहरु** |
| ▪ नगरपालिकामा रहेका स्वास्थ्य सुविधा सुधार गर्न स्थानीय सरकारको चांसो | ▪ नगरपालिकामा स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य जनशक्तिहरुको व्यवस्था<br>▪ स्थानीय रूपमा उपलब्ध स्वास्थ्य सेवाहरूप्रति जनताको कम विश्वास |
| **खानेपानी तथा सरसफाई** | |
| **सवल पक्ष** | **सुधारका क्षेत्र/कमजोरी पक्ष** |
| ▪ खानेपानी सुविधा उपलब्ध गराउन स्थानीय सरकारको चासो<br>▪ स्थानीय तहमा पानीका प्रचुर स्रोतहरू | ▪ खानेपानी तथा सरसफाई सम्बन्धमा सुविधा नागरिक सचेतना<br>▪ पानी आपूर्तिको गुणस्तर<br>▪ पानी डिस्चार्ज बिन्दु र स्रोत संरक्षण |
| **अवसर** | **चुनौतीहरु** |
| ▪ अतिरिक्त पानी कृषि र पशुपालनमा प्रयोग गर्न सकिन्छ | ▪ पानी निकास क्षेत्र<br>▪ चुरे दोहन र विनाश<br>▪ सरसफाई बारे जनचेतनाको अभाव |
| **बन जंगल** | |
| **सवल पक्ष** | **सुधारका क्षेत्र/कमजोरी पक्ष** |
| ▪ वन जंगल बढ्नको लागि अनुकूल मौसम<br>▪ वन तथा वनजन्य उत्पादनको विकास र बजारीकरण गर्न सडक र अन्य भौतिक पूर्वाधार<br>▪ वन जंगल संरक्षणमा उपभोक्ता समितिहरुको भूमिका | ▪ अवैध कटानी निरुत्साहन<br>▪ स्थानीय वन व्यवस्थापन नीति र अभ्यास |
| **अवसर** | **चुनौतीहरु** |
| ▪ वैज्ञानिक वन व्यवस्थापन नीति र अभ्यासहरू लागू गर्न स्थानीय सरकारको चाहना<br>▪ काष्ठ र गैर-काष्ठ वन उत्पादनको संभावना | ▪ अवैध कटानी<br>▪ वनमा लाग्ने डडेलो<br>▪ बाढी पहिरो कटान |
| **सडक तथा यातायात** | |
| **सवल पक्ष** | **सुधारका क्षेत्र/कमजोरी पक्ष** |
| ▪ स्थानीय समुदायको सहयोगमा सडक विस्तारको लागि स्थानीय सरकार इच्छुक रहेको<br>▪ वर्षभरि यातायात सेवाहरू कायम राख्न सडक सञ्जाल विद्यमान रहेको | ▪ जैविक इन्जिनियरिङको प्रवर्द्धन<br>▪ नगरपालिकामा माटो परीक्षण प्रयोगशाला स्थापना गर्ने |

| अवसर | चुनौतीहरु |
|---|---|
| ▪ सडक विस्तारको लागि सार्वजनिक सहयोग<br>▪ सडक निर्माणको लागि उपयुक्त भूगोल र सतह | ▪ बाढी र भूक्षय |
| **उर्जा** | |
| **सवल पक्ष** | **सुधारका क्षेत्र/कमजोरी पक्ष** |
| ▪ बढ्दो बिजुलीको माग ।<br>▪ बैकल्पिक उर्जा जस्तैः गोबरग्याँस, सौर्य उर्जाको प्रयोग । | ▪ वैकल्पिक उर्जा जस्तै गोबरग्यास, सौर्य उर्जाको प्रवर्द्धन<br>▪ नगरपालिकासँग वैकल्पिक ऊर्जा रणनीति योजना छैन |
| **अवसर** | **चुनौतीहरु** |
| ▪ वैकल्पिक उर्जा विकासको संभावना<br>▪ राष्ट्रिय प्रशारण विस्तार | ▪ वैकल्पिक उर्जाबारे जनचेतना<br>▪ ग्रामिण स्तरसम्म विद्युतिकरण विस्तार |

## परिच्छेद चार

# समष्टिगत अर्थतन्त्र

## ४.१ पृष्ठभूमि

राज्यको पुर्नसंरचना पश्चात स्थानिय तह संवैधानिक हैसियत प्राप्त स्थानिय सरकारका रुपमा स्थापित भएको सर्न्दभमा नगरपालिकाको सार्वजनिक वित्तको अवस्था र तत्सम्बन्धि नीतिहरुको विश्लेषण आवश्यक हुन्छ । स्थानिय तहको सार्वजनिक वित्तिय अवस्था वार्षिक नीति तथा बजेट आवधिक योजनाको तर्जुमाको प्रमुख आधार र सरोकारको विषय हो । नयाँ संरचनामा नगरपालिका गठन हुनु पुर्व स्थानिय निकायको आफ्नै छुट्टै वित्तिय स्वरुप नहुने र सवै स्थानिय निकायहरु केन्द्रिय सरकारको वित्तिय नीति र व्यवस्थाको स्वरुप र संरचना अर्न्तगत कार्यक्रम कार्यान्वयन गर्ने निकायका रुपमा रहेका थिए । तर अहिलेका स्थानिय तहहरु आफ्नो वित्तिय नीति आफै वनाउन सक्ने, आफ्नो वार्षिक वजेट र आवधिक विकास योजना आफै निर्माण र कार्यान्वयन गर्न सक्ने गरि अधिकार सम्पन्न भएका छन् । यस सन्दर्भमा कर्जन्हा नगरपालिकाको समष्टिगत आर्थिक र वित्तिय अवस्था र त्यसको सुदृढिकरण मार्फत आफ्नै वित्तिय नीति र कार्यक्रम तय गर्ने अभ्यास गर्नुपर्ने हुन्छ । यद्यपी प्रारम्भिक कालमा सवैजसो पालिकाहरु केन्द्रीय (संघीय) र प्रदेश सरकारको राजश्व बाँडफाँड र विभिन्न प्रकारका अनुदानहरुमा भर पर्नु पर्ने अवस्था रहेको देखिन्छ । आफ्नै आन्तरिक राजश्व ज्यादै न्युन र नगण्य रहेको र आन्तरिक ऋण प्राप्त गरि परिचालन गर्न सक्ने वैधानिक प्रावधान र अभ्यास नभएको वर्तमान अवस्थामा स्थानिय तहको समष्टगित वित्तिय नीति तथा कार्यक्रमको व्यापकताको क्षेत्र साघुँरो रहेको छ ।

## ४.२. सार्वजनिक वित्त

वित्तिय संघियताको सैद्धान्तिक र व्यवहारिक प्रयोगको सर्न्दभमा स्थानिय तहको वजेट तथा कार्यक्रमहरुमा खर्चको बाँडफाँड र राजश्व उठाउने अधिकार प्राप्त गरेका छन् । यस अर्न्तगत खर्चका विभिन्न क्षेत्रहरु रहेका छन् भने संविधानले प्रदान गरेको राजश्व उठाउने अधिकारहरु पर्दछन् । संघीय र प्रदेश तहका सार्वजनिक खर्चका विभिन्न क्षेत्र र शिर्षकहरु स्थानिय तहमा पनि लागु हुन्छ भने स्थानिय तहमा उठाउन सकिने कर तथा अन्य गैर कर राजश्वका शिर्षकहरु यस अर्नागत पर्दछन् ।

समग्रमा स्थानिय तहका समग्र आयव्ययको संरचनाले स्थानिय तहको सार्वजनिक वित्त जनाउदछ। तर यस अर्न्तगत सार्वजनिक खर्च र राजश्वका साथै अन्तर सरकारी वित्त, सार्वजनिक ऋण (आन्तरिक र वैदेशिक) सहायता-अनुदान) परिचालन, जनसहभागिता परिचालन, सार्वजनिक निजी सहकारी साझेदारी जस्ता शिर्षकहरु पर्दछन्। निर्धारित सार्वजनिक खर्चलाई प्राप्त गर्ने श्रोतहरुमा आन्तरिक राजश्व र अन्तर सरकारी वित्त र वाँडफाँड तथा बैदेशिक अनुदान सहायतावाट नपुग भएको अवश्थामा घाटा वित्त व्यवस्था हुने र यसका लागि आन्तरिक ऋण तथा वैदेशिक ऋणको परिचालन गर्न सकिने संभावनालाई पनि वेवास्ता गर्न सकिदैन।

### ४.२.१. सार्वजनिक खर्च

अन्य स्थानिय तहको जस्तै कर्जन्हा नगरपालिकाको सार्वजनिक खर्चको ढाँचालाई हेर्दा यसलाई मूलतः दुई भागमा विभाजन गरेको पाईन्छ। चालु खर्च र पुँजीगत खर्च। चालु खर्च अर्न्तगत नगरपालिकाका प्रशासनिक कर्मचारी तथा पदाधिकारीहरुको तलब भत्ता तथा अन्य सेवा सुविधाहरुमा हुने खर्चहरु पर्दछन् भने संघीय सरकारका सशर्त अनुदानमा आधारित शिक्षा, स्वास्थ्य, कृषि, पशुपक्षिंपालन, उर्जा, खानेपानी लगायतका क्षेत्रका कार्यक्रमहरुका संचालनका खर्चहरु पर्दछन्। यस अर्न्तगत आर्थिक विकास, पुर्वाधार विकास, सामाजिक विकास, सेवा प्रवाह र शुसासन (संस्थागत विकास), वातावरणीय संरक्षण र विपद्व्यवस्थापनका क्षेत्रमा हुने पुजीँगत (पूँजी निर्माण र क्षमता विकास) खर्चहरु पर्दछन्। वित्तिय व्यवस्थापन तर्फको खर्च नभएकोले यहाँ चर्चा गर्नु आवश्यक देखिएन।

कर्जन्हा नगरपालिकाबाट प्राप्त जानकारी अनुसार आर्थिक वर्ष २०७८/२०७९ र २०७९/८० मा कुल सार्वजनिक खर्च क्रमशः रु. ५७ करोड ३४ लाख र रु. ५० करोड २० लाख विनियोजन भएको देखिन्छ। प्रस्तुत विनियोजित बजेटमा आर्थिक वर्ष २०७८/२०७९ मा चालु बजेट ५२ प्रतिशत र पूँजीगत बजेट ४८ प्रतिशत र आर्थिक वर्ष २०७९/२०८० मा पनि चालु बजेट ५२ प्रतिशत र पूँजीगत बजेट ४८ प्रतिशत नै देखिन्छ। कोराना महामारी लगायतका कारणले विश्व अर्थतन्त्र र समग्र नेपालको अर्थतन्त्रमा देखिएका समस्याका कारण हुन सक्छ, अघिल्लो वर्षको तुलनामा आर्थिक वर्ष २०७९/२०८० मा बजेट घटेको देखिन्छ।

**तालिका ४.१ : कर्जन्हा नगरपालिकाको बजेट तथा आयको विवरण** (रु. करोडमा)

| विवरण | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|
| बजेट अनुमान | | | |
| चालु बजेट | २४.८२ | २९.८१ | २६.१ |
| पूँजीगत बजेट | २५.६ | २७.५३ | २४.१ |
| कुल बजेट | ५०.४२ | ५७.३४ | ५०.२ |
| स्रोत अनुमान | | | |
| संघ, प्रदेश अनुदान | २६.२ | २७.१ | ३२.२ |
| राजश्व बाँडफँट | ५.६ | ५.६ | ९.२ |
| आन्तरिक आय | १४.५ | ०.८ | १६.८ |
| जम्मा आय | ४६.३ | ३३.५ | ५८.२ |
| बचत वा न्यून | -४.१२ | -२३.८४ | ८ |

### ४.२.२. राजश्व

कर्जन्हा नगरपालिकाको राजश्व अर्न्तगत आन्तरिक राजस्व र विगत आर्थिक वर्षको खर्च हुन नसकेको रकम नगद मौज्दातलाई सामेल गरेको देखिन्छ। पालिकाले आन्तरिक राजस्व अर्न्तगत आर्थिक वर्ष २०७८/२०७९ र २०७९/८० मा रु. १५ करोड ८० लाख र रु. ९ करोड २० लाख देखिन्छ। यस आधारमा आन्तरिक राजश्वले नगरपालिकाको कुल बजेटको २७.६ प्रतिशत र १८.३ प्रतिशत धानेको देखिन्छ। आन्तरिक राजश्वको यस रकममा अघिल्लो वर्ष खर्च हुन नसकेको नगद मौज्दात पनि समावेश भएकाले आन्तरिक राजश्वको हिस्सा ठूलो देखिएको हो।

### ४.२.३ अन्तर सरकारी वित्त

अन्तर सरकारी वित्त स्थानिय तहको आयश्रोतको प्रमुख आधार रहेको छ। यो कूल पालिकाको आयको ठूलो हिस्सा तिन चौथाई अंश रहेको छ। यस अर्न्तगत संघीय सरकार तथा प्रदेश सरकारबाट समानिकरण अनुदान, सशर्त अनुदान, समपुरक र विशेष अनुदान रकमहरु समावेश हुन्छन्। कर्जन्हा नगरपालिकाले आर्थिक वर्ष २०७७/७८, २०७८/७९ र २०७९/८० मा यी अनुदान रकम क्रमशः रु.२६.२ करोड, २७.१ करोड र ३२.२ करोड प्राप्त गरेको देखिन्छ जुन रकमले नगरपालिकाको कुल बजेटको ५२ प्रतिशत, ४७.३ प्रतिशत र ६४.१ प्रतिशत धान्ने देखिन्छ।

### ४.२.४ बैदेशिक सहायता परिचालन

स्थानिय तहले बैदेशिक ऋण अथवा सहायता प्रत्यक्ष रुपमा प्राप्त गर्न नसकेतापनि सम्भावित परियोजनामा द्धिपक्षिय र बहुपक्षिय बैदेशिक सहायता प्राप्ति र परिचालनका लागि नेपाल सरकार सँग पहल गर्न सक्दछ । पर्यटन प्रबर्द्धन, उर्जा, शिक्षा, स्वास्थ्य कृषि विकास, गरिवि निवारण, सांस्कृतिक सम्पदाको संरक्षण, वातावरण तथा विपद् व्यवस्थापनका क्षेत्रमा वैदेशिक सरकारी तथा गैर सरकारी सहायता (वित्तिय, प्रविधिक) परिचालन गर्न सक्दछ । यसका लागि नगरपालिकाले विशेषज्ञहरुको सहयोग लिएर परियोजना प्रस्ताव तयार गरि नेपाल सरकार, अर्थ मन्त्रालयको सहयोगमा पहलकदमी गर्न सक्दछ। तर अहिले सम्म कर्जन्हा नगरपालिकाले यस्ता द्धिपक्षिय र बहुपक्षिय बैदेशिक सहायता प्राप्ति र परिचालनका लागि पहल गर्न सकेको छैन ।

### ४.२.५ सार्वजनिक ऋण

स्थानिय तहको सरकारले सार्वजनिक ऋण उठाउन सक्दछ। यसका लागि पालिकाले आवश्यक कानुन वनाएर आफ्नो क्षेत्रका वित्तिय संस्थाहरुवाट र जनतावाट सार्वजनिक ऋण उठाउन सक्दछ। खासगरि विद्युत परियोजना, खानी संचालन, कृषि तथा पशुपालन व्यवसाय, उद्योग ग्रामको पूर्वाधार विकास र पर्यटन क्षेत्रमा विशेष परियोजना संचालन गर्न विकास पचत पत्र जारि गरेर जनतावाट दीर्घकालिन प्रकृतिको ऋण उठाउन सक्दछ । तर अहिले सम्म कर्जन्हा नगरपालिकाले यस्ता कार्यक्रम वा परियोजना बनाउने र ऋण उठाउने पहल गर्न सकेको छैन ।

### ४.२.६ जनसहभागिता परिचालन

स्थानीय तहमा रहेको जनशक्ति जो अल्प रोजगार वा वेरोजगार रुपमा रहेको छ त्यस्तो मानवशक्ति लाई विकास निर्माणको कार्यमा परिचालन गरेर अभियानका रुपमा उपयोग गर्न सकिन्छ। यस्तो कार्य सार्वजनिक भवन निर्माण, वाटो, पुल र अन्य ग्रामीण पूर्वाधार निर्माणमा लगाउन सकिन्छ। खासगरि स्थानीय समुदायसँग श्रम वा बस्तु वा नगद सहभागितामा यस्ता विकास निर्माणका कार्य गर्न सकिन्छ । कर्जन्हा नगरपालिकाले आफ्नो बजेट र कार्यक्रममा यस्तो विकल्पको उपयोग गर्ने प्रस्ताव गरेको छैन तर भविष्यमा त्यसका लागि आवश्यक कानून र कार्यविधि वनाइ स्थानिय जनतालाई विकास निर्माणमा परिचालन गर्नु वान्छनिय हुन्छ ।

## ४.३ सार्वजनिक, निजी र सहकारी साझेदारी

विकास निर्माणका लागि सार्वजनिक, निजी, सहकारीको साझेदारी पछिल्लो समय अवलम्वन गरिएको एउटा उत्तम विकल्प हो । यसले वित्तिय अभाव, सरकारी क्षेत्रको असफलता र निजी क्षेत्रको विकासमा सहभागिता बढाउने कार्यका लागि एउटा समाधान दिन सक्दछ । कर्जन्हा नगरपालिकाले निजी क्षेत्रका लगानिकर्ता, स्थानिय सहकारीहरु र आफ्नो समेत लगानीमा यस पालिका क्षेत्रको कुनै परियोजनामा यस्तो साझेदारीको उपयोग गर्न सक्दछ । खासगरी पर्यटन पूर्वाधार विकास गर्न, दृष्यावलोकन स्थलको पूर्वाधार विकास र सेवा प्रवाह गर्न साथै कतिपय नगरपालिकाका सेवा प्रवाहका क्षेत्रमा (जस्तैः एफएम रेडियो) स्वास्थ्य उपचार केन्द्र, सांस्कृतिक संग्राहालय निर्माण र संचालन, सामुहिक आधुनिक कृषि तथा पशुपालन फर्म, संचालन जस्ता क्षेत्रमा यस्तो साझेदारीका परियोजना संचालन गर्न सक्दछ ।

## ४.४ वैदेशिक लगानी

विद्यमान कानुनी प्रावधान वमोजिम स्थानिय तहले वैदेशिक लगानिका लागि प्रत्यक्ष तवरले कार्य गर्न सक्दैन तर सम्भाव्य क्षेत्र र परियोजनामा विदेशि लगानी आर्कषित हुने देखिएमा संघीय सरकारको स्विकृति र समन्वयमा विदेशी लगानी आकर्षित गर्न सकिन्छ । हाल सम्म कर्जन्हा नगरपालिकामा विदेशी लगानी आकर्षित हुन सकेको छैन । तर दातृ निकायहरुकोसँगको सहकार्यमा आँप खेती तथा बगर खेती भने हुँदै आएको छ ।

## ४.५ आन्तरिक श्रोत (राजश्व) अभिबृद्धिका कार्यक्रमहरु

- नगरपालिकाको एकीकृत सम्पत्ति कर कार्यान्वयन गर्न व्यवस्थित नीति तथा कार्यक्रम बनाउने ।
- नगरपालिकामा संचालित होटल, रेष्टुरेष्ट, मनोरञ्जन लगायतका अन्य उद्योग तथा ब्यवसायिक क्रियाकलापहरुको अभिलेखीकरण गर्ने, रजिष्ट्रेसन गर्ने र करको दायरामा ल्याउने ।
- नगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक श्रोतहरुको उपयोग वापत प्राप्त हुने रोयल्टीमा साझेदारी गर्ने ।
- वन पैदावर व्यवस्थित तथा वैज्ञानिक उपयोग गर्न वनसँग समन्वय गरी कर तथा रोयल्टी बृद्धि गर्ने ।

- पर्यटकीय क्षेत्रहरुको विकास गरी पर्यटन प्रवर्द्धन गर्ने र पर्यटनमा हरित शुल्क (Green Fee) लगाई आय आर्जन गर्ने ।
- नगरपालिकाले भूमी बैंकको स्थापना गरी यसको परिचालनबाट आय बृद्धि गर्ने ।
- केन्द्र र प्रदेश सरकारवाट प्राप्त हुन सक्ने अनुदान (समपूरक अनुदान र विशेष अनुदान) प्राप्त गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गरी पहल कदमी गर्ने ।
- नगरपालिकाले सम्भाव्य पर्यटन स्थल विकास, प्राकृतिक श्रोतमा आधारित उद्योग आदिमा लागत सहभागिता कार्यक्रम मार्फत आयवृद्धि गर्ने ।
- फिल्म सिटीको निर्माण गरी पर्यटनलाई दिगो आर्थिक आधारको रुपमा निर्माण गर्ने ।

### ४.६ सार्वजनिक खर्चमा वित्तिय अनुशासनका कार्यक्रमहरु

- नगरपालिकाभित्र हुने सबै प्रकारका खर्च सार्वजनिक खरिद ऐन अनुसार गर्ने ।
- केन्द्र र प्रदेश सरकारका ससर्त अनुदान, समपुरक अनुदान तथा विशेष अनुदानका कार्यक्रमहरु उनीहरुको खर्च नीति र कार्यविधिसँग समन्वय गरी खर्च गर्ने ।
- सार्वजनिक खर्चमा मितव्ययीतालाई सबै क्षेत्रमा कडाईका साथ लागू गर्ने ।
- नगरपालिकालाई दीर्घकालीन आर्थिक भार तथा दायित्व बृद्धि हुने गरी चालु प्रकृतिका खर्च बढ्ने कुनै नयाँ निर्णय नगर्ने ।
- आर्थिक ऐन र खरिद ऐनको अधिनमा रही ठूला आयोजनाहरु ठेक्कापट्टा गरी र सानातिना योजनाहरु नगद सहभागितामा उपभोक्ता समिति मार्फत गर्ने ।
- बार्षिक खर्च विनियोजनमा क्षेत्रगत र सामाजिक समावेशितालाई जोड दिने ।
- नगरपालिकाले खर्च व्यवस्थापन सम्बन्धी आफ्नै ऐन, नियम र कार्यविधिहरु बनाउने र तिनीहरुको कडाइका साथ कार्यान्वयन गर्ने ।
- आवधिक र वार्षिक योजनाहरुको मध्यावधि मूल्यांकन ढाँचा अनुरुप खर्च व्यवस्थापन गर्ने ।
- आवधिक योजनाका विषयगत क्षेत्रहरुमा तोकिएको बजेटबाट अन्य क्षेत्रमा रकमान्तर नगर्ने, गर्नै परे विषयगत क्षेत्रभित्र मात्र गर्ने ।

## परिच्छेद पाँच

# आर्थिक क्षेत्र

कर्जन्हा नगरपालिकाको आवधिक योजनाले तय गरेको आर्थिक क्षेत्रसंग सम्बन्धित सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरुको आधारमा आर्थिक विषयगत क्षेत्रको पञ्चवर्षीय खर्च संरचना तयार पारिएको छ। तालिका ५.१ मा कर्जन्हा नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को यथार्थ र २०७९/८० को संशोधित अनुमानको आधारमा आगामि पाँच वर्षको लागि चालु बजेट, पूँजीगत बजेट, तथा स्रोतको अनुमान प्रस्तुत गरिएको छ। स्रोतको अनुमान गर्दा संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान तथा राजश्व बाँडफाँटबाट प्राप्त हुने आय तथा आन्तरिक आयको पनि अनुमान प्रस्तुत गरिएको छ। यस आधारमा आगामि पाँच वर्षको लागि नगरपालिकाको कुल बजेट रु. ३ अर्ब ३३ करोड आवश्यक देखिन्छ।

**तालिका ५.१ः चालु, पूँजीगत बजेट तथा स्रोतको पञ्चवर्षीय अनुमान** (रु. करोड)

| विवरण | २०७८/७९ को यथार्थ | २०७९/८० को संशोधित अनुमान | २०८०/८१ को अनुमान | २०८१/८२ को अनुमान | २०८२/८३ को अनुमान | २०८३/८४ को अनुमान | २०८४/८५ को अनुमान | पाँच वर्षको कुल |
|---|---|---|---|---|---|---|---|---|
| बजेट अनुमान | | | | | | | | |
| चालु बजेट | २९.८१ | २६.१ | २७.४ | ३०.१ | ३१.७ | ३४.८ | ४०.० | १६४.१ |
| पूँजीगत बजेट | २७.५३ | २४.१ | २६.५ | २९.२ | ३२.१ | ३६.९ | ४४.३ | १६८.९ |
| कुल बजेट | ५७.३४ | ५०.२ | ५३.९ | ५९.३ | ६३.७ | ७१.७ | ८४.३ | ३३३.० |
| स्रोत अनुमान | | | | | | | | |
| संघ, प्रदेश अनुदान | २७.१ | ३२.२ | ३०.६ | ३०.६ | ३०.९ | ३३.४ | ३५.० | १६०.५ |
| राजश्व बाँडफाँट | ० | ९.२ | ९.७ | १०.१ | ११.० | १२.० | १३.० | ५५.८ |
| आन्तरिक आय | ०.८ | १६.८ | १८.५ | २०.३ | २२.० | २६.३ | २९.५ | ११६.६ |
| जम्मा आय | २७.९ | ५८.२ | ५८.७ | ६१.१ | ६३.८ | ७१.८ | ८४.३ | ३३९.७ |
| बचत वा न्यून | -२९.४४ | ८ | ४.८ | १.८ | ०.१ | ०.१ | ०.० | ६.७ |

आर्थिक क्षेत्र अन्तर्गत कृषि तथा पशुपंक्षी, जलस्रोत तथा सिञ्चाई र उद्योग उपक्षेत्र समेटिएको छ। यी तीन उपक्षेत्रमा विगत तीन वर्षको बजेटको आधारमा आगामि पाँच वर्षको बजेटको प्रक्षेपण गरिएको छ। यस मध्ये कृषि तथा पशुपंक्षी उपक्षेत्रमा पाँच वर्षको लागि कुल रु. १५.३८ करोड, जलस्रोत तथा सिञ्चाइँको लागि रु. ९ करोड ११ लाख र उद्योगको लागि १ करोड ६४ लाख गरी कुल रु. २६ करोड १४ लाख बजेट अनुमान गरिएको छ।

**तालिका ५.२: आर्थिक विकास अन्तर्गतका केही उपक्षेत्रमा विनियोजित बजेट** (रु. हजारमा)

| उपक्षेत्र | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० | |
|---|---|---|---|---|---|---|
| | परियोजना संख्या | विनियोजित बजेट | परियोजना संख्या | विनियोजित बजेट | परियोजना संख्या | विनियोजित बजेट |
| कृषि तथा पशुपंक्षी | ३२ | १७९२७ | १९ | १०८०० | ४० | २६२७१ |
| जलश्रोत तथा सिञ्चाई | १२ | ३१५० | १३ | १८८६२ | १६ | १४६०० |
| उद्योग | ३ | २४०० | ३ | २७०० | ८ | २८२९ |
| जम्मा | ४७ | २३४७७ | ३५ | ३२३६२ | ६४ | ४३७०० |

**तालिका ५.३: आर्थिक विकासका उपक्षेत्रमा विनियोजित बजेट र पञ्चवर्षीय प्रक्षेपण** (रु. हजारमा)

| उपक्षेत्र | विनियोजित बजेट | | पञ्चवर्षीय प्रक्षेपण | | | | | पाँच वर्षको कुल |
|---|---|---|---|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | |
| कृषि तथा पशुपंक्षी | १०८०० | २६२७१ | २७८४७ | २९२४० | ३०७०२ | ३२२३७ | ३३८४९ | १५३८७४ |
| जलश्रोत तथा सिञ्चाई | १८८६२ | १४६०० | १६०६० | १७३४५ | १८३८५ | १९३०५ | २००७७ | ९११७२ |
| उद्योग | २७०० | २८२९ | २९७० | ३११९ | ३२७५ | ३४३९ | ३६११ | १६४१४ |
| जम्मा | ३२३६२ | ४३७०० | ४६८७८ | ४९७०३ | ५२३६२ | ५४९८० | ५७५३६ | २६१४५९ |

## ५.१ कृषि तथा पशुपन्छी

### ५.१.१ पृष्ठभूमि

कर्जन्हा नगरपालिकाको प्रमुख आर्थिक क्षेत्र मध्ये कृषि एक हो । जनसंख्याको अधिकाश संख्या रोजगारी तथा जीविकाको लागि कृषिमा निर्भर रहेको एवं कृषि क्षेत्रमा साना र मझौला किसानहरुको बढी संलग्नता रहेको छ । मुलतः कृषि प्रणाली निर्वाहमुखी हुनु र यसमा संलग्न श्रमिकहरुको उत्पादकत्व निकै कम रहँदा यस क्षेत्रवाट श्रमशक्तिको पलायन बढ्दो छ ।

सिञ्चाइ सुविधाको अभावमा कृषि क्षेत्रमा उपलब्धि गुमिरहेको छ । कृषि क्षेत्रको प्रमुख वाली अन्तर्गत खाद्यान्न, फलफुल, तरकारी, माछामासु आदी पर्दछन् । आर्थिक कृयाकलापमा बृद्धि ल्याउन कृषि क्षेत्रलाई व्यवसायीकरण, विविधिकरण गर्न आवश्यक छ । दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय जनताको आयमा बृद्धि हुने गरी नगरपालिकाको स्रोत साधन परिचालन गरिनेछ । यसबाट रोजगारीमा बृद्धि भई स्थानीय जनताको आय आर्जनमा बृद्धि हुनेछ । उक्त सन्दर्भमा प्रमुख खाद्यान्न, फलफूल, तरकारी र माछामासु उत्पादनमा आत्मनिर्भरताका लागि कृषिमा नीतिगत, संरचनागत र संस्थागत सुधार गरी लगानीको वातावरण निर्माण गरिनेछ ।

### ५.१.२ समस्या तथा चुनौती

यस नगरपालिकाको कृषि विकासमा सिंचाइ सुविधाको अभाव प्रमूख समस्या हो भने स्रोत साधन र सामाग्रीको न्यून उपलब्धता, आवश्यक भौतिक पूर्वाधारहरु जस्तै सिँचाइ, सडक, कृषि बजार, शीत भण्डार, गोदाम घर, संकलन केन्द्र आदी कृषि विकासको मुल समस्याको रुपमा लिइएको छ । साथै उत्पादित कृषि उपजको बजारीकरण एवं उचित मूल्यमा विक्री वितरण हुन नसक्नु पनि समस्या रहेको छ ।

### ५.१.३ लक्ष्य

दिगो र व्यावसायिक विकासद्वारा कृषि क्षेत्रलाई प्रतिस्पर्धी र आय आर्जन उन्मुख वनाउने ।

### ५.१.४ कृषि तथा पशुपन्छी सम्वन्ध नीति तथा कार्यक्रमः

- कृषिको विशिष्टीकरण, विविधीकरण, आधुनिकीकरण तथा व्यावसायीकरण गरी उत्पादन परिमाण तथा गुणस्तर अभिबृद्धि गर्ने नीति लिइनेछ। परम्परागत कृषि पेशालाई व्यावसायिक कृषि विकासका लागि दीर्घकालीन रणनीतिक गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ।
- कर्जन्हा नगरपालिकाका ११ वटै वडामा प्राविधिक तालिम उपलब्ध गराई "एक वडा एक उत्पादन, कार्यक्रम, संचालन गरिनेछ।
- कृषियोग्य भूमिको पूर्ण उपयोग, सुनिश्चित गर्न नगरभित्र रहेका कुनैपनि कृषियोग्य जमिन बाँझो राख्न दिइने छैन। व्यक्तिगत वा संघ संस्थाका स्वामित्वमा रहेका बाँझो जमिनमा खेती गर्न चाहने
- कृषक वा समुहलाई दुवै पक्षसँग आवश्यक समनवय गरी खेती गर्न प्रेरित गरिनेछ। जमिनमा खेती गर्न चाहने जो कोही किसानलाई उत्पादनको मात्राको आधारमा अनुदान दिने व्यवस्था गरिनेछ। खाली जमिनमा असल कृषि अभ्यास कार्यक्रम संचालन गरिनेछ।
- अर्गानिक कृषि उत्पादन गर्ने किसानलाई हावा अनुकूल तथा भू-बनावटको आधारमा बिऊ तथा प्राविधिक सेवा उपलब्ध गराइनेछ।
- अस्वस्थ्य खुल्ला मासु बिक्री वितरण, ओसारपसार तथा पशु बधशालाहरुलाई व्यवस्थित गर्न मापदण्ड बनाइनेछ।
- नगरभित्र उत्पादित कृषि उपजको सहज पहुँचका लागि बजार सुनिश्चित गर्न आवश्यक स्थानमाथोक तरकारी खरिद बिक्री केन्द्र स्थापना गरिनेछ।
- कृषक समूह र सहकारी संस्था गठन गर्न प्रोत्साहित गरिने, कृषकको बर्गीकरण गर्ने र सोही अनुसार सुविधा एवं अनुदानको व्यावस्था गरी कृषि पेसालाई पुरस्कृत एवं सम्मानित गरिनेछ।
- कृषि पेसा तथा जैविक र व्यावसायिक उत्पादनमा संलग्न किसानलाई प्रोत्साहित गर्न वार्षिक रुपमा उत्कृष्ट कृषक छनौट गरी पुरस्कृत गर्ने व्यवस्था मिलाइने छ।

- जैविक मल तथा विषादीको उत्पादन एवं प्रयोग गर्न कृषकलाई सचेतना तथा उत्पादन प्रविधि र प्रसार कार्यक्रमको संचालनको व्यवस्था गरिनेछ ।

- उन्नत जातका बाख्रा, गाई, भैसीपालनलाई सहुलियत प्रदान गर्दै कृत्रिम गर्भाधानबाट सुत्केरी भएको भैंसी तथा गाईलाई सुत्केरी भत्ता बापत् रु ५०० दिने कार्यक्रम संचालन र विस्तार गरिनेछ । पशु स्वास्थ्य सेवालाई चुस्त, दुरुस्त र भरपर्दो बनाइनेछ ।

- च्याउ, कुखुरापालन, फलफूल खेती, बाख्रापालन, गाईपालन, फलफूल उत्पादनका लागि स्थान, माटो र हावापानी अुसारको बाली छनौट गरि व्यावसायिक उत्पादनको लागि कृषि प्रसार तथा प्रविधि हस्तान्तरण गरिनेछ । कृषि मल, बिऊ तथा कृषि औजारहरुको वितरणको लागि निर्देशिका बनाई कार्यान्वयन गरिनेछ ।

- नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको जमिनमा फलफुल तथा नर्सरी स्थापना गरी नगरपालिकालाई चाहिने बिरुवा आफै उत्पादन गर्ने नीति लिइएको छ ।

- छरिएर रहेका किसानहरुलाई समूहमा आवद्ध गरी व्यावसाय संचालन सम्बन्धी ज्ञान सीप र प्रविधि हस्तान्तरण गरिनेछ । यसका लागि संघ र प्रदेश सरकारसँग सहकार्य गर्ने नीति लिइनेछ ।

- कृषि खेतीमा कम्तीमा १ विघा भन्दा माथिका व्यवसायिक खेती गर्ने कृषक समूह र बैदेशिक रोजगारीबाट फर्केका स्थानीय नगरबासीलाई समूहिक कृषि तथा फार्महरु संचालन गरी त्यसमा ५० प्रतिशत अनुदान उपलब्ध गराइनेछ, उक्त अनुदान कार्यक्रमहरु कार्यविधि बनाई सो कार्यविधि अनुसार लागू गरिनेछ ।

- कृषि तथा पशु विभागमा नेपाल सरकारबाट ८० प्रतिशत अुनुदान दिने निर्णय भएको बीमा कार्यक्रम थप प्रभावकारी गर्ने नीति लिइएको छ ।

- प्राविधिकहरु किसानहररुको गोठ वा फर्ममा पुगी पशुपंक्षी सम्बन्धी सेवा दिने तथा कृषकहरुको खेतीबाली लगाएकै ठाउँमा गएर बालीनाली सम्वन्धी सेवा दिने प्रवन्ध मिलाइनेछ ।

- प्राङ्गारिक मल बनाउने विधिको विषयमा अध्ययन अनुसन्धान गर्ने नीति तय गरिनेछ ।

- किसानलाई प्रोत्साहन गर्न तथा युवालाई कृषिमा लाग्न उत्प्रेरित गर्न कृषि बिऊ बिजन, मलखाद तथा औषधीमा अनुदान दिने व्यवस्था मिलाइनेछ ।
- माटो अनुसार उत्पादन बढाउन र बाली लगाउन कृषि योग्य भूमि पहिचान गरी माटो परीक्षणको व्यवस्था मिलाइने छ ।
- बैदेशिक रोजगारी गुमाएका युवालाई सामूहिक खेती गर्न प्रेरित गरी कृषिमा लाग्न बैंकबाट सहुलियत कर्जा प्राप्तिका लागि नगरपालिका जमानत बस्ने व्यवस्थाको पहल गरिनेछ ।
- नगरपालिका भित्र किसान ज्ञान पाठशाला निर्माण र संचालनको व्यवस्था मिलाइनेछ ।

### ५.१.५ रणनीति

- कृषि उत्पादन र उत्पादकत्व र प्रतिस्पर्धी क्षमता विकास गर्ने ।
- तुलनात्मक लाभ हुनसक्ने स्थानीय बालीनाली र आधारभुत खाद्य वस्तुको उत्पादनबाट आधारभुत आय हासिल गर्ने ।
- बीउविजन भण्डारणको व्यवस्था मिलाइनेछ ।
- कृषि क्षेत्रको अतिरित्त श्रमशक्तिलाई कृषि तथा गैरकृषिमा आधारित सेवा र उद्योग क्षेत्रतर्फ आकर्षित गरी यस क्षेत्रमाथिको निर्भरता कमगर्ने ।
- जलवायु परिवर्तन र प्रकोपवाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै वातावरणमैत्री कृषि प्रविधिको विकास र विस्तार गर्ने ।
- कृषि तथा पशुसेवामा प्रयोग भइरहेको स्थानीय सिपलाई आधुनिक सिप र प्रविधिमा अनुमिलन गराइ दिगो कृषि विकास गर्ने ।
- सिंचाइका उपयुक्त प्रविधि समेतको उपयोग गरी सिञ्चित क्षेत्र विस्तार गर्ने ।

### ५.१.६ परिमाणात्मक स्थिति

कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषि उपजमा आत्मनिर्भर भई कृषि उपज निर्यात भएको हुने हुनेछ ।

### ५.१.७ अपेक्षित उपलब्धि

कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी स्थानीय अर्थतन्त्रमा टेवा पुग्नेछ। नगरपालिका कृषि उपजमा आत्मनिर्भर हुनेछ र कृषि उत्पादनहरुको निर्यात गर्न सक्षम हुनेछ।

### तालिका ५.४: कृषि तथा पशुपंक्षी विकासका मुख्य कार्यक्रम

| कार्यक्रम | इकाई | आधार वर्ष २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार शाखा |
|---|---|---|---|---|---|---|---|---|---|
| आँप बगैंचा | बिघा | ११६ | १२३ ( अघिल्लो आ.वमा थप ७ बिघा | | | | | ३०० बिघा | नपा, कृषि शाखा |
| व्यवस्थित बगर खेती (तर्वुजा, खर्बुजा) | बिघा | आँप खेती गरिएका स्थानमा खर्बुजा खेती गरिने | | | | | | ३०० बिघा | नपा, कृषि शाखा |
| माटो परीक्षण | | | | | | | | प्रत्येक वडाको माटो परीक्षण गरी उत्पादन सम्भावनाको एकीन गरीनेछ। | नपा तथा वडा कार्यालयले ले विशेषज्ञको सहयोगमा |
| पकेट स्थापना सहयोग कार्यक्रम | | | | | | | | प्रत्येक वडामा सम्भभावनाको आधरमा पकेट क्षेत्र स्थापनाको लागि सहयोग गरिनेछ | नपा, कृषि शाखा |
| कृषि प्रविधि विकासका लागि कृषि अनुसन्धान कार्यक्रम | वटा | | १ | १ | १ | १ | | ४ | नपा, कृषि शाखा |
| नमूना सामूहिक कृषि फार्म स्थापना र सहयोग कार्यक्रम | वटा | | २ | ३ | ३ | ३ | | प्रत्येक वडामा एकएक गरी ११ | नपा, कृषि शाखा |
| मल तथा बिउविजन वितरण कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | प्रत्येक वर्ष | नपा, कृषि शाखा |
| कृषियन्त्र वितरण कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | प्रत्येक वर्ष | नपा, कृषि शाखा |
| किसानसँग विज्ञ कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | प्रत्येक वर्ष | नपा, कृषि शाखा |
| स्कुल बालबालिकासँग कृषि कार्यक्रम | | | १ | १ | १ | १ | १ | प्रत्येक वर्ष | नपा, कृषि शाखा |

| कार्यक्रम | इकाई | आधार वर्ष २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार शाखा |
|---|---|---|---|---|---|---|---|---|---|
| कृषि सम्वन्धी तथ्यांक अध्यावधिक गर्ने | | | बेसलाइन सर्भे गर्ने | | | | | प्रत्येक वर्ष अध्यावधिक गर्ने | नपा, कृषि शाखा |
| कृषि उपज बजार तथा संकलन केन्द्र स्थापना | वटा | | | | | | | प्रत्येक वडामा एक | नपा, कृषि शाखा |
| कोल्ड स्टोर स्थापना | वटा | | | | | | | प्रत्येक दुई वडामा एक | नपा, कृषि शाखा |
| कृषि तथा पशु भेटेनरी विद्यालय स्थपना गर्न पहल गर्ने | | | | | | | | निर्माण सम्पन्न नभएसम्म पैरवी गर्ने | नपा |
| व्यवस्थित स्लटर हाउस स्थापनाको लागि जनचेतना तथा अभिमुखीकरण कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | प्रत्येक वर्ष | नपा |
| सुलभ कर्जा प्राप्त गर्न बैंकिंग सचेतना तथा अभिमुखीकरण कार्यक्रम | पटक | | ३ | २ | १ | १ | १ | घरेलु साना उद्योग गर्न चाहने तथा कृषि मा लाग्ने सबैमा सुलभ कर्जा प्राप्त गर्ने | नपा रबैंक तथा वित्तीय संस्थासँगको सहकार्य |
| कृषि तथा पशुपंक्षी बीमा सचेतना कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | प्रत्येक वर्ष | नपा, बीमा कम्पनीका शाखासँगको सहकार्यमा |

## ५.२ सिँचाइ

### ५.२.१ पृष्ठभूमि

कर्जन्हा नगरपालिकामा वर्षभरी र मौसमीरुपमा सिंचाईका लागि कुलो र नहर उपलब्ध रहेको देखिन्छ । त्यस्तै विभिन्न स्थानमा बोरिङ्गमार्फत पनि सिञ्चाई हुने गरेको छ । उपलब्ध सिञ्चाई पूर्वाधारबाट करिब ३८५६ बिघा जमिन सिञ्चित भएको तथा कुल ३२८८ घरपरिवार लाभान्वित भएका तथ्यांक छ ।

### तालिका ५.५: सिंचाई आयोजना

| आयोजनाको नाम | वडा नं. | सिंचाईको किसिम | सिंचाई हुने क्षेत्रफल (बिगाहा) | सिंचाईको उपलब्धता | लाभान्वित घरधुरी |
|---|---|---|---|---|---|
| कमला कुलो सिंचाई आयोजना | १ | कुलो | २०० | वर्षभरी | ५१३ |
| कमला पैनी | २ | कुलो | ३०० | वर्षभरी | ५०० |
| कमला सिंचाई आयोजना | ४ | कुलो | ५० | मौसमी | १०० |
| डिप बोरिङ्ग | ४ | पाईप | २०० | वर्षभरी | ३५० |
| कमला सिंचाई आयोजना | ५ | कुलो | १०० | मौसमी | ५० |
| कमला सिंचाई आयोजना | ५ | नहर कुलो | २५० | मौसमी | २५० |
| कमला सिंचाई आयोजना | ६ | नहर | ६०० | मौसमी | ३०० |
| कमला सिंचाई आयोजना | ६ | नहर | ६०० | मौसमी | ३०० |
| कमला सिंचाई आयोजना | ७ | नहर | ८०० | मौसमी | ७०० |
| कमला सिंचाई आयोजना | ८ | नहर | ३५० | मौसमी | २०० |
| कमला सिंचाई आयोजना | ९ | नहर | ४०० | मौसमी | ० |
| स्टेट बोरिङ्ग | ११ | कुलो | १५ | मौसमी | २५ |
| **जम्मा** | | | ३८६५ | | ३२८८ |

*स्रोत: नगर वस्तुगत विवरण २०७५*

यस कर्जन्हा नगरपालिका भएर बहने विभिन्न नदी, खोला र जमिन मुनीरहेको जलस्रोतबाट नगरपालिकाको खेती योग्य भुमीमा सिँचाइ सुविधा पुऱ्याइ रोजगारी र आर्थिक विकासका नयाँ क्षेत्रहरुको ढोका खुल्न सक्ने देखिन्छ । यसबाट नगरपालिकाको खाद्यन्न उत्पादनमा बृद्धि भइ खाद्य सुरक्षाको अवस्थामा सुधार गर्न र निर्यातमा योगदान पुग्ने देखिन्छ ।

### ५.२.२ समस्या तथा चुनौती

प्राकृतिक प्रणालीमा आधारित नदी भएकोले वर्षैभरी भरपर्दो सिँचाई सुबिधा उपलब्ध गराउन नसक्नु, प्राकृतिक मुल तथा मुहानहरु सुक्दैजानु, नदीजन्य निर्माण सामाग्रीको अत्यधिक दोहन हुनाले नदीको बेड लेभल घट्दै जानु आदी यस क्षेत्रका प्रमुख समस्या हुन् । विशेष गरी कमला नदीमा सुख्खायाममा पानीको सतह कम हुने हुँदा नहरमा पानी नहुने र नहरले सिंद्धाई गरिने क्षेत्रमा भ्रूण्डै ६ महिना सुख्खा हुनेहुँदा कृषि उत्पादनबाट बञ्चित हुनु परेको स्थिति छ ।

### ५.२.३ लक्ष्य:

कृषि योग्य भूमिमा दिगो एवम् भरपर्दो सिँचाई सुबिधा उपलब्ध गराउने ।

### ५.२.४ रणनीति

- मुख्य कुलोहरुको स्तर उन्नति गरी कृषि श्रेत्रको खम्वाको रुपमा विकास गरिने ।
- सिंचाई पूर्वाधारको मर्मत सम्भार तथा नियमितताका लागि उपभोक्ताको सहभागितालाई प्रवर्द्धन गरिने ।
- सिंचाइ सुविधा उपलब्ध नरहेको खेतीयोग्य जमिनमा डिप बोरिङ्गको व्यवस्था गरी सिँचाइ सुविधालाई प्रभावकारी बनाइने ।
- कृषि विकास रणनीति अनुसार गुरुयोजना बनाई सिँचाई योजनाहरुको विकास एवम्‌विस्तार गर्ने ।
- छिमेकी स्थानीय तह, संघ र प्रदेश संग समन्वय गरी बाह्रै महिना सिँचाई सुविधा उपलब्ध हुने आयोजनालाई प्राथमिकताका साथ अघि बढाउने ।
- सुनकोशी डाइभर्सनबाट कमला नदीमा पानी ल्याई नहरमार्फत बाह्रै महिना सिञ्चाईको व्यवस्थाको लागि पहल गर्ने ।

### ५.२.५ परिणात्मक स्थिति

कृषि योग्य जमिनमा बाह्रै महिना सिञ्चाई सुविधा उपलब्ध हुन सक्ने ।

### ५.२.६. अपेक्षित उपलब्धि

सिञ्चाई सेवाको विकास र विस्तार भई खेतीयोग्य जमीनमा बाह्रै महिना सिँचाई सुविधा उपलब्ध हुनेछ ।

तालिका ५.६: सिञ्चाईका मुख्य कार्यक्रम

| कार्यक्रम | इकाई | आधार वर्ष २०७९/८० | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार शाखा |
|---|---|---|---|---|
| कमला कुलो सिंचाई आयोजना | बिगाहा | २०० | थप ३०० | नपा, कृषि तथा भौतिक पूर्वाधार शाखा |
| कमला पैनी | बिगाहा | ३०० | थप ३५० | नपा, कृषि तथा भौतिक पूर्वाधार शाखा |
| कमला सिंचाई आयोजना | बिगाहा | ३१५० | | नपा, कृषि तथा भौतिक पूर्वाधार शाखा |
| सुनकोशी डाइभर्सनबाट कमलानदीमा पानी ल्याउने योजनाको लागि पैरवी | | | योजना सम्पन्न भएपछि सम्पुर्ण कृषियोग्य जमीनमा बाह्रै महिना सिञ्चाई सुविधा पुग्नेछ। | नगरपालिका |

## ५.३ भूमि व्यवस्था

### ५.३.१ पृष्ठभूमि

भूमिको समुचित उपयोग सुनिश्चि गर्न स्थानीय जनताको स्वामित्व रहेको जमीन र सार्वजनीक जमीनको पारदर्शिता, जवाफदेहिता, विद्यमान ऐन, नियमका आधारमा नगरपालिकाले जनताको भावना, जमीनको उत्पादन तथा उत्पादकत्वको सम्भावना, दिगो उपयोगको सम्भावनालाई ध्यानमा राखी जमीनको प्रभावकारी परिचालन गरिने छ।

### ५.३.२ समस्या र चुनौती

कृषि योग्य भूमिको खण्डिकरण, योजनाबद्ध बसोबास प्रणालिको व्यवस्था लागु नहुनु। भूउपयोग योजना तयार गरी कार्यान्वयन नहुनु, नापनक्सा कार्यमा समयानुकुल आधुनिक प्रविधिको अवलम्वन यस क्षेत्रका प्रमुख चुनौति हुन्।

### ५.३.३ लक्ष्य

भूमि व्यवस्थालाई नगरपालिकाको दिगो विकासको आधार बनाउने।

### ५.३.४ रणनीति

- भूमि सम्बन्धी समस्या समाधान आयोग र कर्जन्हा नगरपालिकाबीच भएको साझेदारी बमोजिम यस नगर क्षेत्रभित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुको व्यवस्थापनतर्फ पहल गरिनेछ ।
- जनसहभागिता जुटाई क्षमता, उपयुक्तता र आवश्यकताका आधारमा भूमिको वर्गिकरण तथा उपयोग सुनिश्चित गरी उत्पादन बृद्धि गर्ने ।
- आधुनिक प्रविधिमा आधारित नाप नक्सा तयार गर्ने ।

### ५.३.५ अपेक्षित उपलब्धि

गुणस्तरीय भौगोलिक सूचना प्रणालि विकास भई नीत निर्माण, योजना तर्जुमा र विकास निर्माण कार्य गर्न सहज भएको हुनेछ ।

**तालिका ५.७: अपेक्षित उपलब्धि**

| कार्यक्रम | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार शाखा |
|---|---|---|
| निजी, गुठी, सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख अध्यावधिक | काम सम्पन्न भएको हुने | नपा |
| भूउपयोग तथ्यांक अध्यावधिक गर्ने | काम सम्पन्न भएको हुने | नपा |
| भूमिहीन तथा सुकुम्वासीहरुको अभिलेख राख्ने | काम सम्पन्न भएको हुने | नपा |
| राष्ट्रिय भूमि आयोगसँगको समन्वयमा भूमिहीन तथा सुकुम्वासीहरुका लागि व्यवस्थित बसोबासको व्यवस्था मिलाउने | काम सम्पन्न भएको हुने | नपा, संघीय सरकार |

## ५.४ सहकारी तथा गरिबी निवारण

### ५.४.१ पृष्ठभूमि

कर्जन्हा नगरपालिकामा २० सहकारी संस्थाहरु सञ्चालनरत छन् । यी मध्ये नौ कृषि सहकारी, आठ बचत तथा ऋण सहकारी र दुई उपभोक्ता सहकारी रहेका छन् ।

स्थानीय आर्थिक विकासमा सहकारीको प्रवर्द्धन र परिचालन गदै गरिबी निवारण गर्ने तर्फ यस नगरपालिकाले कार्य गर्नु पर्नेछ । सबै कृषकले सवै क्षेत्रमा उत्पादन गर्न सक्दैनन्, लागत तथा आर्थिक क्रियाकलाप र जमिन र भुगोलका कारण सवै क्षेत्र उपयोगी हुदैन पनि त्यसकारण नगरपालिकाले

सर्वेक्षण गरि निश्चित क्षेत्र र व्यवसाय तोकि एक क्षेत्र/गाँउ एक उत्पादनमा जोड दिनु उपयुक्त हुन्छ ।

दलित जनसंख्या उच्च रहेको यस कर्जन्हा नगरपालिकामा गरिबीको अवस्था पनि उच्च छ । पालिका भित्र १२३ घरपरिवारको आफ्नै घरजग्गा छैन् । निरपेक्ष गरिबीमा रहेका जनसंख्या ३० प्रतिशत भन्दा बढी छ भने बहुआयामिक गरिबी पनि उच्च छ ।

### ५.४.२ समस्या र चुनौती

सहभागी सदस्य, लाभान्वीत संख्या र सहकारीको उद्धेश्य सम्बन्धमा तथ्याङ्क संकलन नभएको ।

### ५.४.३ लक्ष्य

स्थानीय आर्थिक विकासमा सहकारीको प्रवर्द्धन र परिचालन गदै गरिबी निवारणमा सघाउ पुऱ्याउने ।

### ५.४.४ सहकारी नीति

- सहकारीलाई व्यावस्थित गर्न, सहकारी, संघ-संस्था ऐन कार्यान्वयनमा ल्याइने छ । नगर क्षेत्रभित्रका सहकारीहरुको प्रभावकारी अनुगमन गरी राजस्वको दायराभित्र ल्याइनेछ । कृषि सहकारीहरुलाई सम्भाव्यताको आधारमा अध्ययन नमूना सहकारीको स्वरुपमा विकास गरिनेछ ।
- नगरक्षेत्रभित्रका सहकारीहरुले त्रैमासिक रुपमा तोकिएको ढाँचामा नगरपालिकामा विवरण बुझाउनुपर्ने व्यवस्था मिलाइनेछ ।
- सहकारी संघ-संस्थाहरुको एकीकरण प्रक्रियालाई प्रोत्साहन गर्दै सहकारीका सिद्धान्त तथा मूल्य मान्यतालाई व्यवहारमा उतार्ने नीति अवलम्वन गरिनेछ ।
- सामाजिक उत्तरदायित्व बापतको १.५ प्रतिशत तिर्ने सहकारीहरुको प्रवर्द्धनमा जोड दिइनेछ ।

- सहकारीका सुपथ मूल्य पसल खोल्न प्रोत्साहित गर्ने नीति अवलम्वन गरिनेछ । सहकारी संघ-संस्था मार्फत् किसानलाई चाहिने मलखाद बिऊ बिजन औषधि बिक्री वितरणको व्यवस्था मिलाइनेछ ।
- गरिब घरपरिवारको पहिचान गरी तथ्यांक संकलन गरिनेछ ।
- गरिब घरपरिवारलाई सहकारीमा आवद्ध हुन प्ररित गरिनेछ ।
- सहकारी संस्था दर्ता नियमन गर्न सहजता अपनाइनेछ ।

### ५.४.५ रणनीति तथा कार्यनीति

- एक क्षेत्र/गाँउ एक उत्पादनमा
- प्रत्येक वडामा एक संकलन तथा विक्री केन्द्रको स्थापना गरी सहकारीहरुलाई परिचालन गर्ने ।
- विषगतरुपमा दुग्ध विकास, पशु विकास, घरेलु तथा लघु उद्यम, कृषि खाध्य तथा उत्पादन विकास, पशुपंक्षी विकास, विउ विजन विकास, तरकारी तथा फलफुल विकास र वचत तथा ऋण जस्ता सहकारीहरुको प्रवर्द्धन र परिचालन गर्ने ।
- गरिब घरपरिवारको तथ्यांक संकलन गर्ने ।

### ५.४.६ परिणात्मक स्थिति

स्थानी स्तरमा हरेक परिवार सहकारीमा आवद्ध भएका हुनेछन । प्रत्येक वडामा एक संकलन तथा विकी केन्द्रको स्थापना गरि सहकारीहरु परिचालन भएका हुनेछन् । गरीब घरपरिवारको तथ्यांक संकलन तथा परिवारको पहिचान हुनेछ । सहकारीमा आवद्ध गरिब घरपरिवारमा बचत गर्ने बानीको सिर्जना हुनेछ । साथै सहकारीमार्फत लघुकर्जाको उपयोग गरी गरिबीको दुष्चक्रबाट निस्कन सहज हुनेछ ।

### ५.४.७ अपेक्षित उपलब्धि

दिगो विकास लक्ष्य १ हासिल गर्ने ।

**तालिका ५.८: सहकारी र गरीबी निवारणसँग सम्वन्धित मुख्य कार्यक्रम**

| कार्यक्रम | कसरी गर्ने, योजना अवधिको लक्ष्य | जिम्मेवार शाखा |
|---|---|---|
| नगर क्षेत्रभित्रका सहकारीहरुको प्रभावकारी अनुगमन | नियमित, वर्षको कम्तीमा ४ पटक | नपा |
| कृषि सहकारीहरु क्षेत्र सम्भाव्यताको अध्ययन | पहिलो वर्ष | नपा |
| कृषि नमूना सहकारी स्थापना गर्न प्रोत्साहन | नपा भित्र कमसे कम ५ वटा | |
| सहकारीका सुपथ मूल्य पसल खोल्न प्रोत्साहिन | कमसेकम प्रत्येक वडामा एक | |
| सहकारी संघ-संस्था मार्फत् किसानलाई चाहिने मल, बिऊ बिजन औषधि बिक्री वितरणको व्यवस्था | नियमित, वार्षिक | नपा |
| गरिब घरपरिवारको तथ्यांक संकलन | पहिलो वर्षमा तथ्यांक संकलन गर्ने | नपा |
| गरिब घरपरिवारलाई करार खेतीमा आवद्ध गर्ने | गरिब घरपरिवार पहिचानपछि दोस्रो वर्षबाट | नपा |

## ५.५ उद्योग, वाणिज्य तथा आपूर्ति

### ५.५.१ पृष्ठभूमि

नगरपालिकाले स्थानीय जनतालाई उद्यमशील बनाई घरेलु, साना तथा मझौला उद्योगको विकास र विस्तारमा संलग्न गराएर नगरपालिकाको आर्थिक विकासलाई गतीशील बनाउन आवस्यक छ । उद्योगको विकासले रोजगारीको अवसरमा बृद्धि हुनुका साथै स्थानीय स्रोत साधनको उच्चतम परिचालन समेत हुने छ ।

कर्जन्हा नगरपालिकामा कुल ५ सय ४९ व्यवसायिक प्रतिष्ठानहरु रहेका छन् भने यी प्रतिष्ठानहरुमा ८ सय ३० पुरुष र ३ सय ९७ महिला गरी कुल एक हजार २ सय २७ जना संलग्न छन् । संख्याको आधारमा वडा नं. दुईमा १२८ र वडा एक मा सबैभन्दा कम १९ यस्ता व्यवसायिक प्रतिष्ठानहरु रहेका छन् ।

**तालिका ५.९: कर्जन्हा नगरपालिकामा भएका व्यवसायिक प्रतिष्ठानहरु**

| वडा नं | व्यवसायिक प्रतिष्ठानको संख्या | संलग्न व्यक्ति | | |
|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला |
| १ | १९ | २४ | १२ | १२ |
| २ | १२८ | २५२ | १५० | १०२ |
| ३ | ६९ | १०८ | ८७ | २१ |
| ४ | ४७ | ९३ | ६२ | ३१ |

| वडा नं | व्यवसायिक प्रतिष्ठानको संख्या | संलग्न व्यक्ति | | |
|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला |
| ५ | २२ | ४७ | ३१ | १६ |
| ६ | २७ | ४५ | २२ | २३ |
| ७ | ३८ | ८५ | ६१ | २४ |
| ८ | २६ | ७८ | ३८ | ४० |
| ९ | १३ | २६ | १८ | ८ |
| १० | ५९ | २१८ | १६० | ५८ |
| ११ | १०१ | २५१ | १८९ | ६२ |
| **जम्मा** | **५४९** | **१२२७** | **८३०** | **३९७** |

*स्रोतः राष्ट्रिय आर्थिक सर्वेक्षण, २०७५*

### ५.५.२ समस्या र चुनौती

- स्थानीय जनतामा उद्यमशील सोचको विकास हुन नसक्नु, उत्पादनशील क्षेत्रमा स्थानीय पूँजी परिचालन हुन नसक्नु, साना उद्यमीको उत्पादन बाहिरी ठूला उद्योगको उत्पादन संग बजारमा प्रतिस्पर्धा गर्न नसक्नु, स्थानीय तहमा निजी क्षेत्र आकर्षित हुन नसक्नु, घरेलु तथा साना उद्योग प्रवर्द्धनमा पुँजी, सीप, कच्चा पदार्थ र प्रविधि संयोजन गर्न स्थानीय तहको निजी क्षेत्रले नेतृत्व लिन नसक्नु, कृषि संग अन्य क्षेत्र जस्तै वन, खानी जोडिन नसक्नु यस क्षेत्रका समस्या हुन् ।
- लगानी मैत्री वातावरण सृजना गरी लागत लाभका आधारमा उद्यमीलाई आकर्षित गर्नु, पूर्वाधारको विकास गर्नु, कच्चा पदार्थको उपलब्धता, भरपर्दो श्रम नीति नहुनु आदी यस क्षेत्रको विकासको चुनौति हुन् ।

### ५.५.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोचः** उद्योग क्षेत्रको विकास दिगो अर्थतन्त्र निर्माणको आधार

**लक्ष्यः** उद्योग क्षेत्रको विकास र विस्तार गरी आय तथा रोजगारी वृद्धि गर्ने

उद्देश्यः

- घरेलु तथा साना उद्योगको विकास र विस्तारबाट नगरपालिकाको आर्थिक विकासमा योगदान गर्ने ।
- आन्तरिक उत्पादनलाई प्रतिस्पर्धी बनाउदै, तुलनात्मक लागत लाभको दृष्टिले फाइदा हुने खालको बस्तु तथा सेवा उत्पादनमा जोड दिई आयात प्रतिस्थापनको नीति अवलम्वन गरिनेछ ।
- उद्योगको विकास र विस्तारमार्फत आन्तरिक रोजगारी सिर्जना गर्ने

**५.५.४ उद्योग, बाणिज्य तथा रोजगार सम्बन्धी नीति :**

- नगरपालिकाको आर्थिक वृद्धि दर र प्रति व्यक्ति आय बढाउन बाह्य तथा आन्तरिक लगानी र प्रविधिको प्रवर्द्धन गरिनेछ ।
- स्थानीय कच्चा पदार्थको आधारमा उद्योगको स्थापना गर्न प्रोत्साहन दिइने छ । मुख्य बजार क्षेत्रहरुमा बिक्री कक्ष, प्रर्दशनी कक्ष स्थापना गर्दै स्थानीय उत्पादनहरुको बजार प्रवर्द्धन गरिनेछ ।
- नगरपालिका क्षेत्रमा स्थापना भई संचालनमा रहेका सबै प्रकारका उद्योग, व्यापार व्यवसायको स्वीकृत मापदण्ड अनुसार दर्ता वा अनुमति नवीकरण, नियमन, खारेजी र लगतकट्टाको व्यवस्था गरिनेछ ।
- नगरबासीको कर तिर्न सक्ने क्षमताको आधारमा राजश्वको दायरा बृद्धि गरिने छ । स्थानीय स्रोत साधनको उचित प्रयोगमार्फत् राजश्वको दायरा फराकिलो बनाउँदै लैजाने नीति अवालम्वन गरिनेछ ।
- भू-उपयोग नीति बनाई कृषि/पशुपालन, उद्योगधन्दा संचालन क्षेत्र, आवस क्षेत्र निर्धारण गरी त्यही बमोजिम नीति बनाई उद्योग व्यवसायीलाई आकर्षित गर्ने योजना कार्यान्वयनमा ल्याइनेछ ।

### ५.५.५ रणनीति

- स्थानीय जनताले सञ्चालन गर्न सक्ने घरेलु उद्योगको प्रवर्द्धन गर्ने ।
- रोजगारीमा घरेलु उद्योग सञ्चालन गर्न लगानीको वातावरण निर्माण गर्ने ।
- स्थानीय श्रमिकलाई रोजगार दिन सक्ने उद्योगलाई विशेष प्राथमिकता दिने ।

### ५.५.६ परिणात्मक स्थिति

- स्थानीय जनताले सञ्चालन गर्न सक्ने घरेलु उद्योगको प्रवर्द्धन भएको हुनेछ ।
- रोजगारीमा घरेलु उद्योग सञ्चालन गर्न लगानीको वातावरण निर्माण हुने छ ।

### ५.५.७ अपेक्षित उपलब्धि

स्थानीय आर्थिक विकासमा उल्लेख्य सुधार भएको हुनेछ । नगरपालिकामा लघु उद्यम, मझौला उद्यमहरु स्थापना हुनेछन् र रोजगारी सिर्जना भएको हुनेछ । त्यस्तै ठूला उद्योगहरु खोल्न लगानीकर्तालाई आकर्षित गरी नगरपालिकाको आय वृद्धि तथा रोजगारी सिर्जना हुनेछ ।

**तालिका ५.१०: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

| कार्यक्रम | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार शाखा |
|---|---|---|
| औद्योगिक तथ्यांक संकलन तथा संभाव्यता अध्ययन | औद्योगिक तथ्यांक संकलन तथा संभाव्यता अध्ययन सम्पन्न भई नीति निर्माणमा सहयोग पुग्नेछ । | नपा |
| वडा नं १ मा औद्योगिक ग्रामको स्थापना | औद्यिोगिक ग्रामको स्थापना भई सकेको हुनेछ, उद्योगहरुको लागि आवश्यक सडक, विद्युत जस्ता पूर्वाधर उपलब्ध हुनेछ । | नपा |
| मेड्पासँगको सहकार्यमा साना तथा लघुउद्यमको विस्तार | युवा तथा साना व्यवसायी स्वरोजगार कोष तथा मेड्पासँगको सहकार्यमा साना तथा लघुउद्यमको विस्तार भएको हुनेछ । | नपा |

| कार्यक्रम | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार शाखा |
|---|---|---|
| आँप, लिची जस्ता स्थानीय उत्पादनमा आधारित साना तथा घरेलु उद्योग सञ्चालन तालिम | आँप, लिची जस्ता स्थानीय उत्पादनको बजार विस्तार र मुल्य अभिवृद्धिको लागि साना तथा घरेलु उद्योग सञ्चालन तालिम दिइनेछ। | नपा तथा विज्ञसँगको सहकार्य |
| वन पैदावारमा आधारित उद्योग स्थापनामा प्रोत्साहन | वन पैदावारमा आधारित उद्योग स्थपनामा प्रोत्साहन कार्यक्रम वर्षको एकपटक सञ्चालन गरिनेछ। | नपा |

## ५.६ संस्कृति तथा पर्यटन

### ५.६.१ पृष्ठभूमि

कर्जन्हा नगरपालिकामा धार्मिक, सांस्कृतिक तथा प्राकृतिक दृष्टिले पर्यटकीय महत्व रहेका ३१ स्थानहरु रहेका छन्। यी मध्ये अधिकांश धार्मिक पर्यटकीय स्थलको रुपमा रहेका छन्। यिनीहरु मध्ये सोनामाई मन्दिरबाहेक अन्य सबै ठाउँमा सडकको पहुँच पुगेको छ। ठाकुरजी र सुन्दर ताल बजार क्षेत्रबाट अलि टाढा रहेका छन् भने अन्य स्थानहरु बजार क्षेत्र नजिकै रहेका छन्।

नगरपालिकाको आर्थिक विकासका विभिन्न क्षेत्रहरुमध्ये पर्यटन एक महत्वपूर्ण क्षेत्र हो। आफूसँग भएको भौतिक तथा प्राकृतिक सम्पदा, धार्मिक तथा पर्यटकीय स्थल, आफ्नो सामाजिक, भाषिक, सांस्कृतिक जीवन पद्दति आदि सम्बन्धी विषयबारे अरुलाई जानकारी गराई ती स्थानहरुमा भ्रमण गराई आय आर्जन गर्न सकिने व्यवसाय पर्यटन उद्योग हो। नगरपालिकाले संस्कृतिको जगेर्ना तथा पर्यटन क्षेत्रमा प्रचुर सम्भावना भएता पनि उल्लेख्य काम गर्न सकिएको छैन।

### ५.६.२ समस्या र चुनौती

नगरपालिका भित्र आवश्यक मात्रामा स्तरीय होटल हुन नसक्नु, यस क्षेत्रको धार्मिक, ऐतिहासिक, मनोरम क्षेत्रको महत्व बारे पर्याप्त मात्रामा प्रचार प्रसार हुन नसक्नु, यस क्षेत्रमा उत्पादन हुने खाद्यान्न आदीको पहिचान हुन नसक्नु पर्यटन विकासको समस्या हो भन्न सकिन्छ।

### ५.६.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोचः** कर्जन्हा नगरपालिकाको समृद्धिको आधार, पर्यटनको दिगो विकास

**लक्ष्य:** धार्मिक तथा मनोरञ्जनका लागि नेपाल आएको वाह्य तथा आन्तरिक पर्यटकलाई आकर्षित गर्ने ।

**उद्देश्य:**

- पर्यटन र स्थानीय उत्पादनसँगको सम्वन्ध स्थापित गर्नु ।
- पर्यटन पूर्वाधार र पर्यटकीय उपजको विकास र प्रवर्द्धन गर्नु ।
- पर्यटनमार्फत जनताको आय र रोजगारी सिर्जना साथै नगरपालिकाको आन्तरिक आयमा वृद्धि गर्नु ।

### ५.६.४ पर्यटन तथा संस्कृति सम्बन्धी नीति

- नगर क्षेत्रभित्रका पर्यटकीय स्थलहरुको योजनाबद्ध विकास गर्न तथा यस नगरपालिकालाई दिगो पर्यटनमैत्री नगरको रुपमा विकास गर्न पर्यटन गुरुयोजना बनाई कार्यान्वयनमा ल्याइनेछ ।
- यस नगर क्षेत्रमा भएका धार्मिक तथा गुठिका सम्पदाहरुको संरक्षण र सम्वर्द्धन तथा उचित प्रयोग गर्दै धार्मिक पर्यटनलाई सुदृढ बनाइनेछ । नगरभित्रको धार्मिक तथा पर्यटन क्षेत्र उत्तरवाहिनी, कमला व्यारेज, नन्दबाबा मन्दिर, मरेवा घाट, बाबा ताल तथा अन्य मठमन्दिरको संरक्षण, पूर्वाधार निमार्ण तथा सुदृढीकरणलाई निरन्तरता दिई आन्तरिक तथा बाह्य पर्यटक लाई आकर्षित गर्न सामाजिक सञ्जाल र विद्युतीय माध्यमबाट व्यापक प्रचार प्रसार गरी जानकारी गराइनेछ ।
- उपयुक्त स्थानहरुको पहिचान गरी स्थानीय बाल उद्यान निर्माण गरिनेछ ।
- नगरपालिकास्थित व्यस्त बजार तथा महत्वपूर्ण स्थानमा निगरानी तथा सुरक्षा व्यवस्थापन सुदृढ गर्नका लागि सडक बत्ती र सिसिटिभि क्यामेरा जडान गरिनेछ, साथै त्यस्ता ठाउँहरुलाई Free WiFi Zone बनाइनेछ ।

- नगरपालिकामा पर्यटन विकास तथा सांस्कृतिक संरक्षण समिति गठन गरी पर्यटन विकास, संस्कृति संरक्षण र प्रवर्द्धन सम्बन्धी कार्यहरु व्यवस्थित रुपमा संचालन गरिनेछ ।
- नगरभित्रको कला, संस्कृति, रीतिरिवाज, परम्परा जीवन्त तुल्याउन पुरातात्विक स्वरुप कायम गर्ने खालका कार्यक्रमहरु संचालन गरिनेछ ।
- उत्तरबाहिनीमा फिल्म सिटीको निर्माण सुरु गरिनेछ ।

### ५.६.५ रणनीति

- होटल तथा होमस्टे निर्माणमा सहजीकरण गर्ने ।
- स्थानीय कृषि तथा पशुपंक्षी उद्यमशीलतामा प्रबर्द्धन गर्ने ।

### ५.६.६ परिणात्मक स्थिति

पर्यटकको आकर्षण बढाउनका लागि होटल तथा होमस्टेको व्यवस्था गरिने छ । पर्यटकिय क्षेत्रहरुको विकास र प्रवर्द्धन भएको हुनेछ ।

### ५.६.७ अपेक्षित उपलब्धि

पर्यटन क्षेत्रको विकास र विस्तार, नगरपालिकाको आर्थिक विकासको आधार हुनेछ ।

**तालिका ५.११: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

| कार्यक्रम | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार शाखा |
|---|---|---|
| कमला बाबाताल उत्तरबाहिनी पैदल मार्ग विकास गर्ने | कमला बाबाताल उत्तरबाहिनी पैदल मार्गको निर्माण भएको हुनेछ । | नपा |
| होमस्टे संचालन तालिम | छानिएका ठाउँहरुमा होमस्टे संचलनका लागि स्थानीयलाई तालिम प्रदान तथा अभिमूखीकरण गरिनेछ | नपा |
| पर्यटकीय स्थल तथा उपजहरुको प्रचारप्रसार गर्ने | विद्युतीय माध्यमबाट पर्यटकीय स्थल तथा उपजहरुको प्रचारप्रसार गरिनेछ । | नपा |

| कार्यक्रम | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार शाखा |
|---|---|---|
| आँप महोत्सव आयोजना गर्ने | वर्षको एकपटक आँप पाक्ने सिजनमा आँप महोत्सव आयोजना गर्ने | नपा, स्थानीय कृषक |
| उत्तरबाहिनीमा फिल्म सिटी निर्माण गर्ने | फिल्म सिटीको निर्माण सम्पन्न भएको हुनेछ। | नपा |

## ५.७ श्रम, रोजगारी तथा गरिबी

### ५.७.१ पृष्ठभूमि

यस नगरपालिकाका धेरै जसो मानिसहरु कृषिमा संलग्न रहेको पाइन्छ भने अधिकांश घरबाट युवाहरु वैदेशिक रोजगारीमा गएका छन्। केही युवाहरुको दैनिक ज्यालादारी नै रोजगारको मुख्य स्रोत रहेको पाइन्छ। केही युवाहरु निजी तथा संस्थागत नोकरी तथा आफ्नो व्यापार व्यवसायतर्फ आकर्षित छन्। नगरपालिकाको श्रमजिवी जनसंख्या विदेशमा रोजगारी तथा उच्च शिक्षाका लागि गएको तथ्याङ्कले देखाएको छ। कर्जन्हा नगरपालिकाबाट वैदेशिक रोजगारीमा गएका युवाहरुको वडागत तथ्यांक तालिका ५.१२ मा प्रस्तुत गरिएको छ। नगरपालिकाबाट कुल जनसंख्याको झण्डै ७ प्रतिशत वैदेशिक रोजगारीमा गएका देखिन्छ।

**तालिका ५.१२: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

| वडा नं. | कुल जनसंख्या | वैदेशिक रोजगारीमा गएका युवा संख्या | वैदेशिक रोजगारीमा गएका जनसंख्या प्रतिशत |
|---|---|---|---|
| १ | २७०९ | २२० | ८.१ |
| २ | ५०४५ | ३३७ | ६.७ |
| ३ | ४४२८ | २४७ | ५.६ |
| ४ | २८८१ | ११३ | ३.९ |
| ५ | २६०३ | ११६ | ४.५ |
| ६ | ४३२३ | ३८२ | ८.८ |
| ७ | ४१५३ | २६५ | ६.४ |
| ८ | ३०७० | २३३ | ७.६ |
| ९ | २५७७ | २६४ | १०.२ |
| १० | ३६७२ | २३५ | ६.४ |
| ११ | ३०९६ | २५३ | ८.२ |
| **जम्मा** | **३८५५७** | **२६६५** | **६.९** |

स्रोत: कर्जन्हा नगरपालिका, २०८०

### ५.७.२ समस्या र चुनौती

नगरपालिका स्तरमा दक्ष, अर्धदक्ष र सामान्य दक्ष श्रमिक तथा बेरोजगार जनशत्तीको तथ्याङ्क संकलन र सुचीकरण गर्नु तथा हरेक वर्ष अध्याबधिक, वर्गिकरण र विश्लेषण नहुनु प्रमुख समस्याको रुपमा रहेको छ।। बैदेशिक रोजगारमा अधिकांश जनशक्ति रहेको छ। स्थानीय आर्थिक विकासका कार्यक्रमहरु लागु गरी सो जनशक्ति यही श्रम तथा रोजगारी गर्ने वातावरणको श्रृजना गनु आवस्यक छ।

### ५.७.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**: सबैको लागि रोजगार, कर्जन्हा नगरपालिकाको सरोकार

**लक्ष्य**: आन्तरिक रोजगारी सिर्जना र गरिबी निवारण गर्ने र समृद्ध कर्जन्हा सुखी कर्जन्हावासी नारालाई यथार्थमा रुपान्तरित गर्ने।

उद्देश्य:

- आन्तरिक रोजगारी सिर्जना गर्ने, गरिबी निवारण गर्ने र युवाशक्तिको श्रमको उपयोग नगरपालिका भित्र नै गर्ने।
- बेरोजगार तथा अर्द्धबेरोजगारहरुलाई रोजगारीका अवसरहरु बिस्तार गर्नु।

### ५.७.४ रोजगार सम्बन्धी नीति

- रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारहरुलाई नगरपालिकाको पहलमा विभिन्न खालका तालिमहरु प्रदान गरी स्वरोजगार तथा सीपमुलक रोजगारीतर्फ प्रेरित गरिनेछ।
- बेरोजगारहरुको लगत तयार गरी श्रम सूचना बैंक स्थापना गरिनेछ। उपभोक्ता समितिमार्फत् कार्यान्वयन हुने आयोजनाहरु स्थापित श्रम बैंकमार्फत् संचालन गरिनेछ। सूचिकृत बेरोजगार माग गरी उपभोक्ता समिति गठन गरेमा नगरपालिकालाई अग्रिम राख्नु पर्ने १० प्रतिशत बापत्‌को श्रमदान बाध्यात्मक नहुने व्यावस्था गरिनेछ।

- नेपाल सरकारको उद्योग मन्त्रालयसँग समन्वय गरी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) लाई अझ प्रभावकारी रुपमा संचालन गरिनेछ। गरिबी निवारण संग सम्वन्धित अन्य निकायलाई यस क्षेत्रमा कार्य गर्न सहजीकरण गरिनेछ।
- विदेशवाट फिर्ता भएका जनशक्तिहरुलाई कृषि, उद्योग, वाणिज्य तथा स्वरोजगार सम्बन्धी आर्जित ज्ञान र सीप जस्ता योग्यता अनुभवलाई स्थानिय युवाहरुमा प्रसारित गर्न प्रोत्साहित र सहजीकरण गरिनेछ।

### ५.७.५ रणनीति

- सिपमुलक र प्राविधिक तालिम, कच्चा पदार्थको व्यवस्था, विउ पूंजी, विक्री वितरणको व्यवस्थामा सहजीकरण गर्ने।
- बैदेशिक रोजगारमा रहेका तथा फर्केका जनशक्तिहरुको तथ्याङ्क संकलन गरी उक्त सिपयुत्तः जनशक्तिको स्थानीय स्तरमा प्रविधि र सिप हस्तान्तरणका लागी उपयुक्त लगानीको वातावरण तथा रोजगारीको सृजना गर्दै पालिकामै उद्यमशीलतामा लगाउन सकिने अवस्थाको विकास गर्ने।

### ५.७.६ परिणात्मक स्थिति

- बैदेशिक रोजगारमा जाने दर उल्लेख्यरुपमा घटेको हुनेछ।
- जनशक्तीको अद्यावधिक तथ्याङ्क हुनेछ।
- भुमि बैंकको स्थापना भई उद्यमशीलताको प्रबर्द्धन र रोजगारीको श्रृजना भएको हुनेछ।

### ५.७.७ अपेक्षित उपलब्धि

उद्यमी नगरको रुपमा विकास हुने छ। बेरोजगार संख्या लगभग शुन्यमा पुग्नेछ।

तालिका ५.१३: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| कार्यक्रम | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार शाखा |
|---|---|---|
| बेरोजगारहरुको शैक्षिक योग्यता, सिपसहितको तथ्यांक संकलन गर्ने | नगरपालिकमा रहेका बेरोजगार युवाहरुको शैक्षिक योग्यता, सिपसहितको तथ्यांक अद्यावधिक हुनेछ | नपा |
| रोजगारदाता र श्रमशक्तिको विस्तृत विवरणसहितको प्रोफाइल तयार गर्ने | रोजगारदाता र श्रमशक्तिको विस्तृत विवरणसहितको अद्यावधिक प्रोफाइल तयार भएको हुनेछ | नपा |
| लैंगिकताको आधारमा ज्यालामा गरिने विभेद हटाउन नियमन तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने (वर्षमा ४ पटक) | लैंगिकताको आधारमा ज्यालामा गरिने विभेद हटेको हुनेछ | नपा |
| प्लम्बिङ्ग, इलेक्ट्रिसियन, ब्युटिसियन, वायरिङ्ग, कपाल काट्ने, गुन्द्री बुन्ने, मोवाइल मर्मत जस्ता सीपमूलक तालिम सञ्चालन (हरेक वर्ष) | प्लम्बिङ्ग, इलेक्ट्रिसियन, ब्युटिसियन, वायरिङ्ग, मोवाइल मर्मत जस्ता सीपमूलक तालिम प्राप्त युवा जनशक्ति तयार हुनेछन् । | नपा |
| विपन्नहरुका लागि सीपमा आधारित उद्यम प्रवर्द्धनका लागि सहयोग कार्यक्रम | विपन्नहरुले सीपमूलक तालिम प्राप्त गरी गरिबी निवारणमा सहयोग पुग्नेछ | नपा |

## ५.८. जोखिम पक्ष तथा अनुमान

आगामी तीन वर्षमा कार्यक्रम कार्यान्वयन गर्दा आर्थिक स्रोत, वित्तिय अनुशासन तथा अनुगमन र मुल्यांकनमा भरपर्दछ । यदि कार्यक्रमहरु योजनाबद्ध रुपमा संचालन गर्न नसकेमा निर्धारित लक्ष्य प्राप्त गर्न कठिन हुनेछ ।

- नगरपालिकाबाट हुने सबै खर्च र लगानीको विद्युतीय र बैंकिङ प्रकृयाबाट भुक्तानी गर्ने पद्धती कडाईकासाथ लागु गर्ने ।

## परिच्छेद छ

# सामाजिक क्षेत्र

सामाजिक क्षेत्र अन्तर्गत शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशिता जस्ता विषयलाई समेटिएको छ । कर्जन्हा नगरपालिकाको आवधिक योजनाले तय गरेको सामाजिक क्षेत्रसंग सम्बन्धीत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरुको आधारमा आर्थिक विषयगत क्षेत्रको पञ्चवर्षीय खर्च संरचना तयार पारिएको छ ।

**तालिका ६.१: सामाजिक विषयक्षेत्रगत कार्यक्रम र बजेट** (रकम रु हजारमा)

| सामाजिक विकासका उपक्षेत्र | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० | |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | बजेट | कार्यक्रम | बजेट | कार्यक्रम | बजेट |
| भाषा तथा संस्कृति | १३ | ७६५० | ३ | २२०० | ० | ० |
| लैंगिक समानता तथा सामाजिक समावेशिता | १९ | ८३१२ | ५ | ३९५० | १३ | २७५० |
| शिक्षा | ४८ | ७१४७५ | ४० | १०००६३ | ४१ | ८९४१५ |
| युवा तथा खेलकुद | ११ | २९५० | ६ | २००० | ५ | ३६०० |
| खानेपानी तथा सरसफाई | २६ | २२१०० | १२ | २०२४ | १३ | ४९५५ |
| सामाजिक सुरक्षा तथा संरक्षण | ९ | ६४०० | २१ | १२६४२ | ९ | ३६५० |
| स्वास्थ्य | ६७ | ५७४४६ | ३४ | ३५४०६ | ४० | ३४०७२ |
| जनसंख्या बसाईसराई | १ | २३२२ | ० | ० | ० | ० |
| **जम्मा** | **१९४** | **१७८६५५** | **१२१** | **१५८२८५** | **१२१** | **१३८४४२** |

सामाजिक विषय अन्तर्गतका विभिन्न उपक्षेत्रहरुमा विगतका बजेटका आधारमा निम्न अनुसारको पञ्चवर्षीय बजेट अुमान गरिएको छ। सामाजिक उपक्षेत्रहरुको लागि आगामि पाँच वर्षको लागि कुल रु ७९ करोड ४३ लाख बजेट आवश्यक पर्ने अनुमान छ। यी उपक्षेत्रहरु मध्ये शिक्षामा सबैभन्दा धेरै

५१ करोड २९ लाख, स्वास्थ्यमा २१ करोड बजेट अनुमान गरिएको छ। अन्य उपक्षेत्रको लागि प्रक्षेपित बजेट तालिका ६.२ मा प्रस्तुत छ।

**तालिका ६.२: सामाजिक विषयक्षेत्रगत खर्चको पञ्चवर्षीय अनुमान** (रु हजारमा)

| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | पाँच वर्षको कुल |
|---|---|---|---|---|---|---|---|---|
| लैंगिक समानता तथा सामाजिक समावेशिता | ३९५० | २७५० | २८८७.५ | ३००३ | ३०९३.०९ | ३१५४.९५२ | ३२१८.०५१ | १५३५६.५९ |
| शिक्षा | १०००६३ | ८९४१५ | ९२९९१.६ | ९६७११.२६ | १०२५१३.९ | १०७६३९.६ | ११३०२१.६ | ५१२८७८.१ |
| युवा तथा खेलकुद | २००० | ३६०० | ३६३६ | ३७०८.७२ | ३७८२.८९४ | ३८५८.५५२ | ३९३५.७२३ | १८९२१.८९ |
| खानेपानी तथा सरसफाई | २०२४ | ४९५५ | ४४५९.५ | ४०१३.५५ | ३२१०.८४ | १९२६.५०४ | १५४१.२०३ | १५१५१.६ |
| सामाजिक सुरक्षा तथा संरक्षण | १२६४२ | ३६५० | ३८३२.५ | ४०२४.१२५ | ४२२५.३३१ | ४४३६.५९८ | ४६५८.४२८ | २११७६.९८ |
| स्वास्थ्य | ३५४०६ | ३४०७२ | ३७४७९.२ | ३९३५३.१६ | ४२५०१.४१ | ४४६२६.४८ | ४६८५७.८१ | २१०८१८.१ |
| **जम्मा** | **१५८२८५** | **१३८४४२** | **१४५२८६.३** | **१५०८१३.८** | **१५९३२७.५** | **१६५६४२.७** | **१७३२३२.८** | **७९४३०३.२** |

## ६.१ स्वास्थ्य तथा पोषण

### ६.१.१ पृष्ठभूमि

स्वास्थ्य मानव विकास सूचकांकको एक महत्वपूर्ण आधार हो। नगरवासीलाई स्वस्थ बनाई राख्नका लागि स्वास्थ्य संस्था, स्वास्थ्य कर्मचारी, स्वास्थ्य पूर्वाधारको आबश्यकता पर्दछ जुन प्रर्याप्त हुन सकिरहेको छैन। यस नगरपालिकाले स्वाथ्य तथा पोषण क्षेत्रमा दिगो विकास लक्ष्य हासिल गर्ने उदेश्यका साथ कार्य गरिरहेको छ।

स्वास्थ्य सेवाको लागि यस नगरपालिकामा ४ स्वास्थ्य चौकी र एक अस्पताल मात्र रहेको छ। वडा ४, ६ र ८ मा एक एक स्वास्थ्य चौकी रहेका छन् भने वडा ११ मा फुलकुमारी मेमोरियल अस्पताल र एक स्वास्थ्य चौकी रहेका छन्।

### ६.१.२ समस्या र चुनौती

लक्षित वर्ग पहुंच विहिन व्यक्तिहरुलाई सम्बोधन गर्न नसक्नु। स्वास्थ्य सेवा सर्वसुलभ हुन नसक्नु। जनचेतनाको कमी।

### ६.१.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोचः** स्वस्थ, निरोगी र उर्जावान कर्जन्हा

**लक्ष्यः** नगरबासीको स्वस्थ्य र पोषणमा सुधार गर्दै नगरविकासमा मूल प्रवाहीकरण, समावेशीकरण, सशक्तिकरण  गर्ने ।

**उद्देश्यः** अतिविपन्न लगायतका सम्पुर्ण कर्जन्हा नगरवासीले खर्चको अभावमा स्वास्थ्य उपचारबाट वञ्चित हुन नपर्ने अवस्थाको आधार तयार गर्ने ।

### ६.१.४. स्वास्थ्य सम्वन्धी नीति

- नगरपालिको ११ वटै वडाको जनतालाई आधारभूत स्वास्थ्य पहुँचको नीति अवलम्वन गरिने । स्वास्थ्य चौकी नभएको वडामा स्वास्थ्य चौकीको व्यवस्थामा पहल गरिनेछ ।
- नगरभित्रैकै बर्थिङ सेन्टरमा सुत्केरी गराउने महिलालाई निःशुल्क एम्बुलेन्सको नीति अवलम्बन गरिनेछ ।
- मापदण्डको आधारमा सःशुल्क तथा निःशुल्क स्वास्थ्य परामर्श सेवा प्रवाहको नीति अवलम्वन गरिनेछ ।
- स्वास्थ्यकर्मीहरुको मनोबलमा बृद्धि गर्दै भौतिक तथा पेशागत सुरक्षाको सुनिश्चितता गरिनेछ । साथै मापदण्डका आधारमा उत्कृष्ट स्वास्थ्यकर्मीलाई पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।
- गर्भबती महिला तथा सुत्केरी महिलाहरुका लागि विशेष पोषण प्याकेज तथा दीर्घ रोगीहरुका लागि निःशुल्क औषधी एवं अत्यावश्यक तथा आवश्यकीय औषधी र स्वास्थ्य सामग्रीहरुका प्रबन्धको सुनिश्चितता गरिनेछ ।
- नगरपालिकाको पहल, सहयोग तथा समन्वयमा हुने रक्तदान कार्यक्रकमा रगत संकलन तथा भण्डारणको व्यवस्था मिलाइनुका साथसाथै रक्तदान गर्ने रक्तदाता संख्याको आधारमा रु २०० बरावरको फलफूल खर्चको व्यवस्थापन निम्ति उपलब्ध गराउने नीति लिइनेछ ।
- ५ वर्षमुनिका सम्पूर्ण बालबालिकाहरुको बृद्धि अनुगमन गरी कुपोषण विहिनतालाई सुनिश्चित गर्न पोषण सहुलियत तथा पोषण सम्वन्धी ज्ञानका कार्यक्रमहरु संचालन गरिनेछ ।

- प्रत्येक विद्यालयमा किशोरकिशोरीहरुको स्वास्थ्य शिक्षा प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइएको छ ।
- हाइड्रोसिल, पाठेघर खस्ने तथा पाठेघर मुखको क्यानसर, आँखा रोग सम्वन्धी पहिचान गर्न निःशुल्क स्क्रिङ्गि (पहिचान) तथा औषधि सहितको शल्यक्रियाको व्यवस्था गरिनेछ ।
- सुगर, प्रेसर जस्ता दीर्घ रोगीहरुका लागि वर्षमा २ पटक प्रत्येक वडामा स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- मासिक सामाजिक सुरक्षा भत्ता पाउने ज्येष्ठ नागरिक तथा गर्भवती तथा सुत्केरीहरुलाई प्रत्येक वडाबाट ३-३ महिनाको लागि Multivitamin / Calcium/Folic acid तबद को निःशुल्क वितरण गरिनेछ । कर्जन्हा स्वास्थ्य तथा सरसफाई ऐन २०७६ संशोधन गरी स्वास्थ्य ब्यबसायीहरुलाई करको दायरा र प्राथमिक उपचार केन्द्रहरुलाई ईजाजत व्यवस्था मिलाउनेछ ।
- विभिन्न सरुवा रोग, नसर्ने रोग, जुनोटिक, मानसिक स्वास्थ्य सम्वन्धी जनचेतनामूलक कार्यक्रम तथा दिवस मनाइनेछ ।
- कर्जन्हा नगरपालिका. भित्र रहेको फुलकुमारी महतो.मेमोरियल अस्पताललाई कर्जन्हा नगर स्वास्थ्य हवको रुपमा विकास गरी समन्वय र सहकार्यबाट नगरवासीका जटिल स्वास्थ्य समस्याको उपचारमा सस्तो सुलभ दरमा स्वास्थ्य सेवा उपलब्ध गराउन आवश्यक नीति अवलम्वन गरिनेछ । अस्पतालको धुम्ती भ्यान वडा स्तरीय सेवामा लगाउन पहल गरिनेछ ।

### ६.१.५ रणनीति

- नगरपालिका भित्रका सबै वडामा स्वास्थ्य संस्थाहरुको विकास र विस्तार गर्ने ।
- नगरपालिकामा सुविधासम्पन्न अस्पताल निर्माण गर्ने ।
- आधारभूत स्वास्थ्य सेवामा सवैको पहुँच पुऱ्याउने ।
- नगरबासीलाई पोषणयुक्त खानाको बारे सुसुचित गर्ने ।

### ६.१.६ परिणात्मक स्थिति

- स्वास्थ्य संस्थाहरुको विकास र विस्तार भएको हुनेछ ।

- निशुल्क रुपमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध हुनेछ ।
- जटिल किसिमका स्वास्थ्य समस्याबाट पीडित बिपन्न बिरामीको स्वास्थ्य उपचारमा नगरपालिकाले आवश्यक सहयोग पुऱ्याउने छ ।
- पोषणयुक्त खानाको बारे व्यापक रुपमा प्रचार प्रसार भएको हुनेछ ।

### ६.१.७ अपेक्षित उपलब्धि

दिगो विकास लक्ष्य हासिल गर्नेतर्फ उन्मुख हुनेछ । नगरको स्वास्थ्य क्षेत्रमा जनताले अनुभूत गर्ने गरी सुधार भएको हुनेछ ।

**तालिका ६.३: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

| कार्यक्रम | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार शाखा |
|---|---|---|
| स्वास्थ्य चौकी नभएका वडा नं १, २,३, ५, ७, ९ र १० मा स्वास्थ्य चौकी निर्माण गर्ने | यो्जना अवधिको अन्त्यसम्ममा प्रत्येक वडामा एकएक स्वास्थ्य चौकी निर्माण भएको हुनेछ । | नपा |
| प्रत्येक स्वास्थ्य चौकीमा दरवन्दी अनुसारको आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ । | स्वास्थ्य चौकीमा आवश्यक र दरवन्दी अनुसारको स्वास्थ्य कर्मीको पदपूर्ती भएको हुनेछ । | नपा |
| महिलाको पाठेघर खस्ने तथा पुरुषको हाइड्रोशिल जस्ता स्वास्थ्य समस्या समाधानका लागि निशुल्क उपचारको व्यवस्था गरिनेछ । | महिलाको पाठेघर खस्ने तथा पुरुषको हाइड्रोशिल जस्ता स्वास्थ्य समस्या बाट पीडित जनताले निशुल्क उपचार पाएका हुनेछन् । | नपा |
| मानसिक स्वास्थ्य समस्या भएका बिरामीका लागि वर्षमा एकपटक मानसिक स्वास्थ्य शिविर सञ्चालन गरिनेछ । | मानसिक स्वास्थ्य समस्या भएका बिरामीले निशुल्क उपचार पाउनेछन् । | नपा |

| कार्यक्रम | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार शाखा |
|---|---|---|
| गुरुयोजना बनाई स्वास्थ्य जनशक्तिको व्यवस्थापन गरिनेछ। | स्वास्थ्य संस्थाहरुमा जनशक्तिको अभाव पूर्तीको लागि विशेष कार्ययोजना बनेको हुनेछ। | नपा |
| सरकारी अस्पताल निर्माणको नगरपालिकाले पहल गर्नेछ। | अस्पताल निर्माणको आधरतय हुनेछ। | नपा |

## ६.२ शिक्षा, विज्ञान तथा प्रविधि

### ६.२.१ पृष्ठभूमि

नेपालमा शिक्षा नागरिक अधिकारकारुपमा स्थापित भएको छ। नेपालको संविधानले शिक्षलाई मौलिक अधिकारको रुपमा ब्याख्या गरेको छ। र शिक्षालाई सामाजिक आर्थिक रुपान्तरणको महत्वपुर्ण माध्यम मानिएको छ। वर्तमान समयमा विकासको सबैभन्दा महत्वपुर्ण आधार नै शिक्षा हो। यस पञ्चवर्षीय योजनाले शैक्षिक संस्थाहरुको भौतिक पूर्वाधार निर्माणसँगसँगै शिक्षाको गुणस्तर वृद्धिको लागि रणनीति बनाउने लक्ष्य लिएको छ।

यस नगरपालिकामा कुल ३१ विद्यालयहरू छन्, जसमा सामुदायिक १८, निजी १३ विद्यालय रहेका छन्। त्यस्तै आधारभूत (१-५) विद्यालय १२, आधारभूत (१-८) विद्यालय ११ गरी जम्मा आधारभूत विद्यालय २३ र माध्यमिक तह (१-१०) को विद्यालय ६ तथा माध्यमिक तह (१-१२) विद्यालय २ गरी ८ माध्यामिक विद्यालय रहेका छन्। प्राय सबै वडाहरूमा प्राथमिक शिक्षाको सुविधा पुगेतापनि उच्च शिक्षा तथा प्राविधिक शिक्षको लागि शिक्षण संस्थाको कमी रहेको छ।

**तालिका ६.४: नगरपालिकामा रहेका विद्यालय**

| | जम्मा विद्यालय | आधारभूत तह (१-५) | आधारभूत तह (१-८) | कुल आधारभूत | माध्यमिक तह (१-१०) | माध्यमिक तह (१-१२) | कुल माध्यमिक |
|---|---|---|---|---|---|---|---|
| सामुदायिक | १८ | ११ | ५ | १६ | ० | २ | २ |
| निजी | १३ | १ | ६ | ७ | ६ | ० | ६ |
| जम्मा | ३१ | १२ | ११ | २३ | ६ | २ | ८ |

**तालिका ६.५: कर्जन्हा नगरपालिकाका विभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या**

| | सामुदायिक | | | निजी | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| जम्मा विद्याथी | २०८ | २११ | ४१९ | ६८५ | ९७८ | १६६३ | ८९३ | ११८९ | २०८२ |
| दलित विद्यार्थी | १०९ | १०४ | २१३ | ११९ | १४८ | २६७ | २२८ | २५२ | ४८० |
| जनजाती | ३७ | ३२ | ६९ | ७१ | १२० | १९१ | १०८ | १५२ | २६० |
| मधेसी | १४८ | १३२ | २८० | ४०४ | ५७४ | ९७८ | ५५२ | ७०६ | १२५८ |

कर्जन्हा नगरपालिकामा ५ देदि १४ वर्ष उमेर समूहका बालबालिका झण्डै २३ प्रतिशत रहेका छन् भने १५ देखि २४ उमेर समूहका झण्डै २० प्रतिशत रहेका छन् । नगरपालिकाको साक्षरता ६१.८ प्रतिशत रहेको छ भने जसमा पुरुष साक्षरता ७०.४ प्रतिशत र महिला साक्षरता ५४.० प्रतिशत रहेको छ । नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा तथा संस्कृति सम्बन्धी हकको जर्गेना गर्दै प्रविधि मैत्री, गुणस्तरीय, उत्पादकत्व वृद्धि गर्ने र आत्मनिर्भरतातर्फ उन्मुख जनशक्ति उत्पादनमा जोड दिने यस नगरपालिकाको धेय रहेको छ । नगरपालिका भित्रका बालबालिकाहरुलाई शिक्षाको नैसर्गिक अधिकारबाट वञ्चित हुन नदिन नगरपालिका प्रतिबद्ध छ ।

### ६.२.२ समस्या र चुनौती

शिक्षक दरबन्दीको असमान वितरण, बजार क्षेत्रमा विद्यार्थीको अधिक चाप र ग्रामीण क्षेत्रमा विद्यार्थीको न्यूनता, विषयगत न्यूनतम शिक्षक दरबन्दीको कमी , विद्यार्थीको सिकाई उपलब्धि सन्तोषजनक नहुनु, विद्यालयको विकासमा समुदायको चासोको कमी, विद्यार्थी केन्द्रित शिक्षणको कमी, प्रयोगशाला पुस्तकालयको अपर्याप्तता ।

### ६.२.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोचः** गुणस्तरीय, प्रतिस्पर्धी र आधुनिक शिक्षामा सबैको पुहँच

**लक्ष्यः** गणस्तरीय र सर्वसुलभ शिक्षामार्फत प्रतिष्पर्धी र सक्षम जनशक्ति तयारा

**उद्देश्यः**

- शिक्षण संस्थाको शैक्षिक गुणस्तर बृद्धिगर्दै विद्यार्थीहरुको सिकाई उपलब्धि अभिबृद्धि गर्ने ।

➢ शैक्षिक संस्थाहरुको भौतिक निर्माण सँगै गुणस्तरीय शिक्षा ।

### ६.२.४ शिक्षा सम्बन्धी नीति

➢ विषयगत शिक्षकहरुलाई मागमा आधारित तालिमको व्यवस्था गरिनेछ। साथै प्र.अ. र विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई विद्यालय सुधार योजना सम्वन्धी तालिमको व्यवस्था शैक्षिक गुणस्तर सुधारका कार्यक्रमहरु संचालन गरिनेछ ।

➢ यस पालिकामा रहेका विद्यालयलाई व्यवस्थित गर्दै कम्तीमा यस आ.व.मा ५ वटा विद्यालयलाई नगरस्तरीय नमुना विद्यालय बनाउने कार्यलाई अगाडि बढाइनेछ ।

➢ प्रत्येक विद्यालयका प्र.अ.सँग व्यवस्थापन कार्य सम्पादन सम्झौता गर्ने र उत्कृष्ट गर्ने लाई प्रोत्साहन दिने नीति अवलम्वन गरिनेछ ।

➢ विद्यालयको मासिक प्रतिवेदन अनलाइनबाट पठाउने व्यवस्था मिलाइनेछ र सोको अनुगमन तथा मूल्याङ्गनको व्यवस्था मिलाइनेछ । परिमाणको आधारमा प्र.अ. नियुक्तको प्रक्रिया नीति अवलम्वन गरिनेछ ।

➢ नगरस्तरीया अतिरिक्त क्रियाकलापहरु (खेलकुद, हाजिरी जवाफ, वक्तत्वकला, नाच, गीत, सङ्गीत, वादविवाद आदि) संचालन गरी उत्कृष्ट छात्रछात्रा तथा विद्यालयलाई पुरस्कृत गर्ने नीति अगाडि बढाइनेछ ।

➢ प्रत्येक महिनामा कम्तीमा एकपटक नगरपालिकाभित्रका विद्यालयका प्र.अ. को बैठक नगरपालिकमा बस्ने र प्रत्येक विद्यालयको व्यवस्थापनको समिक्षा गरिनेछ ।

➢ अङ्ग्रेजी भाषाको माध्यमबाट सिकाई संचालन, बालकक्षादेखि कार्यान्वयनको लागि व्यावस्था गरिनेछ । बालकक्षाकोठा बालबालिकामैत्री तथा सुविधा सम्पन्न बनाईने तथा बाल शिक्षक शिक्षिकालाई कक्षा प्रभावकारी बनाउन तालिमको व्यावस्था नीति अगाडि बढाइनेछ ।

➢ नगर क्षेत्रभित्रका गरिब, विपन्न, दलित, सिमान्तकृत तथा जेहेन्दार विद्यार्थीहरुको लागि छात्रबृति तथा पोशाक र शैक्षिक सामग्रीहरुको व्यवस्थापन गरिनेछ ।

- हरेक विद्यालयमा विद्यालयको वातावरण सुन्दरता कायम गर्न विद्यालयमा बगैंचा स्थापना र बिरुवा रोप्ने कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ ।
- प्राविधिक आधारको उच्च शिक्षा र स्नातक तहको पठनपाठन संचालन र विस्तार गर्न प्रदेश तथा संघ सरकारसँग पैरवी गरिनेछ ।
- विद्यालयमा बाल क्लब, बाल सहभागिता अभिबृद्धिको प्रयासलाई संस्थागत गरिनेछ ।
- माध्यमिक विद्यायलहरुमा स्काउटको युनिट स्थापन गरिनेछ ।
- विद्यार्थी अनुपातको आधारमा आवश्यता अनुसारको शिक्षकको व्यस्थामा जोड दिइनेछ ।
- उत्कृष्ट विद्यालय, विद्यार्थी तथा शिक्षकहरुकलाई शैक्षिक उपलब्धिका आधारमा प्रत्येक वर्ष सम्मान तथा पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- समाजमा सरकारी विद्यालयप्रतिको धारणा परिर्वतन गर्न बालबालिका सँग मेयर, उपमेर कार्यक्रम, संचालन गरिनेछ ।
- आवश्यकताको आधारमा सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ५ सम्मको विद्यार्थीहरुलाई सिकाई सहजीकरण व्यवस्था गरिनेछ ।
- सामुदायिक विद्यालयमा कार्यरत बालविकास सहजकर्ता विद्यालय सहयोगी, लेखापाल र सामुदायिक सिकाइ केन्द्रको परिचालिकाको अपुग तलव बराबरको रकमको व्यवस्था मिलाइनेछ ।
- कक्षा ९ सम्मको परिक्षा व्यवस्थापनको खर्च नगरपालिकाले गर्ने व्यवस्था मिलाएको छु । आवधिक परीक्षा मुल्याङ्गन प्रणाली लागु गरिनेछ ।
- बिद्यार्थीहरुमा उच्च नैतिक चरित्र विकास गर्न नैतिक शिक्षा अनिवार्य गरी सोही बमोजिमको पाठ्यक्रम विकास गरी लागू गरिने छ ।
- स्थानीय भाषा (मैथली) अध्यापन सुरु ।
- वडा न ं३ को खैराटोलमा रहेको विद्यालयलाई पुनः संचालनमा ल्याउने नीति लिइएको छ ।

- विद्यालयमा अध्ययनरत छात्राहरुका लागि स्यानिटरी प्याड वितरणा व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- नगरभित्र आवश्यक स्थानमा पुस्तकालय निर्माण गर्ने नीति लिइनेछ ।
- नगरक्षेत्र भित्रका विद्यालयमा ड्रेस कोड निर्धारण गरिनेछ ।
- नगरभित्रको आधारभूत विद्यालयदेखि नै कम्प्यूटयर तथा अंग्रेजी माध्यमको शिक्षा अनिवार्य गरिनेछ नीति लिइनेछ ।
- सरकारी विद्यालयको कक्षा ११ र १२ मा अध्यनरत छात्राको लागि साइकल तथा छात्रको लागि ल्यापटप वितरण गर्ने व्यवस्था गर्न मधेश प्रदेश सरकारसंग सहकार्य गरिनेछ ।
- आवश्यकताको आधारमा विद्यालयहरुलाई एक आपसमा गाभ्ने नीति अवलम्वन गरिनेछ ।
- विद्यालयलाई शान्ति क्षेत्र घोषणा गरिने छ। विद्यालयको आय स्रोत बृद्धि गर्न नीति अवलम्वन गरिनेछ ।
- प्रौढ शिक्षा सञ्चालन गर्ने ।

### ६.२.५ रणनीति

शिक्षक दरबन्दी मिलान कार्यदल गठन गर्ने, कक्षा क्रियाकलापलाई प्रभावकारी र सुदृढ पार्ने । विद्यालयको आवश्यकता पहिचान गरी भौतिक निर्माण गराउने । विद्यालय अनुगमनको लागि जनशक्तिको व्यवस्था गर्ने ।

### ६.२.६ परिणात्मक स्थिति

प्रत्येक शैक्षिक सत्रमा औसत सिकाई बृद्धि हुनेछ, शिक्षकको शिक्षण क्षमता विकास भएको हुनेछ, विद्यालयहरुको भौतिक सुविधा विस्तार हुनेछ, कक्षा दोहोऱ्याउने दर (१-५) मा शुन्य हुनेछ, खुद भर्ना दर (१-५) मा १०० प्रतिशत पुऱ्याइनेछ। स्थानीय पाठ्यक्रम निर्माण गरी सोही अनुकुल पाठ्य सामाग्री निर्माण गरिनेछ। विद्यार्थीहरुको सिकाई उपलब्धि बृद्धि गरिनेछ ।

### ६.२.७ अपेक्षित उपलब्धि

दिगो विकास लक्ष्य हासिल गर्नेतर्फ उन्मुख हुनेछ ।

**तालिका ६.६: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

| कार्यक्रम | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार शाखा |
|---|---|---|
| सबै सामुदायिक विद्यालयहरुमा कम्प्युटर शिक्षा सुरु गर्ने | नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुमा कम्प्युटर शिक्षा सुरु भएको हुनेछ | नपा, शिक्षा शाखा |
| सबै सामुदायिक विद्यालयहरुमा पुस्तकालय स्थापना गर्ने | नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुमा पुस्तकालय स्थापना भएको हुनेछ | नपा, शिक्षा शाखा |
| नगरपालिका भित्रका सबै वडामा निरक्षर मानिसहरुका लागि प्रौढ शिक्षा सञ्चालन गर्ने | प्रौढ शिक्षा सञ्चालन भई निरक्षर प्रौढले आधारभूत अक्षर तथा अंक ज्ञान प्राप्त गरेका हुनेछन् । | |
| स्थानीय भाषा (मैथली) अध्यापन सुरु | सबै सामुदायिक विद्यालयहरुमा मैथली भाषा अध्ययन सुरु भएको हुनेछ । | |

## ६.३ युवा, खेलकुद तथा नवप्रवर्तन

### ६.३.१ पृष्ठभूमि

युवा नगर विकासको महत्वपूर्ण उमेर समूहको जनशक्ति हो । युवा जनशक्तिलाई उद्यमशील कार्यमा आकर्षित गर्न सकेको खण्डमा आर्थिक क्रियाकलाप बढ्न गई नगरपालिकाले चाहेको विकास गर्न सक्दछ भन्ने उदेश्यका साथ युवाहरुलाई नगर विकासको मुल प्रवाहमा ल्याइने छ । खेलकुद तथा नवप्रवर्तनका क्षेत्रमा युवा लक्षित कार्यक्रमहरु ल्याउदै युवाहरुलाई आर्कषित गर्नुपर्ने आवस्यकता छ । नगरपालिका क्षेत्रभित्र वडा नं. १ को बन्टिया (६७६ वर्ग कि.मि.) र वडा नं. ४ को बस्तिपुर (११८३ वर्ग कि.मि.) र भुल्के (६७६ वर्ग कि.मि.)गरी तीन खेल मैदान रहेका छन् ।

### ६.३.२ समस्या र चुनौती

युवा उद्यमीले उत्पादन गरेको वस्तु तथा सेवा प्रतिस्पर्धाका आधारमा बजारमा बिक्री गर्न नसक्नु । स्तरीय खेल मैदानको अभाव । युवा लक्षित पर्याप्त कार्यक्रमहरु नहुनु । खेलकुदमा संलग्न युवा युवतीको भविश्यको सुनिश्चितता गर्नु । खेलकुदमा संलग्न युवा युवतीलाई विभिन्न संस्थाहरुले रोजगारीको अवसर दिने परिपाटीको विकास हुनु । युवाहरु लागु औष दुर्व्यसनमा पर्नु ।

### ६.३.३ लक्ष्य

युवा वर्गलाई स्थानीय तहमै बसी उद्यमशील कार्यमा संलग्न हुन आकर्षित गर्ने । खेलकुदमा संलग्न युवा युवतीको भविश्यको सुनिश्चितता गर्नु । युवाहरुलाई लागु औषधको कुलतमा फस्न नदिनु । खेलकुदमा संलग्न युवा युवतीलाई विभिन्न संस्थाहरुले रोजगारीको अवसर दिने परिपाटीको विकास हुनु ।

### ६.३.४ युवा, खेलकुद तथा मनोरञ्जन सम्वन्धी नीतिः

- मेयर उपमेयर कप खेलकुद प्रतियोगितालाई नियमित संचालन गरिनेछ ।
- यस नगरपालिकामा खेलकुद क्षेत्रलाई प्रवर्द्धन गर्न खेलकुद मैदानको स्तर उन्नति तथा मर्मत कार्य गरिनेछ ।
- नागरिक स्वास्थ्यलाई मध्यनजर गरी उचित स्थानमा व्यायामशाला निमार्ण गरिनेछ ।
- युवामा स्वयंसेवी भावना बढाउन, सामाजिक जिम्मेवारी वोध गराउन, युवा क्लव गठन गरी स्वयंमसेवा कार्यक्रम संचालन गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र रहेका बेरोजगार युवाहरुलाई स्वरोजगार बन्न आकार्षण गर्न युवासँग मेयर, उपमेर कार्यक्रम संचालन गरिनेछ ।
- शैक्षिक बेरोजगारिको समस्या समाधानको निम्ति सरकारी सेवामा प्रवेश गर्नको लागि लोकसेवा आयोग तथा शिक्षक सेवा आयोगको तयारी कक्षाहरु संचालन गरिनेछ ।
- कर्जन्हा नगर युवा खेल प्रतिष्ठान गठन गरी युवा मैत्री कार्यक्रमलाई व्यवस्थित गरिनेछ ।
- युवा लागू औषध दुर्व्यसन नियन्त्रण गर्न सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

- आवश्यक स्थानमा जग्गा उपल्बधताको आधारमा खेल मैदान निमार्ण र नगरभित्र एक बहुउद्देश्यीय रंगशाला निमार्ण गरिने छ ।
- नगरभित्रको बाझो जग्गामा युवालाई उद्यमशिल कार्यमा प्रयोग गरी स्वरोजगार बनाइनेछ ।

### ६.३.५ रणनीति

उद्योग तथा व्यवसायको क्षेत्र पहिचान गरी युवाहरुलाई लगानीको लागि उत्प्रेरी गर्ने । युवाहरुले सञ्चालन गर्ने उद्योगका लागि बैंक तथा वित्तिय संस्था मार्फत ऋण उपलब्ध गराउने । प्रत्येक वडामा खेल मैदान निर्माण गर्ने, उत्कृष्ट खेलाडीलाई पुरस्कृत गर्ने ।

**तालिका ६.७: आगामी पाँचवर्ष भित्र गरिने खेल पूर्वाधार निर्माण कार्यक्रमहरु**

| स्थलको नाम | के गर्ने | कहिलेसम्म | कसले गर्ने |
|---|---|---|---|
| बन्टिया खेल मैदान | व्यववस्थित पूर्वाधारको निर्माण | आगामी तीन वर्ष भित्र | नगरपालिका |
| बस्तिपुर खेल मैदान | व्यववस्थित पूर्वाधारको निर्माण | आगामी तीन वर्ष भित्र | नगरपालिका |
| झुल्के खेल मैदान | व्यववस्थित पूर्वाधारको निर्माण | आगामी तीन वर्ष भित्र | नगरपालिका |
| प्रत्येक वडामा एक खेल मैदान | खेल पूर्वाधारको निर्माण | आगामी पाँच वर्ष भित्र | नगरपालिका |

### ६.३.६ परिणात्मक स्थिति

उद्यमि युवाहरुको विकास हुनेछ । खेलकुदका पुर्वाधार निमाण गरिनेछ । नवप्रर्वतनमा युवाहरु उत्प्रेरित हुनेछ ।

### ६.३.७ अपेक्षित उपलब्धि

युवाहरु नगर विकासको मुल प्रवाहिकरणमा समावेश हुने छन् । नगरपालिका खेलकुद हवकोरुपमा स्थापित हुनेछ र जिल्ला तथा प्रदेशस्तरका खेलकुद आयोजना हुनेछन् ।

## ६.४ महिला, बालबालिका तथा समाज कल्याण

### ६.४.१ पृष्ठभूमि

सामुदायिक तथा राजनीतिक क्षेत्रमा महिला तथा बालवालिकाको सहभागिता र प्रतिनिधित्व पुरुषको दाँजोमा न्यून रहेको पाइन्छ । सामाजिक सशक्तिकरणको अभाव, साँस्कृतिक, धार्मिक, पारिवारिक

वञ्चितिकरणको प्रभावले महिला,बालबालिका तथा जेष्ठनागरिकहरु पिछडिएको अवस्थामा जीवनयापन गरिरहेको अवस्था छ ।

### ६.४.२ समस्या र चुनौती

लक्षित वर्ग पहुंचविहिन व्यक्तिहरुलाई सम्बोधन गर्न नसक्नु । महिला वालबालिका तथा जेष्ठनागरिकहरुको समस्या सम्बोधन गर्ने सोंच भएता पनि नीति बनाउन सकिको छैन । वालवालिका मैत्री वातावरण निर्माण गर्न नसक्नु । आर्थिक विपन्नता भएको घर परिवारका वालवालिकालाई पोषणयुक्त खाना, वाल शिक्षा दिनु चुनौतिपूर्ण रहेको छ । महिला हिंशा व्याप्त छ ।

### ६.४.३ लक्ष्य

बालवालिकाको शिक्षा र स्वास्थ्य सम्बन्धि अधिकार सुनिश्चित गर्ने । महिलाहरुलाई मूल प्रवाहीकरण, समावेशीकरण, सशक्तिकरण गर्ने । ज्येष्ठ नागरीकलाई आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराउने ।

### ६.४.४ रणनीति

महिलाहरुलाइ आय आर्जनको क्षेत्रमा संलग्न गराउने । महिला तथा घरेलु हिंसा विरुद्ध आवाज उठाउन महिलाहरुलाई गोलबद्ध गर्ने । घुम्ती स्वास्थ्य सेवाहरु उपलब्ध गराउने। शिशु स्याहार केन्द्र स्थापना गर्ने । बाल स्वास्थ्य घुम्ती केन्द्र स्थापना गर्ने ।

### ६.४.५ परिणात्मक स्थिति

महिला साक्षरता दर बृद्धि गर्ने, सडक वालवालिका शुन्यमा झार्ने । जेष्ठ नागरिकहरुमा आधारभुत स्वास्थ्य पुगेको हुनेछ । घरेलु हिंशामा कमी आउनेछ ।

### ६.४.६ अपेक्षित उपलब्धि

आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक सशक्तिकरण भएको हुनेछ । समतामुलक समाजको निर्माण तर्फ अग्रसर हुनेछ ।

## ६.५ खानेपानी तथा सरसफाई

### ६.५.१ पृष्ठभूमि

स्वस्थ्य जीवनका लागि स्वच्छ खानेपानी तथा सरसफाई अनिवार्य हुन्छ। सरसफाई तथा वातावरणीय स्वास्थ्यसँग सम्बन्धित पक्षहरुमा जमीन, हावा तथा पानी पर्दछन्। यी पक्षहरुको स्वस्थताका लागि शौचालय निर्माण, रुख विरुवा संरक्षण, धुँवा धुलो ध्वनि मुक्त वातावरणको आवश्यकता पर्दछ। स्वछ खानेपानी तथा सरसफाईका क्षेत्रमा नगरपालिकाले उल्लेख्य काम गर्नु पर्ने आवश्यकता छ।

कर्जन्हा नगरपालिकाका अधिकांश घरधुरीले ट्युबवेल तथा ह्याण्डपम्पको पानी पिउने गर्छन्। यसको विरण तलको तालिकामा उल्लेख गरिएको छ।

**तालिका ६.८: कर्जन्हा नगरपालिकामा पिउने पानीको स्रोतको अवस्था**

| | पिउने पानीका प्रमूख स्रोत | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | घर कम्पाउण्डमा धारा भएको | घर कम्पाउण्ड बाहिर धारा | ट्युबवेल, ह्याण्डपम्प | ढाकिएको इनार, कुवा | नढाकिएको इनार, कुवा | मौसमी स्रोत | नदी खोला | जार बोतल | अन्य |
| ८२८९ | ७६२ | ५०५ | ६७८५ | ३० | ४१ | ८७ | १७ | ७ | ५५ |

*स्रोत: जनगणना २०७८*

कर्जन्हा नगरपालिकामा ५ सय ४४ घरधुरीको शौचालय नभएको अवस्था छ। अब २३० घरपरिवारले सार्वजनिक शौचालय प्रयोग गर्दै आएका छन् भने ४ हजार १ सय ६२ घरपरिवारले पिट शौचालय प्रयोग गर्दै आएका छन्।

**तालिका ६.९: कर्जन्हा नगरपालिकामा शौचालयको अवस्था**

| | शौचालयका प्रकार | | | | |
|---|---|---|---|---|---|
| जम्मा घरधुरी | फ्लस शौचालय (ढलनिकाससहितको) | फ्लस शौचालय (सेप्टिक ट्यांकीसहितको) | पिट शौचालय | सार्वजनिक शौचालय | शौचालय नभएको |
| ८२८९ | १०२ | ३२५१ | ४१६२ | २३० | ५४४ |

स्रोत: जनगणना २०७८

### ६.५.२ समस्या र चुनौती

स्वच्छ खानेपानी तथा सरसफाईका क्षेत्रमा नगरपालिकाले उल्लेख्य काम नसक्नु । जनचेतनाको कमी ।

### ६.५.३ लक्ष्य

स्वच्छ खानेपानी समेतको सफाईयुक्त सहर निर्माण गर्ने ।

### ६.५.४ रणनीति

परंपरागत पानीको स्रोतलाई व्यवस्थित गर्ने । नयाँ पानीको स्रोतको पहिचान गरी आधुनिक प्रविधिबाट स्वच्छ खानेपानी उपलब्ध गराउने । ल्याण्डफिल साइटको पहिचान गरी फोहोरमैला व्यवस्थापन गर्ने ।

### कार्यक्रम

- नगरबासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउन कार्यक्रमहरु ल्याइनेछ । स्रोतको पहिचान गरी आगामी पाँच वर्ष भित्रमा कम्तीमा ५० प्रतिशत भरघुरीलाई धाराको पिउने पानी उपलब्ध गराइनेछ ।
- शौचालय निर्माण अभियान सञ्चालन गरिनेछ । पाँच वर्ष भित्रमा शौचालय नभएका घरधुरी संख्या शुन्यमा झारिनेछ भने कम्तीमा ५० प्रतिशत घरधुरीमा ढकनिकास सहितको शौचालय निर्माण गरिसक्ने गरी प्रोत्साहन कार्यक्रम ल्याइनेछ ।
- ल्याण्डफिल साइटको पहिचान गरी फोहोरमैला व्यवस्थापन गर्ने कार्य सुरु गरिनेछ ।

### ६.५.५ परिणात्मक स्थिति

नगरबासीलाई स्वच्छ खानेपानी उपलब्ध हुनेछ । कम्तीमा ५० प्रतिशत घरधुरीले पाँच वर्ष भित्रमा धाराको पानी प्रयोग गर्न पाउनेछन् ।  शौचालय नभएका घरधुरी शुन्य पुगेका हुनेछन् भने सफाईयुक्त हराभरा नगरपालिको विकास हुनेछ ।

### ६.५.६ अपेक्षित उपलब्धि

स्वच्छ खानेपानी, सफाईयुक्त सहर, पूराहुनेछ नगरबासीको सपनाको सहर ।

परिच्छेद सात

# पूर्वाधार क्षेत्र

कर्जन्हा नगरपालिकाको आवधिक योजनाले तय गरेको पूर्वाधार क्षेत्रसंग सम्बन्धीत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरुको आधारमा आर्थिक विषयगत क्षेत्रको पञ्चवर्षीय खर्च संरचना तयार पारिएको छ ।

तालिका ७.१: पूर्वाधार क्षेत्र अन्तर्गत पाँच वर्षको अनुमानित बजेट (रु. हजार)

| पूर्वाधार उपक्षेत्र | २०७८/७९ | २०७९/८० | पाँच वर्षको अनुमानित | | | | | पाँच वर्षको कुल |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | |
| सम्पदा पूर्वाधार | २०४२० | ४८०० | ५०४० | ५२४२ | ५५०४ | ५७२४ | ५१५१ | २६६६१ |
| भवन आवास तथा सहरी विकास | १०००६३ | ११४७०२ | १०३२३२ | १०५२९६ | ११३७२० | ११९४०६ | ११३४३६ | ५५५०९० |
| यातायात पूर्वाधार | ९१३४६ | ५९१५० | ६५०६५ | ७०२७० | ७३०८१ | ७८९२७ | ८२८७४ | ३७०२१८ |
| उर्जा | २१०० | १४५० | १५२३ | १५८३ | १६४७ | १७१३ | १७९८ | ८२६३ |
| पुनर्निर्माण | ४०० | ५०० | ० | ० | ० | ० | ० | ० |
| विज्ञान तथा प्रविधि | १३०० | १३०० | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० |
| जम्मा | २१५६२९ | १८१९०२ | १७६३५९ | १८३८९२ | १९५४५२ | २०७२७० | २०४७५९ | ९६७७३२ |

## ७.१ भवन, आवास, बस्ती तथा शहरी विकास

### ७.१.१ पृष्ठभूमि

शहरी विकास गर्नु नगरपालिकाको महत्वपूर्ण काम हो । शहरमा भवन तथा अन्य ठूला संरचना बन्ने हुनाले योजनाबद्ध रुपमा ती संरचनाहरुको निर्माण गर्नु पर्दछ । यसमा वातावरण, विपद व्यवस्थापन,

सहरी सौन्दर्य जस्ता विषयलाई ध्यान दिनु आवश्यक हुन्छ। भवन, आवास, बस्ती तथा शहरी विकासका क्षेत्रमा यस नगरपालिकाले धेरै कामहरु गर्नुपर्ने आवस्यकता छ।

तालिका ५.२, ५.३, ५.४ र ५.५ को मा कर्जन्हा नगरपालिका भित्रका घरको विवरण प्रस्तुत गरिएको छ। नगर पालिका भित्र अझै पनि खर तथा परालका छानासहितका घरहरु रेहका छन्। घर तथा परालका घरहरुमा अगलागीको जोखिम उच्च रहेको छ।

तालिका ७.२: जगको आधारमा घरको प्रकार

| घरको जगको आधारमा घरको प्रकार | | | | | |
|---|---|---|---|---|---|
| जम्मा घरधुरी | ईटा, ढुंगासँगै माटोले बनेको | ईटा, ढुंगासँग सिमेन्टले बनेको | पिलारवाला सिमेन्टले बनेको | काठको पिलारले बनेको | अन्य |
| ८२८९ | ११०० | २४४१ | ११९४ | ३४५६ | ९८ |

*स्रोतः जनगणना, २०७८*

तालिका ७.३: छानाको आधारमा घरको प्रकार

| छानाको प्रकार | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| जम्मा घरधुरी | ग्याल्भनाइज्ड पाता | सिमेन्टले ढलान गरेको | खर तथा पराल | टाइल | स्लेट ढुंगा | काठ तथा फलेक | माटो | अन्य |
| ८२८९ | १८२१ | २४६९ | ७७५ | ३०८५ | ५९ | ५२ | ० | २८ |

स्रोतः जनगणना, २०७८

तालिका ७.४: भित्ताको आधारमा घरको प्रकार

| घरको भित्ताको बनावट | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| जम्मा घरधुरी | ढुंगा, ईटा र माटोले बनेको | ढुंगा, ईटा र सिमेन्टले बनेको | काठ तथा फलेक | बाँस | काँचो इटा | जस्तापाता | प्रीफेव | अन्य |
| ८२८९ | १०५७ | ३३७१ | ३३३ | ३३८१ | ११ | १९ | ० | ११७ |

स्रोतः जनगणना, २०७८

तालिका ७.५: भूईंको आधारमा घरको प्रकार

| | भूईंको किसिम | | | | | |
|---|---|---|---|---|---|---|
| जम्मा घरधुरी | माटो | काठ, फलेक, बाँस | इटा तथा ढुंगा | टायल | सिमेन्ट | अन्य |
| ८२८९ | ४८६८ | १०५ | २२४ | ९२ | २९७६ | २४ |

स्रोत: जनगणना, २०७८

### ७.१.२ समस्या र चुनौती

शहरमा हुनु पर्ने आबस्यक संरचना निर्माण हुन नसक्नु, सरकारी निकाय बीच पूर्वाधार निर्माणमा समन्वय हुन नसक्नु, पर्याप्त अध्ययन विना संरचना निर्माण गरिनु जस्ता विषय शहरी विकासका प्रमुख समस्या हुन् । संरचना निर्माणमा आवश्यक समन्वय कायम गरी राजनीतिक सहमती जुटाउनु चुनौतिपूर्ण रहेको छ ।

### ७.१.३ लक्ष्य

सुन्दर व्यवस्थित सहर निर्माण गरी पर्यटक आकर्षणको केन्द्र बनाउने ।

### ७.१.४ भवन तथा सहरी विकास

- नगरपालिकाभित्रका सबै स्थानीय सडकहरुलाई पक्की सडकको रुपमा विकास गरिनेछ ।
- पैदल यात्री, दीर्घ रोगी, नगरवासी तथा सवारी चालकको सुरक्षाका लागि ध्वनी प्रदुषण न्यूनीकरण तथा गति नियन्त्रणको कानूनी प्रबन्ध गरी कार्यान्वयनमा ल्याइनेछ ।
- सहरी योजना तथा भवन निर्माण मापदण्डको पूर्ण पालनामा जोड दिइनेछ । घर निर्माणको अनुमति प्रक्रियमा उपयुक्त मापदण्डको शौचालय र सेप्टी ट्याङ्की निर्माणलाई अनिवार्य गरिनेछ ।
- नगरपालिकाको व्यवस्थित विकासको लागि आर्थिक, सामाजिक, शैक्षिक, भौतिक, ऐतिहासिक पर्यटकीय लगायतका क्षेत्रहरुलाई समेट्ने गरी एक नगर चक्रपथको सम्भाव्यता अध्ययन गरिनेछ ।

- सडकको दायाँबायाँ हरियाली प्रर्वद्धन गरी कर्जन्हा नगरपालिकालाई हरित नगरको रुपमा विकास गरिनेछ ।
- विकासको करिडोरको अवधारणा अवलम्बन गरिनेछ । जसमा बाटोघाटो, ढल, खानेपानी, बिजुलीको निर्माण गर्दा समन्वयात्मक तवरमा निर्माण गरिनेछ ।
- राष्ट्रिय भवन संहिता मापदण्ड बमोजिम भवन निमार्ण गर्ने गराउने र अभिलेखिकरण गर्ने नीति अवलम्वन गरिनेछ ।
- फोहर मैला प्रशोधनमा आधुनिक प्रविधिको प्रयोग गरिनेछ । फोहरबाट मोहर बनाउने नीति लिईनेछ । नगरपालिकाको फोहरको उचित प्रबन्ध गरी पूर्ण सफा कर्जन्हा नगर घोषणा गर्नेतर्फ अभियान अगाडि बढाइनेछ ।
- कर्जन्हा नगरपालिकाभित्र निजी क्षेत्रहरु तथा गैह्र सरकारी संस्थाहरुसँग सहकार्यमा आवश्यक कार्यविधि निर्माण गरी फोहर मैला प्रशोधन केन्द्रको निर्माणको सुरुवाती प्रक्रिया अगाडि बढाइनेछ ।
- प्राथमिकताको आधारमा वडा नं.१, २, ५, ६ र ९ वडा कार्यालयहरुको निर्माण कार्यलाई निरन्तरता दिनेछ ।
- नगर क्षेत्रभित्रका प्रमुख व्यपारी केन्द्रहरुमा आधारभूत शहरी पूर्वाधारको विकास गरिने छ । उक्त केन्द्रहरुमा ढल व्यवस्थापन तथा आधुनिक सार्वजानिक शौचालयहरु समेत निर्माण गरी संचालनमा ल्याईनेछ ।
- सरकारी विद्यालयमा आफ्नो बालबच्चा पठनपाठन गराईएका अभिभावकहरुलाई घर-नक्शा पासमा ३० प्रतिशत छुट गरिनेछ ।
- प्रत्येक महिनामा कम्तीमा १ पटक नगरपालिकाको नै पहलमा सरसफाई गर्ने कार्यक्रमलाई अभियानको रुपमा नै संचालन गरिनेछ । साथै सफाई टोल विकास समूह गठन गरी अनुदान दिईनेछ र उनीहरु मध्येबाट प्रत्येक वर्ष उत्कृष्ट हुनेलाई पुरस्कृत गरिनेछ ।
- नगर क्षेत्रभित्रका अव्यवस्थित विद्युत तारहरुलाई व्यवस्थित गरनेछ ।

- नगरभित्र रहेको फुसको छाना भएको अति विपन्न गरिब परिवारलाई उचित बासको लागि जस्ता पाता सहितको घर व्यवस्था गरिनेछ ।
- मुसहर र डोम परिवारको आवसको लागि संघ र प्रदेश सरकारसंग सहकार्य गरी जनता आवस कार्यक्रम संचालन गरिनेछ ।
- सडक मापदण्डको पुनरावलोकन गरी कार्यन्वयनमा ल्याइनेछ ।
- कृषि सडक निमार्ण कार्य आवश्यकता र औचित्यतको आधारमा निमार्ण गर्ने नीति अवलम्वन गरिनेछ ।

### ७.१.५ रणनीति

मुख्य सहर भित्रको बाटाको चौडाईको मापदण्ड निर्धारण गरी खानेपानी, ढल, विजुली लगायतका संरचना एकिकृत रुपमा निर्माण गर्नु । निजी घर, सार्वजनिक संस्था तथा अन्य भवन निर्माण मापदण्ड अनुसार बनाउन कडाई गर्नु । प्राकृतिक प्रकोप लगायतका विपत्तिको सामना गर्न सक्ने गरि आवाश क्षेत्र विकास गर्ने ।

### ७.१.६ परिणात्मक स्थिति

सहरी क्षेत्र भित्र विन्दु निर्धारण गरी त्यसको निश्चित क्षेत्र भित्र भवन, पार्क आदि निर्माण गरिएको हुनेछ । प्राकृतिक प्रकोप लगायतका विपत्तिको सामना गर्न सक्ने गरि आवाश क्षेत्रको विकास गरिनेछ ।

### ७.१.७ अपेक्षित उपलब्धि

उथ्थानशिल शहरको निर्माणतर्फ अग्रसर हुनेछ ।

## ७.२ सडक तथा यातायात व्यवस्था

### ७.२.१ पृष्ठभूमि

सडक तथा यातायातको उचित व्यवस्थाले शहरको अवस्था समेत झल्काउँछ । सडकको विकासले उत्पादनहरुको मूल्य अभिवृद्धि, स्वास्थ्य तथा शिक्षामा सहज पहुँच, राजगारी सिर्जना तथा समग्र

आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउँछ। कर्जन्हा नगरपालिका भित्र पक्की, ग्राभेल तथा कच्ची सडक सहित गरी १४४.५ किलोमिटर रहेको छ। जसमा जम्मा १० कि.मी. पक्की सडक रहेको छ भने करिब ४८ कि.मी ग्राभेल सडक र बाँकी कच्ची सडक रहेको छ।

### ७.२.२ समस्या र चुनौती

कृषि सडकहरु पर्याप्त निर्माण हुन नसक्नु, यस्ता सडकहरु बाह्रै महिनामा सञ्चलनमा आउन नसक्नु तथा चुरेक्षेत्रका सडकहरु पहिरोले अवरुद्ध हुनु मुख्य चुनौती भएको देखिन्छ।

### ७.२.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच**: सामाजिक, आर्थिक विकास र समृद्धिको आधार, दिगो सडक पूर्वाधार

**लक्ष्य**: गुणस्तरीय यातायात पूर्वाधारको विकास, विस्तार र व्यवस्थापन गरी सामाजिक आर्थिक अवसरहरुमा नागरिकहरुको पहुँच वृद्धि गर्ने।

उद्देश्यः

- आर्थिक तथा सामाजिक विकासमा सघाउ पुग्ने सबै स्थानमा दिगो सडक बाटो निर्माण गर्ने ।
- कृषि सडकहरु निर्माण गरी कृषि उपजहरुलाई सहजरुपमा बजारसम्म पुऱ्याउने व्यवस्था गर्ने।

### ७.२.४ स्थानीय सडक

- कर्जन्हा नगर चक्रपथ सडक निर्माण गरिनेछ।
- सम्पूर्ण नगरवासीहरुलाई सहज र सुलभ यातायात सेवा पुऱ्याउने नीति लिइनेछ। निर्माण व्यवासायीले ३ वर्ष सम्म सडक मर्मतको जिम्मा लिने व्यवसायिलाई मात्र पालिकाको निर्माणको जिम्मा दिइने नीति अवलम्वन गरिनेछ।
- हाल नेपाल सरकारले सुरु गरेको सडक बिस्तार कार्यक्रमलाई तिव्रता दिइनेछ।

- यस नगरपालिकाको वडाहरुमा नापी छुट भएका जग्गाहरुको पुनः नापी गर्न आवश्यक पहल गरिनेछ ।
- यस नगरपालिकाभित्रका सबै सडकको दुवैतिर सडक नाली र पेटी निर्माण गर्ने कार्यलाई अभियानको रुपमा सुरुवात गरिनेछ ।
- नयाँ सडक निर्माण कार्य गर्दा “विकास सँग-सँगै निकास” को नीतिलाई अवलम्बन गर्दै सडक नाला निर्माणलाई प्राथमिकतामा राखिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमको माध्यमद्वारा स्थानीय गरिब विपन्नलाई रोजगारीको सुनिश्चितता गर्न श्रम प्रधान योजना छनोट गरी बेरोजगारी समस्या सामाधानको लागि पहल गरिनेछ ।
- कृषि सडक निर्माणलाई प्राथमिकता दिइनेछ ।

### ७.२.५ रणनीति

आर्थिक कृयाकलापलाई बढावा दिने स्थानमा सडक बाटो निर्माण गरिनेछ । शिक्षा, स्वास्थ्य लगायतका सेवालाई प्रभावकारी बनाउन घना वस्ती भएको ठाउँमा व्यवस्थीत सडक निर्माण गरिनेछ । सहरी क्षेत्रमा सडक मापदण्डका आधारमा सडक निर्माण गरिनेछ । सबै वडाहरुबीच अन्तर यातायात सञ्जाल विकास गर्ने ।

### ७.२.६ परिणात्मक स्थिति

कर्जन्हा चक्रपथ सडक निर्माण भएको हुने । निश्चित मापदण्डका आधारमा सडक निर्माण भएको हुने । सवै वडाहरुमा यातायात संजाल पुगेको हुने र ती सडकहरु बाह्रै महिना यातायात आवगमन योग्य हुने । कृषि सडक निर्माण भएको हुने ।

### ७.२.७ अपेक्षित उपलब्धि

दिगो र भरपर्दो सडक तथा यातायात पूर्वाधार, नगरपालिकाको आर्थिक तथा सामाजिक विकासको आधार हुनेछ ।

तालिका ७.६: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| कार्यक्रम | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार शाखा |
|---|---|---|
| कर्जन्हा रिङ्गरोड निर्माण | पाँच वर्षमा कर्जन्हा रिङ्गरोड निर्माण भएको हुनेछ । | नपा |
| कृषि सडक निर्माण | कृषि उपजलाई कृषको घरसम्म तथा बजारसम्म सहजरुपमा पुऱ्याउन कृषि सडको निर्माण भएको हुनेछ । | नपा |
| पर्यटकीय गन्तव्य सडक निर्माण | नगरपालिका भित्र रहेका विभिन्न पर्यटकीय स्थलसम्म पुग्ने सडक निर्माण भएको हुनेछ । | नपा |

## ७.३ जलस्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा

### ७.३.१ पृष्ठभूमि

यस नगरपालिका क्षेत्रमा जलस्रोतको सम्भावना भएता पनि उल्लेख्य रुपमा उपभोग गर्न सकिएको छैन । वैकल्पिक उर्जाको प्रयोग बढाउन सकिरहेको छैन । हिउँदमा सिञ्चाईको लागि नहरको पानी उपलब्ध हुन नसक्ने अवस्था छ । भने कमला पैनीको पानीले सबै क्षेत्रलाई अपुग भएको स्थिति छ । पालिकाका अधिकांश घरघुरीले वत्तिको लागि विद्युतको प्रयोग गर्छन भने अझै कतिले मट्टितेल प्रयोग गर्ने पनि देखिएको छ ।

तालिका ७.७: कर्जन्हा नगरपालिकामा वडा अनुसार वत्तिको प्रयोग

| वाड | जम्मा | वत्तिको स्रोत | | | | |
|---|---|---|---|---|---|---|
| | | विद्युत | सोलार | मट्टितेल | बायो ग्यास | अन्य |
| १ | ६१० | ६०१ | २ | ६ | १ | ० |
| २ | १०७७ | १०६२ | ११ | २ | ० | २ |
| ३ | ९६५ | ९५९ | ३ | १ | ० | २ |
| ४ | ६८१ | ६६४ | १३ | ३ | ० | १ |
| ५ | ५५७ | ५५६ | ० | ० | ० | १ |
| ६ | ९४९ | ९०१ | ७ | ३१ | २ | ८ |
| ७ | ८८१ | ८६३ | ७ | ११ | ० | ० |
| ८ | ६२७ | ६२६ | ० | १ | ० | ० |
| ९ | ५३१ | ५३० | १ | ० | ० | ० |
| १० | ७५६ | ७५२ | ० | १ | ० | ३ |
| ११ | ६५५ | ६५१ | १ | २ | ० | १ |
| **जम्मा** | **८२८९** | **८१६५** | **४५** | **५८** | **३** | **१८** |

स्रोत: जनगणना २०७८

### ७.२.२ समस्या र चुनौती

नगरपालिकाको आर्थिक विकासका लागि जलस्रोतको वहुउपयोगलाई प्रवर्द्धन गर्नु आबस्यक छ । हिउँदमा कमला नदीमा पानी सीमित हुने हुँदा सिँचाई सुबिधा उपलब्ध गराउनु चुनौतिपूर्ण रहेको छ ।

### ७.३.३ लक्ष्य

पूर्ण विद्युतिकरण, जलस्रोतको वहुउपयोग । वैकल्पिक उर्जाको प्रवर्द्धन ।

### ७.३.४ रणनीति

विद्युत सेवा सबै उपभोक्तामा सर्वसुलभ रुपमा उपलब्ध गराउनु । गुणस्तरिय विद्युत सेवा उपलब्ध गराउनु । वैकल्पिक उर्जाको प्रयोग बढाउने ।

### ७.३.५ परिणात्मक स्थिति

जलस्रोतको पुर्ण उपयोग गरिने छ । सम्पुर्ण खेतीयोग्य जमीनमा बाह्रै महिना सिञ्चाई सुविधा उपलब्ध हुनेछ ।  दिगो विद्युतिकरण १०० प्रतिशत पुऱ्याईने छ ।

### ७.३.६ अपेक्षित उपलब्धि

जलस्रोतको उपयोग हुनेछ, नगरपालिकाका सम्पुर्ण खेतीयोग्य जमीनमा बाह्रै महिना सिञ्चाई उपलब्ध हुनेछ । पुर्ण विद्युतिकरण भएको हुनेछ ।

## ७.४ सूचना तथा सञ्चार

### ७.४.१ पृष्ठभूमि

सुचना तथा संचारका साधनहरु टेलिफोन, हुलाक, रेडियो, टेलिभिजन, पत्रपत्रिका, इमेल, इन्टरनेट आदि सञ्चार प्रणाली अन्तर्गत पर्दछन् । यी माध्यमहरुको सहायताले छिटो र भरपर्दो रुपमा सूचनाहरुको आदानप्रदान गरी कार्यादेशलाई कार्यान्वयन गर्न, नवीनतम ज्ञान, सीप प्राप्त गर्न सकिन्छ । तसर्थ यसले सूचनाको माध्यमबाट सामाजिक तथा आर्थिक विकासका विकासका लागि महत्वपूर्ण

भूमिका खेलेको हुन्छ । यस नगरलाई सूचना प्रविधिमैत्री बनाउने बनाउने कार्य भईराखेको भएता पनि प्रर्याप्त हुन सकेको छैन ।

### ७.४.२ समस्या र चुनौती

सूचना प्रविधिको कार्यको क्षेत्रमा बजेटको कमी, केन्द्र, प्रदेश र स्थानीय तहबीच सूचना आदान प्रदानमा एकद्वारा प्रणाली नहुनु । सूचना प्रविधिको क्षेत्रमा बजेटको कमी हुंदा भनेजति काम गर्न नसक्नु ।

### ७.४.३ लक्ष्य

नगरपालिका भित्र सूचना प्रविधिको विकास र विस्तार गर्ने । सूचना सञ्जालको विकास गर्नु । प्रविधि युक्त पालिका निर्माण गर्नु ।

### ७.४.४ रणनीति

पालिकाका गतिविधिहरु वेवसाइटमा प्रकाशन गर्ने । सूचनाहरुको सम्प्रेषण अनलाइन मार्फत गर्ने । पालिकाबाट हुने काम कारवाही सूचना प्रविधिको प्रयोग बाट गर्ने गरेको। त्यसको लागि राजस्व, योजना, अर्थ सफ्टवेयर मार्फत गर्ने गरेको । बाँकी रहेका कामहरुको लागि सफ्टवेयरको प्रयोग गराउदै लगिनेछ ।

### ७.४.५ परिणात्मक स्थिति

नगरपालिका क्षेत्रमा इन्टरनेटको पहुच १०० प्रतिशत पुऱ्याउने । स्मार्ट शहरका क्षेत्रहरुमा उल्लेख्य सुधार गर्ने । स्मार्ट गभर्नेन्स लागुगर्ने ।

### ७.४.६ अपेक्षित उपलब्धि

सूचना प्रविधियुक्त स्मार्ट शहरको निमार्णतर्फ अग्रसर हुनेछ ।

### ७.५ जोखिम पक्ष तथा अनुमान

आगामी तीन वर्षमा कार्यक्रम कार्यान्वयन गर्दा आर्थिक स्रोत, वित्तिय अनुशासन तथा अनुगमन र मुल्यांकनमा भरपर्दछ । यदि कार्यक्रमहरु योजनाबद्ध रुपमा संचालन गर्न नसकेमा निर्धारित लक्ष्य प्राप्त गर्न कठिन हुनेछ ।

## परिच्छेद आठ

# वन, वातावरण, विपद्व्यवस्थापन तथा अन्तर सम्बन्धित क्षेत्र

कर्जन्हा नगरपालिकामा सामुदायिक, साझेदारी, राष्ट्रिय र निजी गरी कुल १३ वटा वन क्षेत्र रहेका छन् । करिब ६०२.१ हेक्टर क्षेत्रफलमा फैलिएको यस वनबाट ३५०१ क्यू फिट काठ उत्पादन हुन्छ भने ९००० भारी दाउरा उत्पादन हुने गरेको पाइन्छ । वन क्षेत्र तथा वनको किसिम अनुसार संख्या र काठ दाउरी उपलब्धता सम्बन्धी वडागत विवरण  देहाय बमोजिम रहेको छ ।



**तालिका ८.१: वडा अनुसार वनको किसिम, नाम समेटेको घरधुरी र क्षेत्रफल र वन पैदावरको वार्षिक उत्पादन**

| वडा नं. | वनको किसिम | समेटेको घरधुरी | वनको नाम | क्षेत्रफल (हे.) | वन पैदावारको वार्षिक उत्पादन | |
|---|---|---|---|---|---|---|
| | | | | | काठ क्यु. फिट | दाउरा भारी |
| १ | सामुदायिक | ५१५ | चुरेसा वन उ.स. | २० | | ५०० |
| | सामुदायिक | ७०० | कमला स वन | ५.५ | २००० | ५०० |
| २ | सामुदायिक | ५०० | जोरदह तुरे स. वन | २५८ | | ५०० |
| | साझेदारी | ४०० | कमला स. वन | ५ | | |
| ४ | सामुदायिक | १००० | नमुना वन समुदाय बरहार | १६ | ५०० | २००० |
| | निजी | १००० | चुरे जन सामुदायिक वन झुल्के | ११२ | ५०० | २००० |
| | राष्ट्रिय ( सरकारी) | १००० | बस्तिपुर सामुदायिक वन बस्तिपुर | १६० | ५०० | २००० |
| ५ | सामुदायिक | २०० | भेडजा खोल सामुदायिक नसर्री | | १ | |
| ७ | सामुदायिक | | कमला सामुदायिक वन | ८ | | |
| १० | सामुदायिक | | शिव सामुदायिक वन | ४ | | |
| | | | मठ सामुदायिक वन | ४ | | |
| | | | नागाबाबा वन | १.६ | | |
| ११ | राष्ट्रिय ( सरकारी) | | चुरे सामुदायिक वन | ८ | | १५०० |
| **जम्मा** | | | | ६०२.१ | ३५०१ | ९००० |

*स्रोतः नगर वस्तुगत विवरण, कर्जन्हा*

कर्जन्हा नगरपालिकाको आवधिक योजनाले तय गरेको वन, वातावरण, विपद् व्यवस्थापन तथा अन्तर सम्बन्धित क्षेत्रसंग सम्बन्धीत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरुको आधारमा आर्थिक विषयगत क्षेत्रको मध्यमकालीन खर्च संरचना तयार पारिएको छ ।

## ८.१ वन तथा जैविक विविधता

### ८.१.१ पृष्ठभूमि

यस नगरपालिकामा पाइने प्रमुख प्रजातीहरुमा साल, सिसौं पर्दछन्। नगरपालिका अन्तर्गत पर्ने वन क्षेत्रहरु जुन  जैविक विविधताले महत्वपुर्ण मानिन्छ, उक्त क्षेत्रमा पाइने मुख्य जडिबुटीको व्यवसायिक प्रयोजनका हिसाबले प्रयोग भएको भने पाइदैन । बाढी पहिरो तथा नदी कटानबाट सम्भावित जोखिमको अबस्था छ ।

### ८.१.२ समस्या र चुनौती

यस नगरपालिका क्षेत्रमा विपद जोखिम तथा व्यवस्थापनका दृष्टिकोणमा जोखिमपूर्ण रहेको पाइन्छ। यहाँ जलजन्य प्रकोपका साथै मानवीय क्षति भएको देखिन्छ। नगरपालिका अन्तरगत विपदको किसिम अनुसार संवेदनशील स्थानमा बसोबासको अवस्था हेर्दा यहाँका बस्ती नदी कटान र बाढीको जोखिममा बसोबास गरेको देखिन्छ। विकास निर्माणमा प्रकृतीको संरक्षण प्रमुख चुनौती रहेको छ। त्यस्तै हिउँदमा शितलहरको जोखिम रहेको छ।

### ८.१.३ लक्ष्य

वन क्षेत्रको बृद्धि गर्ने। सामुदायिक वनहरुको विकास र प्रवर्द्धन गर्ने।

### ८.१.४ रणनीति

वन तथा जैविक विविधता नीति बनाई लागु गर्ने। संरक्षण र संम्बर्द्धनमा समुदायको परिचालन गर्ने।

### ८.१.५ परिणात्मक स्थिति

वन क्षेत्रको वृद्धि हुनेछ। सामुदायिक वनहरुको संरक्षण र सम्बर्धन मार्फत आय आर्जनमा बृद्धि हुनेछ।

### ८.१.६ अपेक्षित उपलब्धि

वन तथा जैविक विविधतायुत्त शहरको निर्माण तर्फ अग्रसर हुनेछ।

## ८.२ पोखरी, तालतलैया जलाधार तथा भूसंरक्षण

### ८.२.१ पृष्ठभूमि

पोखरी तालतलैया यस नगरपालिका महत्वपुर्ण सम्पती हुन्। पालिकामा डुवान, भूक्षय तथा बाढी पहिरोको जोखिम रहेको छ। जलाधारक्षेत्रहरुको संरक्षण हुन सकेको छैन। वातावरण सन्तुलन, बाढी

पहिरो संरक्षण, हरियालीको विकास गर्न आवश्यक छ । जलाधार क्षेत्रहरुको पहिचान गरि संरक्षण र सम्बर्धन गर्नु पर्ने छ ।

### ८.२.२ समस्या र चुनौती

नगरपालिकामा डुवान, भूक्षय अत्यन्त जोखिम रहेको छ । जलाधारक्षेत्रहरुको पहिचान र संरक्षण हुन सकेको छैन ।

### ८.२.३ लक्ष्य

विकास निर्माणमा प्रकृतिको विनास रोक्ने ।

### ८.२.४ पोखरी ताल, तलैया तथा जलाधार संरक्षण

- नगरपालिका भित्र रहेका सार्वजनिक/ सरकारी पोखरीहरु धार्मिक सांस्कृतिक सामाजिक महत्व भएको हुँदा पोखरी संरक्षण नीति ल्याइनेछ ।
- अवैध रुपमा रहेको कब्जा गरेर राखेको सरकारी पर्ति, रैकर, जग्गामा पोखरी निर्माण गर्ने आवश्यक नीति बनाइनेछ ।
- चुरेको फेदमा रहेका खालि जग्गामा वन्यजन्तु, पशुपन्छी मैत्री नयाँ माटो संरक्षण हुने स-साना पोखरी निमार्णको व्यवस्था मिलाइनेछ ।

### ८.२.५ रणनीति

नीति निर्माण गरि भूसंरक्षण तथा जलाधार व्यवस्थापनका क्षेत्रमा समुदाय परिचालन गरि कार्य गर्ने ।

### ८.२.६ परिणात्मक स्थिति

समुदायमा आधारित वन व्यवस्थापन लागु भएको हुनेछ । निजी तथा कृषि वन प्रवर्द्धन भएको हुनेछ ।

### ८.२.७ अपेक्षित उपलब्धि

तालतलैयाको संरक्षण भएको हुनेछ, भूक्षयिकरणमा कमि ल्याइने छ। जलाधार क्षेत्रहरुको पहिचान र संरक्षण भएको हुने छ।

## ८.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ८.३.१ पृष्ठभूमि

वातावरणको समुचित व्यवस्थापन विना मानव तथा अन्य जीव जन्तुको अस्तित्वमा समेत नकारात्मक असर पर्दछ। तसर्थ वन तथा वातावरणको उचित व्यवस्थापन विना मानिसको सामाजिक तथा आर्थिक विकास कठिन र अपुर्ण हुन जान्छ। वायु तथा जलीय प्रदुषण, ढल निकास र फोहरमैलाबाट उत्पन्न प्रदुषण लगायतका समस्याहरु यस नगरपालिकाको शहरी क्षेत्रमा परेको छ। चुरे क्षेत्रको वनविनाश तथा अवैध उत्खननले वातावरणीय चुनौती दिदिनै बढ्दै गएको छ।

### ८.३.२ समस्या र चुनौती

प्राकृतिक स्रोत मुख्य गरी चुरेक्षेत्रको अत्याधिक दोहन, नदी कटान, जंगल फडानी, भूक्षय, आदि यस क्षेत्रका प्रमूख वातावरणीय समस्या हुन्। यस नगरक्षेत्रमा ढल निकास र फोहरमैलाको उचित व्यवस्थापन नहुदा वातावरणमा प्रभाव परेको तथा वनजंगल विनाशका कारण वातावरीण समस्या बढ्दै गएको छ।

### ८.३.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोचः** स्वच्छ र स्वस्थ वातावरणमा बाच्न पाउने नागरिकको अधिकार, सम्पन्न र सुखी कर्जन्हा नगरको आधार

**लक्ष्यः** वातावरणमैत्री विकासमार्फत सफा, स्वच्छ र हरित सहरको निर्माण

**उद्देश्यः**

- वातावरणीय प्रदुषण उल्लेख्य मात्रामा कम गर्ने।
- दिगो विकास लक्ष्यले निर्धारण गरेका वातावरण संरक्षण सम्वन्धी लक्ष्य हासिल गर्ने

- जैविक विविधता संरक्षण गरी पर्यावरणीय सन्तुलन कायम गर्नु ।

## ८.३.४ वातावरण सम्बन्धी नीति

- सामुदायिक वनलाई उद्यमशिलताको रुपमा विकास गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र हरियाली प्रवर्द्धन गर्न र वातावरण संरक्षण गर्न फोहरमैला व्यवस्थापन, सडक किनारामा बिरुवा रोप्न साथै एक घर एक बिरुवालाई निरन्तरता दिईनेछ ।
- नगरपालिकाबाट संचालन हुने ठूला योजनाहरुबाट वातावरणमा पर्न सक्ने असरहरुलाई कम गर्न IEE/EIA अध्ययन गर्ने नीति अवलम्वन गरिनेछ ।
- वातावरण सरसफाई सम्बन्धी जनचेतनामूलक कार्यक्रम 3R CONCEPT बाट कम्पोष्ट मल तथा नकुहिने फोहर वयवस्थापन सम्बन्धी तालिम, गोष्ठी जस्ता जनचेतनामूलक कार्यक्रममा जोड दिने नीति लिईनेछ ।
- चुरे क्षेत्रको विनाश रोक्न र संरक्षण गर्न आवश्यक पहल गरिनेछ र चुरे क्षेत्र भित्रका देवालय, शिवालय जस्ता धार्मिक स्थलहरुको विकास गर्दै पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ ।
- यस नगरपालिकालाई प्लाष्टिक मुक्त क्षेत्र घोषण गर्दै प्लाष्टिकका विकल्पका सामाग्रीहरु उत्पादन र प्रयोगमा प्राथमिकता दिइनेछ ।
- सामुदायिक वनहरुलाई स्थानीयको आय-आर्जन बढाउन एग्रो फोरेष्ट नीतिलाई निरन्तरता दिइनेछ ।
- चुरेवाट उत्खन्न हुने ढुंगा बालुवा तथा नदीका बालुवा गिट्टीको अवैध दोहनलाई नियमन गर्न कडा कदम लिइनेछ ।
- वनक्षेत्र पहिचान गरेर कार्ययोजना निर्माण गरी सामुदायिक वन सरोकारवाला निकायसँगको समन्वयमा आवश्यक कार्य गरिनेछ ।
- युवा पिढीलाई आकर्षित गरी आधुनिक व्यवसायिक रुपमा जडीबुटी खेतीमा संग्लन गर्न पहल गरिने छ ।

- नगर सौन्दर्य बृद्धि र हरियाली प्रवर्द्धन गर्न सडक छेउछाउ रुख रोप्ने अभियानलाई निरन्तरता दिईनेछ ।
- जनचेतना अभिबृद्धि गरी प्लाष्टिक र प्लाष्टिक जन्यपदार्थ जथाभावी फाल्नेलाई कारवाही गर्ने नीति लिईएको छ ।
- शुद्ध खानेपानी आपूर्ति तथा आयआर्जन गर्न नगरपालिका एंव संघको लगानीमा संचालित खानेपानी आयोजना दर्ता प्रक्रिया को लागि नीति नियम बनाई शुद्ध खानेपानी प्रशोधनको लागि सम्भावित अध्ययन अगाडि बढाइनेछ । साथै खानेपानी तथा सरसफाई समितिलाई वैधानिकता दिन नीति तय गरिनेछ ।
- खानेपानीबाट कोही पनि बञ्चित नरहन गुणस्तरीय खानेपानी सम्भावित ठाँउहरुको अध्ययन अनुसन्धान गरिनेछ ।
- चुरे क्षेत्रमा खोलिएका उधोगधन्दाले वातारणमा परेको प्रभाव न्युनिकरण गर्न प्रदुषण कर लगाउने र त्यसबाट विकास निर्माणमा खर्च गर्ने व्यवस्था मिलाइनेछ ।

### ८.३.५ रणनीति

जनचेतना बृद्धिगर्ने । समुदाय परिचालन मार्फत फोहर व्यवस्थापन गर्ने ।

### ८.३.६ परिणात्मक स्थिति

शुन्य फोहरको अवधारणाको विकास हुनेछ । घरमै फोहरमैला व्यवस्थापन गर्ने परिपाटिको विकास हुनेछ । ढल निकास तथा सेप्टीट्याकी लाई घर नक्सा संग जोडेर व्यवहारमा ल्याईने छ ।

### ८.३.७ अपेक्षित उपलब्धि

प्रदुषण नियन्त्रण तथा फोहरमैला व्यवस्थापनका क्षेत्रमा उल्लेख्य सुधार हुने छ ।

## ८.४ विपद् व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ८.४.१ पृष्ठभूमि

यस नगरपालिकामा बाढी पहिरो, आगलागी, भूकम्प, चट्याङ, वन्यजन्तु आक्रमण प्रमुख समस्याको रुपमा रहेका छन् । यसबाट ग्रामीण जनताको जनजीवन मात्र नभई राष्ट्रकै आर्थिक तथा सामाजिक अवस्थामा प्रश्न चिन्ह खडा हुने गर्दछ । ग्रामीण भेगमा जथाभावी कृषि सडक खन्नु, बन फँडानी हुनु, आचारसंहिता विपरीत पूर्वाधार निर्माण हुनु, नदी खोला वरिपरिका जग्गाहरु मिचेर घर बनाउनु आदि यसका प्रमुख कारणहरु हुन् । यसको कारण नेपालको ग्रामीण भेगमा वर्षेनी अत्यधिक धनजनको क्षति हुने गरेको प्राप्त तथ्याङ्कले देखाएको छ ।

### ८.४.२ समस्या र चुनौती

वातावरणीय समस्याहरुमा जनसमुदायभित्र वातावरण प्रदुषण हुने खालको उद्योग खोल्नु, सडकमा यातायातको चाप बढ्नु, अत्यधिक मात्रामा वन फँडानी हुनु, घर घरमा शौचालयको निर्माण नहुनु आदि समस्याहरु रहेका छन् । गर्मी मौसममा हुने आगलागी तथा डढेलो पनि एक प्रमुख वातावरणीय समस्या रहेको छ ।

### ८.४.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोचः** विपद न्यूनीकरण र व्यवस्थापन गर्न विपदु उत्थानशील नगरको विकास ।

**लक्ष्यः** प्रकाृतिक तथा गैरप्राकृतिक विपदु एवम जोखिम न्यूनीकरण गर्दै विपदु उत्थानशील नगर र अर्थतन्त्र निर्माण

**उद्देश्यः**

- विपद्व्यस्थापन तथा जलवायु अनुकुलनका क्षेत्रमा सुधार ल्याउने ।
- जोखिम न्यूनीकरणका लागि विपदका सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्वचेतावनी प्रणालीको विकास गर्नु ।
- विपदपश्चातको पुनर्लाभ, पुनःस्थापना र पुनर्निमाण कार्यलाई सवल र उत्थानशिल बनाउनु ।

### ६.४.४ विपद् व्यवस्थापन सम्बन्धी नीति

- नगर क्षेत्रभित्र हुने बाढी पहिरो, आगलागी, भूकम्प, चटयाङ्ग वन्यजन्तु आक्रमण, आदि जस्ता प्राकृतिक विपतिमा तुरुन्त राहत कार्य कार्यान्वयनमा ल्याउन स्थानीय व्यवस्थापन केन्द्रलाई कृयाशिल बनाइनेछ । केन्द्रमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, नगर प्रहरी, नेपाल रेडक्रस सोसाईटीसँगको समन्वयमा विपद् व्यवस्थापन सम्बन्धी दीर्घकालीन योजना तयार गरी लागू गरिनेछ ।
- विपद् व्यस्थापनको समयमा आवश्यक पर्ने अस्थायी सेन्टरहरुको पहिचान गरी विपद्को समयमा शिघ्र संचालनमा ल्याईने व्यवस्था मिलाईनेछ । विपद् व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय संघ-संस्था तथा निजी क्षेत्रको सहयोगको समन्वय र सहकार्य गर्न पहल गरिनेछ ।
- विपद्को समयमा उद्धार तथा राहत कार्यलाई प्रवाहकारी वनाउन प्रत्येक वडाहरुमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, यूवा क्लब, रेडक्रस, स्काउट, क्याम्पस, विद्यालय तथा सामाजिक अभियन्ताहरु समेतको संग्लनतामा शिघ्र उद्धार स्वयंमसेवकको गठन गरिनेछ ।
- नगर क्षेत्रभित्र घट्न सक्ने आगलागीका घट्नाहरुबाट हुने क्षति न्यूनिकरण गर्न एक वारुणयन्त्र खरिद कार्यलाई अगाडि बढाईनेछ । साथै वारुणयन्त्रको सवारी चालक तथा दक्ष जनशक्तिहरु २४ सैं घण्टा तयारी अवस्थामा रहने व्यवस्था मिलाइनेछ ।
- सम्भावित आगलागीका घटनाहरुलाई समयमै नियन्त्रण गर्न प्रत्येक व्यापारी, सरकारी तथा निजी घरहरुमा समेत अग्नि नियन्त्रक यन्त्र राख्न अपिल गरिनेछ ।
- रेडक्रस एंव विपद् व्यवस्थापनसँग सम्बन्धी संस्थाहरुसँग समन्वय गरी ३० जना तालिम प्राप्त उद्धार टोली तयार गर्ने निति लिईएकोछ ।
- युवाहरुलाई विपद् व्यवस्थापन गर्ने खालका तालिमहरु संचालन गरिनेछ ।
- वर्षायाम पूर्व स्थानीय नदीहरुको बहाव वस्तीतर्फ प्रवेश गर्ने सम्भावनाको निरीक्षण गर्ने र समयमा नदी नियन्त्रण तटबन्धको व्यवस्था मिलाउने छु ।

### ८.४.५ रणनीति

वृक्षारोपण स्थान तोक्ने, डढेलो तथा आगलागी सम्बन्धि सचेतना बढाउने, वातावरण मैत्री सडक निर्माण गर्ने, रिचार्ज पोखरी निर्माण र संरक्षण गर्ने, जोखिम क्षेत्रको पूर्व तयारी गर्ने, वैज्ञानिक वन बनाई आर्थिक स्रोत आय वृद्धि गर्ने । भवन निर्माण मापदण्ड कडाईका साथ पालना गर्ने ।

### ८.४.६ परिणात्मक स्थिति

विपद् व्यवस्थापनमा पुर्व तयारी तथा तत्पर शहरको निर्माण भएको हुनेछ । जलवायु अनुकुलन नीति अनुसार कार्य गरिनेछ ।

### ८.४.७ अपेक्षित उपलब्धि

विपदका घटनामा कमि आएको हुनेछ । जलवायु परिवर्तन संग जुध्न सक्ने उत्थानशिल शहरको विकासक्रममा रहनेछ ।

**तालिका ८.२: कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण**

| कार्यक्रम | योजना अवधिको उपलब्धी | जिम्मेवार निकाय |
|---|---|---|
| नगरप्रमूखको अध्यक्षतामा नगर विपद व्यवस्थापन समिति गठन गर्ने | नगरप्रमूखको अध्यक्षतामा नगर विपद व्यवस्थापन समिति गठन भएको हुनेछ | नपा |
| क्षति न्यूनीकरणका लागि विपद् जोखिम व्यवस्थापन योजना निर्माण गर्ने | क्षति न्यूनीकरणका लागि विपद् जोखिम व्यवस्थापन योजना निर्माण भएको हुनेछ | नपा |
| नदी तथा खोलका किनारमा रहेका वस्ती तथा घरहरुको पहिचान | नदी तथा खोलका किनारमा रहेका वस्ती तथा घरहरुको पहिचान भएको हुनेछ | नपा |
| जोखिमयुक्त स्थानको अध्ययन तथा विकल्पको अनुसन्धान | जोखिमयुक्त स्थानको अध्ययन तथा विकल्पको अनुसन्धान भएको हुनेछ | नपा |
| आपतकालीन आश्रयस्थलको निर्माण | आपतकालीन आश्रयस्थलको निर्माण | नपा |

## ८.५ जोखिम पक्ष तथा अनुमान

आगामी तीन वर्षमा कार्यक्रम कार्यान्वयन गर्दा आर्थिक स्रोत, वित्तिय अनुशासन तथा अनुगमन र मुल्यांकनमा भरपर्दछ । यदि कार्यक्रमहरु योजनाबद्ध रुपमा संचालन गर्न नसकेमा निर्धारित लक्ष्य प्राप्त गर्न कठिन हुनेछ ।

परिच्छेद नौ

# संस्थागत विकास तथा सुशासन

सुशासन कायम गरी सेवा प्रवाहमा सरलता एवम् सहजता ल्याउनु स्थानीय सरकारको मूलभूत दायित्व हो। सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै नगरपालिकाबाट प्रवाह हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्न आवश्यक छ।

जनताको घरदैलोमा सहभागितामूलक गुणस्तरीय सेवा प्रवाहको सुनिश्चितता गर्नु, सार्वजनिक सेवामा कार्यरत राष्ट्रसेवकहरुमजवाफदेहिता र जनताप्रति सेवाभावको भावना जगाउनु चुनौतिपुर्ण रहेको छ। यस म्वन्धमा बढ्दो बेरुजु चुनौतीको रुपमा देखिएको छ। विगत तीन वर्षको पालिकाको बेरुजु रकम तालिका ७.१ मा प्रस्तुत गरिएको छ।

तालिका ९.१: तीन वर्षको पालिकाको बेरुजु रकम

| आर्थिक वर्ष | लेखापरीक्षण रकम | बेरुजु रकम | प्रतिशत |
|---|---|---|---|
| २०७६/७७ | ७९३३२५ | ४४१४८ | ५.६ |
| २०७७/७८ | ७०१७७२ | ७५४२० | १०.७ |
| २०७८/७९ | १२०८६१६ | ८५४६३ | ७.१ |

*स्रोतः सम्वन्धित वर्षका महालेखा परीक्षको प्रतिवेदन*

तालिका ९.२: सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रमा विनियोजित बजेट तथा बजेट प्रक्षेपण (रकम रु. हजारमा)

| आर्थिक वर्ष | बजेट (रु. हजारमा) |
|---|---|
| २०७८/७९ (विनियोजित बजेट) | १७६०० |
| २०७९/८० (विनियोजित बजेट) | १८७०० |

| आर्थिक वर्ष | बजेट (रु. हजारमा) |
|---|---:|
| २०८०/८१ (बजेट प्रक्षेपण) | १९६३५ |
| २०८१/८२ (बजेट प्रक्षेपण) | २०६१७ |
| २०८२/८३ (बजेट प्रक्षेपण) | २१४४१ |
| २०८३/८४ (बजेट प्रक्षेपण) | २२२९९ |
| २०८४/८५ (बजेट प्रक्षेपण) | २३१९१ |
| पञ्चवर्षीय कुल | १०७१८३ |

## ९.१ कानून, न्याय तथा सुशासन

### ९.१.१ पृष्ठभूमि

वर्तमान संविधान २०७२ को धारा २१७ ले दिएको अधिकार बमोजिम स्थानीय सरकार संचालन ऐन २०७४ दफा ४७-१ र ४७-२ बमोजिम स्थानीय सरकारले न्यायीक निरोपण गर्न सक्ने व्यवस्था गरिएको छ। यो नेपालको सन्दर्भमा स्थानीय सरकारको लागि नयाँ किसिमको कार्य जिम्मेवारी हो। नगरपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवालाई दक्ष, पारदर्शी, प्रभावकारी, स्थानीय जनता प्रति उत्तरदायी बनाउन आवस्यक छ जसले सुशासनको प्रत्याभुती गराउनेछ।

### ९.१.२ समस्या र चुनौती

संविधान अनुसारका स्थानीय सरकारका हक अधिकारको सुची अनुसारका अवश्यक सबै कानुन बनाउन सकिएको छैन। स्थानीय तहमा ज्ञान तथा अनुभवको कमी भएको हुँदा न्याय प्रति विश्वास दिलाउनु चुनौतिपूर्ण छ।

### ९.१.३ लक्ष्य

न्यायमा स्थानीय जनताको सुलभ पहुंच पुऱ्याउने। नगरवासीलाई सुशासनको प्रत्याभूती गराउने।

### ९.१.४ संस्थागत विकास, सेवा प्रवाह र सुशासन सम्बन्धी नीति

- कानूनी शासन र सुशासनको प्रत्यक्ष प्रत्याभूति गर्नको लागि आवश्यक पर्ने कानूनहरु द्रुत तवरबाट निर्माण गरी कार्यन्वयनमा ल्याईनेछ।

- नवप्रवर्तन र सृजनशील कार्य गर्न सबै तहका राष्ट्रसेवकहरुलाई उत्प्रेरित गर्न कार्यमूल्याङ्कनको आधारमा प्रोत्साहन र नसिहतको व्यवस्था गरिनेछ ।
- नगरपालिका अर्न्तगतका वडा कार्यालयहरु, विद्यालयहरु, स्वास्थ्य चौकीहरु लगायत सबै कार्यालयहरुमा अनिवार्य रुपमा विद्युतीय हाजिरी तथा सि.सि.टिभि. जडान गरी विद्युतीय शासनको अभ्यास गरिनेछ ।
- सामाजिक परिक्षण सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमहरुमार्फत् नागरिकहरुको यस नगरपालिकाबाट हुने सेवा प्रवाह प्रतिको धारणा बुझ्ने र सेवा प्रवाहलाई परिष्कृत गर्ने व्यवस्था मिलाईनेछ ।
- प्रविधिको प्रयोग तथा सूचनामा पहुँच अभिवृद्धि गर्न नगरपालिकाको जनप्रतिनिधि, शिक्षक तथा कर्मचारीहरुलाई प्रविधिसँग सम्बन्धित तालिम तथा कार्यशाला सञ्चालन गरिनेछ ।
- नगरपालिकामा तिर्नु पर्ने करहरुलाई अनलाईन (डिजिटल वालेट) मार्फत् कर संकलन गर्ने नीति अवलम्बन गरिनेछ ।
- वडा कार्यालयहरुमा डिजिटल नागरिक वडापत्रको व्यवस्था गरिनेछ । सेवा प्रवाहका हरेक क्षेत्रमा प्रविधिको विकास तथा विस्तार गरी इगभर्नेन्सलाई तिव्रता दिइनेछ । कम्प्यूटर प्रविधि तथा इन्टरनेटमा आधारित सेवालाई अझ प्रभावकारी बनाउने नीति लिइनेछ । सूचना-प्रवाह गर्न तथा नगरवासीसँग अर्न्तक्रिया गर्न हाम्रो कर्जन्हा नगर रेडियो तथा टेलिभिजन कार्यक्रम सञ्चालन गर्नुका साथै सामाजिक संजालको प्रयोग गरिनेछ ।
- नगरले प्रहाव गर्ने सबै प्रकारका सेवाहरुलाई विद्युतीय प्लेटफर्म प्रदान गर्ने गरी एकीकृत तथा अन्तर- आवद्ध प्रविधि तथा तथ्याङ्क भण्डार विकास गरिनेछ ।
- नगरपालिकाको आफ्नै सर्भरमा तथ्यांक राखी यसको संरक्षण गर्न उपयुक्त सर्भर खरिद गर्नुका साथै डाटा, एप्लिकेशन, सफ्टवेयर तथा साइवर सुरक्षाको प्रबन्ध मिलाइनेछ ।
- नगरलाई सुरक्षित र प्रविधियुक्त बनाउन स्थानीय प्रशासन तथा निजी क्षेत्रको सहकार्यमा नगरका मुख्य स्थानहरुमा सि.सि. क्यामेरा जडान गरिनेछ र यसको प्रक्रिया अगाडि बढाइने छ ।

- कर्जन्हा नगरपालिकाभित्रका वडा कार्यालयलाई जिल्लाकै नमूना वडा कार्यालयमा रुपान्तरित गर्ने कार्यक्रम सञ्चालनमा ल्याउन प्रोत्साहन गरिनेछ ।
- नगरपालिकाबाट प्रवाह हुने सेवालाई प्रभावकारी बनाउन नगरपालिकामा एउटा सुविधा सम्पन्न जनता सहायता कक्ष को स्थापना गरिनेछ ।
- न्यायिक समितिका सदस्यहरु, सल्लाहकारहरु, मेलमिलाप सहजकर्ताहरुलाई सेवा सम्पादन सम्बन्धी तालिम प्रदान गरिनेछ । न्यायिक समितिको कार्य सम्पादन स्तरलाई सुदृढीकरण गर्न विशेष पहल गरिनेछ । न्यायिक समितिका कामकारवाहीलाई प्रविधिमैत्री तथा पारदर्शी बनाउन अनलाइन मार्फत् व्यवस्थित गरिनेछ । न्यायिक समितिले कारबाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिलाई व्यवस्थित गर्न समसमायिक विधेयक बनाइनेछ ।
- नगरवासीसँग सरोकार राख्ने कार्यपालिका बैठकको निर्णय सार्वजनिक गर्ने नीति अवलम्वन गरिनेछ ।
- आफ्नो टोल आफै बनाउन भन्ने नीति अवलम्वन गर्न टोल बिकास संस्था कार्यविधि बनाई लागू गरिनेछ ।
- मानव संसाधन बिकास तयार गरी लागू गर्ने नीति अवलम्वन गर्नेछ ।
- बेरुजु फछ्यौट कडाईका साथ लागू गर्ने नीति बनाइनेछ ।
- मुद्दाको प्रकृतीको आधारमा छिटो छरितो निर्णय गर्ने र चौमासिक रुपमा प्रतिवेदन सार्वजिनक गर्ने नीति लिइनेछ ।

### ९.१.५ रणनीति

स्थानीय सरकारका हक अधिकारको सुची अनुसारका कानुन बनाउने, सार्वजनिक सेवालाई दक्ष, पारदर्शी, प्रभावकारी, स्थानीय जनता प्रति उत्तरदायी बनाउने । विवादलाई मेलमिलापबाट समाधान गरिने नीति लिइने ।

### ९.१.६ परिणात्मक स्थिति

सार्वजनिक सेवा दक्ष, पारदर्शी र प्रभावकारी भएको हुनेछ। न्यायीक समितिले मेलमिलापको नीति अंगिकार गरी न्यायमा स्थानीय जनताको सुलभ पहुँच पुऱ्याउने छ।

### ९.१.७ अपेक्षित उपलब्धि

कानुनी शासन, छिटो छरितो कम खर्चिलो, न्याय प्रणालीको विकास र सुशासन कायम भएको हुनेछ।

## ९.२ संगठनात्मक विकास तथा मानव संशाधन

### ९.२.१ पृष्ठभूमि

नगरपालिकाले संस्थागत संरचनाको अभावमा पर्याप्त दक्ष विशिष्टीकृत ज्ञान सिप क्षमता योग्यता भएको जनशक्तिको निर्माण हुन सकिरहेको छैन। क्षमता विकासका कार्यक्रमहरुको समेत कमि रहेको छ। नगरपालिकाले संगठनात्मक विकास संरचना बनाई क्षमता विकास योजना बनाउन आवस्यक देखिएको छ।

उत्पादनमूखी आत्मनिर्भर र समृद्ध नगरपालिका निर्माणको प्रमूख साधन मानव संसाधन नै हो। युवा जनशक्तिलाई प्रविधियुक्त शीप विकास गरी सक्षम बनाउनु जरुरी छ। नगरपालिका भित्र रोजगारीको अवसर सिर्जना गर्ने तथा स्वरोजगार हुन सक्ने वातावरण निर्माण गर्न आवश्यक देखिन्छ। यसका लागि विदेशबाट फर्केर आउने व्यक्तिको सीप र दक्षतालाई उपयोग गर्ने तथा छोटा, मध्यम र लामो अवधिका सीपमूलक तालिम सञ्चालन आवश्यक देखिन्छ।

### ९.२.२ समस्या र चुनौती

वढ्दो जनअपेक्षा अनुरुप चुस्त दुरुस्त रुपमा ICT board सेवा प्रवाह गर्ने काम चुनौतिपूर्ण छ भने विश्व बजारमा उपलब्ध विभिन्न प्रविधि सूचना प्रविधिको विकास र विस्तार गर्ने अवसर समेत हो। क्षमता विकासका कार्यक्रमहरुमा पर्याप्त बजेट नहुनु, सुचना प्रविधिमा जनशक्तिलाई अभ्यस्त बनाउन नसन्नु।

### ९.२.३ लक्ष्य

दक्ष प्रविधि र जनशक्ति, प्रभावकारी सेवा प्रवाहबाट नागरीक सन्तुष्टि ।

### ९.२.४ रणनीति

नगरपालिकाको सेवा प्रवाहलाई ICT board छरितो र चुस्त बनाई नागरिक सन्तुष्टी बढाउने । संगठनात्मक संरचना सर्वे गरि निर्धारण गर्ने । क्षमता विकास योजना बनाई कार्यान्वयन गर्ने । ICT based (service provide) सेवा प्रवाह गर्ने । विषयगत शाखाहरुको प्रभावकारी व्यवस्थापन गर्ने । सबै शाखाहरुको कार्य विभाजन गर्ने । सबै कर्मचारीमा सीप दक्षता अभिवृद्धि गर्ने ।

### ९.२.५ परिणात्मक स्थिति

संगठनात्मक संरचना बनेको हुनेछ । क्षमता विकास योजना बनाई कार्यान्वयन भएको हुनेछ ।

### ९.२.६ अपेक्षित उपलब्धि

दक्ष प्रविधि र जनशक्ति, प्रभावकारी सेवा प्रवाहबाट नागरिक सन्तुष्टिको सोच चरितार्थ हुनेछ ।

## ९.३ स्रोत परिचालन

### ९.३.१ पृष्ठभूमि

नगरपालिकाको आन्तरिक राजस्वको आकारले नगरपालिकाको क्षमता र नगरपालिका योजना छनौटमा कति स्वायत्त छ भन्ने कुरा देखाउँदछ । राजस्वको पर्याप्तता, लचकता, न्यायपूर्ण, स्वीकार्यता, संगतीपूर्ण, आर्थिक तथा प्रशासनीक संभाव्यता, राजनीतिक स्वीकार्यता यस नगरपालिकाको आन्तरिक राजस्व परिचालनका मुल नीति हुनेछ । कानूनमा उल्लेख गरिएको आधारमा लगाइने आन्तरिक राजस्वको दर निर्धारण गर्दा जनचाहना, छिमेकी र राष्ट्रिय दरको औषतलाई आधार बनाइनेछ । कानून अनुसार आन्तरिक राजस्वको आधार बढाउन जनसहभागीतालाई जोड दिइनेछ ।

### ९.३.२ समस्या र चुनौती

कर मैत्री राजस्व सुधार योजना नहुनु , कर करदाता शिक्षा सञ्चालन नहुनु, कर छल्ने प्रवृति विकास, करदातालाई कर सहभागिता प्रक्रियामा संलग्न गराउन कठिन ।

### ९.३.३ लक्ष्य

विगतमा संकलन भएको राजस्वमा वृद्धि गर्ने । नगरपालिकालाई आत्मनिर्भर बनाउने

### ९.३.४ रणनीति

- नगरबासीहरु करको दायराबाट कोही नछुटुन, कोही नदोहोरिउन भन्ने मान्यताका आधारमा आन्तरिक राजस्व परिचालनलाई प्रभावकारी बनाउन राजस्वका आधारहरु बढाउन अधिकतम पहल गरिनेछ ।
- आन्तरिक राजस्व परिचालनलाई प्रभावकारी बनाउन राजस्वका दरहरुलाई जनभावना अनुसार आबस्यक समायोजन गरिनेछ ।
- संघ र प्रदेशबाट प्राप्त हुने अनुदान रकम बढी भन्दा बढी लिनका लागि अनुदानका मापदण्ड पूरा गर्न अधिकतम पहल गरिनेछ ।
- नगरपलिका भित्र आर्थिक कृयाकलाप बढाउन सहयोग पुग्ने प्राथमिकता प्राप्त आयोजना कार्यान्वयन गर्न आबश्यक पर्ने स्रोतको खोजी गरिने छ ।

### ९.३.५ परिणात्मक स्थिति

विगतमा संकलन भएको राजस्वमा उल्लेख्य वृद्धि भएको हुनेछ । स्रोतहरुको खोजी र स्रोतको कुशल परिचालन गरिएको हुनेछ ।

### ९.३.६ अपेक्षित उपलब्धि

प्रशासनिक खर्च आन्तरिक स्रोतवाट प्रर्याप्त भई पुँजीगतमा समेत योगदान दिनेछ ।

## ९.४ तथ्यांक प्रणाली र योजना व्यवस्थापन

### ९.४.१ पृष्ठभूमि

योजना तर्जुमालाई प्रभावकारी बनाउनका लागि तथ्यांक संकलन प्रशोधन र विश्लेषण गर्न संस्थागत संरचनाको आवश्यकता पर्दछ । समय सापेक्ष तथ्यांक नीति, पर्याप्त जनशक्ति, ज्ञान, प्रविधि, स्रोत साधन, संरचना, पर्याप्त अध्ययनको अभावका कारणले तथ्यांक अध्यावधिक हुन सकेको छैन । आवधिक

योजनामा समावेश गरिएका आयोजनाहरुलाई संस्थागत रुपमा अद्यावधिक गरी कार्यान्वयनको लागि आबस्यक व्यवस्था मिलाइनु पर्दछ। योजनाहरुको कार्यान्वयन स्थिति, नगरपालिकाबाट हुने सेवा प्रवाह सम्बन्धमा पनि सर्वसाधरणले थाहापाउने गरी सूचना प्रवाह गर्न प्रभावकारी सूचना प्रविधि हुन आबश्यक छ । नगरपालिकाले कानून अनुसार काम गर्न प्रशासन व्यवस्थालाई सूचना प्रविधि मैत्री बनाउनु पर्ने हुन्छ ।

### ९.४.२ समस्या र चुनौती

- तथ्यांक नीति, पर्याप्त जनशक्ति, ज्ञान, प्रविधि, स्रोत साधन, संरचना, पर्याप्त अध्ययनको अभावका कारणले तथ्यांक अध्यावधिक हुन नसक्नु।
- आवधिक योजनामा समावेश गरिएका आयोजनाहरुलाई संस्थागत रुपमा अद्यावधिक गरी कार्यान्वयनको लागि आबस्यक व्यवस्था मिल्न नसक्नु ।

### ९.४.३ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोचः** प्रमाण र तथ्यमा आधारित नीति तथा योजना तर्जुमाको लागि गुणस्तरीय तथ्यांक

**लक्ष्यः** नीति निर्मातालाई निर्णय गर्न चाहिने विश्वसनीय तथ्यांकहरु उपलब्ध गराउने ।

उद्देश्यः

- नगरपालिकामा तथ्यांक प्रणालीको विकास गर्नु ।
- विश्वसनीय, सही र समयमै तथ्यांक उपलब्ध गराउनु ।

### ९.४.४ रणनीति

दिगो विकासका लागि नगरपालिकामा तथ्यांक प्रणालीको विकास गर्ने । तथ्यांक संकलन, प्रशोधन र विरण प्रणालीको आधुनिकीकरण गर्ने । सुचना प्रविधिको व्यापक प्रयोगबाट तथ्याङ्क व्यवस्थापन तथा क्रमिक अध्यावधिक गर्ने ।

### ९.४.५ परिमाणात्मक स्थिति

विविध विषयका तथ्यांक अध्यावधिक हुनेछ र नीति निर्माण तथा योजना तर्जुमाको लागि आवश्यक परेको बखत प्रयोग गर्न सकिने छ। नगर सुचना केन्द्र तथा स्रोत केन्द्रको व्यवस्था हुनेछ।

### ९.४.६ अपेक्षित उपलब्धि

नीति निर्माण तथा योजना तर्जुमाको लागि आवश्यक तथ्यांक अध्यवधिक हुनेछ। .

प्रमूख कार्यक्रम

| कार्यक्रम | योजना अवधिको लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|
| तथ्यांक संकलन, प्रशोधन र व्यवस्थापन सम्वन्धी कार्ययोजना निर्माण | तथ्यांक संकलन, प्रशोधन र व्यवस्थापन सम्वन्धी कार्ययोजना तयार भएको हुनेछ। | नपा |
| तथ्यांक संकलन, प्रशोधन र व्यवस्थापनका लागि दक्षता अभिवृद्धि तालिम | तथ्यांक संकलन, प्रशोधन र व्यवस्थापनका लागि वार्षिकरुपमा तालिम सञ्चालन गर्ने | नपा |
| विषयगत शाखासँग सहकार्य गरी तथ्यांक संकलन | नगरपालिकाको अद्यावधिक तथ्यांक हुनेछ | सबै शाखा |

परिच्छेद दश

# योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन

कर्जन्हा नगरपालिकाको आवधिक योजनाले तय गरेको योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन सँग सम्बन्धीत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरुको आधारमा योजना कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनको मध्यमकालीन अनुगमन प्रणाली तयार पारिएको छ ।

प्रत्येक कार्यक्रमको अनुगमन गर्ने निकाय, अनुगमन विधि र अनुगमनको पटक आदि खुलाइएको अनुगमन तालिका तल दिइएको छ ।

## १०.१ आर्थिक विकास

**तालिका १०.१**

| क्र.सं | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि | अनुगमन पटक (वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| १ | व्यवसायिक बाली उत्पादन कार्यक्रम | नपा | १,३,४,५,६,७ | ४ पटक | नपा | कृविशा |
| २ | कृषि पूर्वाधार | नपा | ३,४ | ४ पटक | नपा | नपा |
| ३ | खाद्यान्न बिज वृद्धि कार्यक्रम | कृषि शाखा | ३,३,७ | २ पटक | कृषि शाखा | नपा |
| ४ | बजार व्यवस्थापन कार्यक्रम | कृषि शाखा | १, ३,७ | २ पटक | कृषि शाखा | नपा |
| ५ | फलफूल उत्पादन कार्यक्रम | कृषि शाखा | ३ | २ पटक | कृषि शाखा | नपा |
| ६ | पशुपंक्षी स्वास्थ्य तथा नश्ल सुधार कार्यक्रम | कृषि शाखा | १,३, ७ | २ पटक | कृषि शाखा | नपा |
| ७ | डेरी उद्योग कार्यक्रम | नपा | १,३,७ | २ पटक | नपा | नपा |

| क.सं | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि | अनुगमन पटक (वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| ८ | मासु उत्पादन कार्यक्रम | नपा | १,३,७ | २ पटक | नपा | नपा |
| ९ | समन्वयात्मक कृषि कार्यक्रम | नपा, कृषि शाखा | १,२,३ | २ पटक | नपा, कृषि शाखा | नपा, कृषि शाखा |
| १० | पर्यटन विकास कार्यक्रम | नपा | १,२ | २ पटक | नपा | नपा |
| ११ | सिंचाइ | नपा | १,३,६,७ | २ पटक | नपा | नपा |
| १२ | सहकारी | नपा | १,२,३,६ | २ पटक | सहकारी शाखा | सहकारी शाखा |

अनुगमन विधिहरु : १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण

## १०.२ सामाजिक क्षेत्र

### (क) शिक्षा तथा खेलकुद

### तालिका १०.२

| क.सं | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि | अनुगमन पटक (वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| १ | शिक्षक/शिक्षिका तालिम | नपा, शि.शा | १,३,५ | ३ पटक | नपा, शि.शा | शि.शाखा |
| २ | अनौपचारीक शिक्षा तथा चेतना कार्यक्रम | नपा, | २,३,५ | ३ पटक | नपा, शि.शा | शि.शाखा |
| ३ | खाजा कार्यक्रम नपा | नपा | ३,७,६ | ३ पटक | नपा, शि.शा | शि.शाखा |
| ४ | विद्यालय भौतिक पूर्वाधार निर्माण | नपा | १,३,४,५ | २ पटक | नपा, शि.शा | शि.शाखा |
| ५ | विद्यालय आइसिटि पूर्वाधार निर्माण | नपा, शि.शा | १,३,४,५ | २ पटक | नपा, शि.शा | शि.शाखा |
| ६ | इसिडि कार्यक्रम | नपा, शि.शा | १,३,४,५ | २ पटक | नपा, शि.शा | शि.शाखा |
| ७ | छात्रवृत्ति वितरण | नपा | १, ३, ५ | २ पटक | नपा, शि.शा | शि.शाखा |
| ८ | शिक्षण सामग्री वितरण | नपा | २,५,६ | २ पटक | नपा, शि.शा | शि.शाखा |
| ९ | खेल संचालन | नपा | १, ३ | २ पटक | नपा, शि.शा | शि.शाखा |

अनुगमन विधिहरु : १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण

## (ख) स्वास्थ्य

### तालिका १०.३

| क.सं | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि | अनुगमन पटक (वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| १ | स्वास्थ्य भौतिक पूर्वाधार निर्माण | नपा | ३,७ | २ | नपा | नपा स्वास्थ्य शाख |
| २ | घरमा शून्य सुत्केरी | नपा, स्वास्थ्य शाखा | ३, ५, ६ | ३ | नपा | स्वास्थ्य शाख |
| ३ | शुन्य मातृ नवशिशु र बालबालिका अभियान | नपा | २,३, ५ | ३ | नपा | स्वास्थ्य शाख |
| ४ | प्रजनन्स्वास्थ्य कार्यक्रम | नपा, स्वास्थ्य शाखा | ३, ५, ६ | ३ | नपा | स्वास्थ्य शाख |
| ५ | पोषण विशेष कार्यक्रम | नपा | १,३,४,५ | ३ | नपा | स्वास्थ्य शाखा |
| ६ | किशोर किशोरी विशेष | नपा,शिक्षा/स्वास्थ्य | १,३,४,५ | ३ | नपा | स्वास्थ्य शाखा |
| ७ | पूर्ण सरसफाई युक्त नगरपालिका | नपा,शिक्षा/स्वास्थ्य | १,३,४,५ | ३ | नपा | स्वास्थ्य शाखा |
| ८ | खोप केन्द्र भवन | नपा,शिक्षा/स्वास्थ्य | २,५,६ | २ | नपा | स्वास्थ्य शाखा |
| ९ | औजार, औषधि उपकरणको व्यवस्थापन | नपा,शिक्षा/स्वास्थ्य | १,३,२ | २ | नपा | स्वास्थ्य शाखा |

अनुगमन विधिहरु : १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण

## (ग) खानेपानी तथा सरसफाई

### तालिका १०.४

| क.सं | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि | अनुगमन पटक (वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| १ | खानेपानी | नपा | ३,५,६ | ३ पटक | नपा | खापा शाखा |
| २ | स्वच्छ खानेपानी कार्यकम | नपा | २,३,५ | ३ पटक | नपा | खापा शाखा |
| ३ | फोहोरमैला व्यवस्थापन कार्यकम | नपा | ३,७ | ४ पटक | नपा | खापा शाखा |
| ४ | मासिक सरसफाई अभियान कार्यकम | नपा | ३,६ | १२ पटक | नपा | खापा शाखा |

अनुगमन विधिहरु : १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण

## १०.३ भौतिक पूर्वाधार

### तालिका १०.५:

| क.सं | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि | अनुगमन पटक (वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| १ | सडक निर्माण | नपा | ३,४,७ | ४ | नपा | नपा सडक शाखा |
| २ | सिञ्चाई | नपा | ३,४,७ | ४ | नपा | सिञ्चाई कार्यालय |
| ३ | भवन तथा शहरी विकास | नपा | ३,४,७ | ४ | नपा | भवन तथा शहरी विकास |
| ४ | उर्जा | नपा | ३,४,७ | ४ | नपा | नपा |
| ५ | वैकल्पिक ऊर्जा | नपा | ३,४,७ | ४ | नपा | नपा |
| ६ | सञ्चार | नपा | ३,४,७ | ४ | नपा | नपा |

अनुगमन विधिहरु : १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण

## १०.४ वन वातावरण तथा विपद् व्यवस्थापन

### तालिका १०.६:

| क.सं | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि | अनुगमन पटक ( वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| १ | बगर खेती | नपा | ३,४,७ | २ पटक | नपा | नपा |
| २ | सामुदायिक वनलाई उत्पादनसँग जोडि फलफुल खेती गर्ने | नपा | ३,४,७ | २ पटक | नपा | नपा |
| ३ | जैवीक विविधताको संरक्षण | नपा | ३,४,७ | २ पटक | नपा | नपा |
| ४ | जलाधार संरक्षण | जिसस, नपा | ३,४,७ | २ पटक | नपा | नपा |
| ५ | जलवायु परिवर्तन | जिसस, नपा | ३,४,७ | १ पटक | नपा | नपा |
| ६ | फोहर मैला व्यवस्थापन | नपा | ३, ४, ७ | ४ पटक | नपा | नपा |
| ७ | जल उत्पन्न प्रकोप | नपा | ३,४,७ | | | |
| ८ | विपद्व्यवस्थापन | नपा | ३,४,७ | ४ पटक | नपा | नपा |

अनुगमन विधिहरुः १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण

## १०.५ संस्थागत विकास तथा सुशासन

### तालिका १०.७

| क.सं | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि | अनुगमन पटक (वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| १ | मानव संसाधन विकास | नपा | ३, ४,७ | १ पटक | नपा | क्षमता विकास शाखा |
| २ | संस्थागत क्षमता विकास | नपा | ३, ४,७ | १ पटक | नपा | क्षमता विकास शाखा |
| ३ | सूचना प्रविधि | नपा | ३, ४,७ | १ पटक | नपा | सुचना प्रविधि शाखा |
| ४ | लेखांकन | नपा | ३, ४,७ | १ पटक | नपा, | आर्थिक प्रशासन, योजना शाखा |
| ५ | राजस्व | नपा | ३,४,७ | १ पटक | नपा | राजश्व शाखा |
| अनुगमन विधिहरु : १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण | | | | | | |

# कर्जन्हा नगरपालिका

सिराहा जिल्ला

मधेस प्रदेश, नेपाल

२०८०